# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## सङ्खुवासभा, २०८३




## जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति

सङ्खुवासभा, खाँदवारी

प्रमुख जिल्ला अधिकारी

## शब्दसंक्षेप

| | |
|---|---|
| उवासं | उद्योग वाणिज्य संघ |
| केविजोन्यूव्यकास | केन्द्रीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति |
| गापा | गाउँपालिका |
| गैसस | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| जमौविवि | जल तथा मौसम विज्ञान विभाग |
| खासडिका | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय |
| जिसस | जिल्ला समन्वय समिति |
| जिविव्यस | जिल्ला विपद् व्यवस्थापन समिति |
| जिप्राका | जिल्ल प्राविधिक कार्यालय |
| शिविसई | शिक्षा विकास तथा समन्वय इकाई |
| जिस्वाका | जिल्ला स्वास्थ्य कार्यालय |
| जिभूसंका | जिल्ला भू संरक्षण कार्यालय |
| नपा | नगरपालिका |
| नेपसंघ | नेपाल पत्रकार महासंघ |
| नेखासं | नेपाल खाद्य संस्थान |
| नेप्र | नेपाल प्रहरी |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| नेसे | नेपाली सेना |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| सप्रबल | सशस्त्र प्रहरी बल |
| स्थाविव्यस | स्थानीय विपद् व्यवस्थापन समिति |
| स्थासुनि | स्थानीय सुरक्षा निकाय |

## कार्यकारी सारांश

विपद्लाई बुझ्ने भाग्यवादी चिन्तनमा आउँदै गरेको परिवर्तनका कारण विपद् जोखिम न्यूनीकरण प्रक्रियाले देशमा संस्थागत विकासको बाटो फराकिलो बनाउँदै ल्याएको छ । तथापि, आपतकालीन मानवीय सहयोगलाई स्फूर्त, प्रभावकारी र प्रभावितको पहुँच सहज बनाउन धेरै कार्य गर्नु जरुरी छ । यस प्रयासमा देशको भूबनोट, गरिबी र जनचेतनाको कमी लगायतका आधारभूत कारणले अबरोध उत्पन्न गरिरहेको छ । पछिल्लो समयमा विश्वव्यापी रूपमा बढ्दै गएको विपद्को जोखिम कम नगरिएसम्म दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने देखिएकाले यसको व्यवस्थापनका लागि विभिन्न पक्षमा काम गर्नु आवश्यक रहेको छ । यस सन्दर्भमा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणको पद्दतिलाई दैनिक व्यवहारमा नै अवलम्बन गर्ने परम्पराको विकास गर्नु आजको प्रमुख आवश्यकता हो ।

सङ्खुवासभा विभिन्न प्रकारका विपद्हरुबाट प्रभावित जिल्ला हो । जिल्लामा हरेक वर्ष विपद्का कारण जनधनको उल्लेखनीय क्षति भइरहेको छ । त्यसैले विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि स्थानीय तहको संस्थागत संरचना र क्षमता विकास गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक छ । विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजना मध्ये आपत्कालीन समयमा मानवीय जीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका साथ कार्यविभाजन सहित तयार गरिएको **'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना'** जिल्लाको महत्वपूर्ण दस्तावेज हो ।

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका नीतिगत र कानुनी दस्तावेजलाई आधार मानेर स्थानीय तहको विपद् जोखिम व्यवस्थापनलाई सबल बनाउन पनि यस योजनाको भूमिका महत्वपूर्ण हुनेछ । खासगरी गृह मन्त्रालयबाट जारी भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (प्रथम संसोधन २०७६) र जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ बमोजिम तयार गरिएको यस योजनाले भूकम्पलाई प्राथमिकतामा राखी आगलागी, पहिरो, महामारी, सुख्खाखडेरी र बाढीको समयमा जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रले स्थानीय तहसँगको सहकार्य र प्रादेशिक र सङ्घीय सरकारको सहयोगमा गर्ने आपतकालीन कार्य र शीघ्र पुनर्लाभका क्रियाकलापहरु पहिचान गरेको छ । यस योजनामा विपद् जोखिम न्यूनीकरणका लागि प्रमुख क्रियाकलापहरू, कार्यान्वयन गर्ने मुख्य संस्था, सहायक संस्थाको पहिचान गर्ने प्रयास गरिएको छ । विपद् हुनुअघि र विपद्को समयमा गरिने कार्यका लागि समयावधि र बजेट प्रक्षेपण समेत गरिएको छ ।

योजनाले जिल्लामा कार्यरत संस्थाहरूको क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखेको छ भने स्थानीय तहको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमाका लागि आधारसमेत तयार गर्ने प्रयास गरेको छ । खासगरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले विभिन्न ८ वटा विषयगत क्षेत्र (Cluster) पहिचान गरेको छ । यसमा मूलभूत रूपले क्षेत्रगत अवधारणालाई आत्मसात् गर्दै जिल्ला विपद् व्यवस्थापन समितिले नियमित रूपमा गर्नु पर्ने पूर्वतयारी र आपतकालीन काम तथा त्यसको लागि गरिने पूर्वतयारीलाई प्राथमिकतामा राखेको छ ।

प्र. प्रमुख जिल्ला अधिकारी

## १. विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजनाको उद्देश्य

विपद्को समयमा मानवीय जीवनको रक्षा र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानव माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय साधन तथा स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रवर्द्धन गर्न सहयोग गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

### योजना तर्जुमा विधि

सङ्खुवासभा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी र पुनरावलोकनको क्रममा निम्न प्रक्रिया र विधि अपनाइएको छ :




### सङ्कटासन्नता स्तरीकरण

जिल्लामा हुने मनसुनी प्रकोपका घटनामध्ये बाढी तथा पहिरो र कुनै पनि समय जानसक्ने भूकम्पको जोखिमको विश्लेषण गरी मानवीय सहयोग वा प्रतिकार्यका दृष्टिले सङ्कटासन्नता स्तरीकरण गरिएको छ । जिल्लाको सहरीकरणको अवस्थाको लेखाजोखा गर्दा विपद्जन्य जोखिमको अवस्था निम्नअनुसार रहेको छ :

| क्रसं. | विपद्जन्य घटना | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|
| १ | भूकम्प | ५ नगरपालिका | ५ गाउँपालिका | |
| २ | पहिरो | १० वटै स्थानीय तह | | |
| ३ | बाढी | | चिचिला गापा, सभापोखरी गापा, खाँदबारी नपा, पाँचखपन नपा, चैनपुर नपा, धर्मदेवी नपा, भोटखोला गापा, मकालु गापा, शिलिचोङ गापा, मादी नपा | |

| | | | | |
|---|---|---|---|---|
| ४ | आगलागी | सभापोखरी गापा, धर्मदेवी नपा, चैनपुर नपा, खाँदबारी नपा, पाँचखपन नपा, | चिचिला गापा, मकालु गापा मादी नपा, शिलिचोङ गापा भोटखोला गापा | |
| ५ | सुख्खा खडेरी | धर्मदेवी नपा, चैनपुर नपा पाँचखपन नपा | खाँदबारी नपा, शिलिचोङ गापा मकालु गापा, चिचिला गापा | सभापोखरी गापा मादी नपा, भोटखोला गापा |

आपत्कालीन समयमा खोज तथा उद्धार, राहत व्यवस्थापन वा मानवीय सहयोगको परिचालनको लागि उल्लिखित ५ वटा विपद्‌जन्य घटनाबाट हुने क्षतिको अनुमान गरिएको छ । यो अनुमान विपद्‌को अवस्था र भूगोल अनुसार फरक पर्ने सम्भावना रहे पनि न्यूनतम आँकलन गरिएको यो योजना कार्यान्वयन भएमा जनधनको क्षतिलाई धेरै हदसम्म न्यून गर्न सकिनेछ । यस योजनाको लागि भूकम्पको दृष्टिले ३००० परिवारका १६,५०० व्यक्ति; पहिरोको दृष्टिले २७० परिवारका १,६०० व्यक्ति, आगलागीको दृष्टिले २०० परिवारका १,१०० व्यक्ति र ५०० हेक्टर वन डढेलो, बाढीको दृष्टिले ३४० परिवारका २,००० र खडेरीको दृष्टिले ३००० परिवार प्रभावित रहने प्रक्षेपण गरिएको छ । (श्रोत : नगरपालिका तथा गाउँपालिकाबाट उपलब्ध गराइएको तथ्याङ्क अनुसार)

## विषयगत क्षेत्रको पहिचान

यस योजनाले विषयगत क्षेत्रको अवधारणा अनुरूप कार्यविभाजन गरी भूकम्प, पहिरो, आगलागी, बाढी, महामारी र खडेरीजन्य विपद्‌को सामना गर्ने तथा विपद् प्रतिकार्य गर्ने आधारभूत ढाँचा तयार गरेको छ । यस योजनामा विषयगत क्षेत्रको कार्यविभाजनको लागि ८ (आठ) वटा विषयगत क्षेत्र (Cluster) निर्धारण गरी सोअनुरूप कार्यविभाजन गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समितिले विभिन्न सरोकारवाला उपस्थित रहेको सहभागितामूलक कार्यशाला मार्फत् क्षेत्रको नेतृत्व गर्ने निकायको निर्धारण गरेको छ ।

## रणनीतिक योजना

जिल्लामा हुने विभिन्न विपद्‌को अवस्थालाई दृष्टिगत गर्दै जिल्ला विपद् व्यवस्थापन समितिले वर्षभरी के कस्ता मूलभूत पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य गर्नु आवश्यक पर्छ भन्ने विषयमा छलफल गरी विपद् पूर्वतयारी र क्षमता अभिवृद्धिको योजना तयार गरिएको छ ।

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

योजनामा विपद्‌को समयमा तत्काल गर्नु पर्ने कामको क्षेत्रगत कार्ययोजना तर्जुमा गरिएको छ, जसमा क्षेत्रका प्रमुखको जिम्मेवारीमा समयसीमा समेत निर्धारण गरी कार्यविभाजन गरिएको छ । आपतकालीन कार्यका लागि निर्धारण गरिएका गतिविधि सञ्चालन गर्न आवश्यक पूर्वतयारी र बजेटको अनुमान समेत गरिएको छ ।

नि. प्रमुख जिल्ला अधिकारी

## परिच्छेद [illegible] पृष्ठभूमि

विपद्को सामना गर्ने क्षमताको विकास केन्द्रदेखि स्थानीय तहसम्मको आवश्यकता हो । राष्ट्रिय तहमा विपद्को सामना गर्ने क्षमताको विकासमा भएका प्रयासलाई स्थानीय तहसम्म विस्तार गर्नु र विकास प्रक्रियामा सबै सरोकारवालासँग सहकार्य गर्नु आजको आवश्यकता हो । यसै क्रममा जिल्ला विपद् व्यवस्थापन समिति सङ्खुवासभाले जिल्लास्थित सरोकारवालासँग बृहत् अन्तर्क्रिया गरी विपद्को सामना गर्ने संस्कारको विकास स्वरूप भूकम्प, पहिरो, आगलागी, बाढी, महामारी, सुख्खा खडेरीको सन्दर्भलाई लिएर यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ ।

सङ्खुवासभा जिल्ला विपद्बाट उत्पन्न हुन सक्ने असहज अवस्थामा प्रभावितको खोज तथा उद्धार गरी मानव जीवन र सम्पत्तिको संरक्षण गर्नु यस योजनाको प्रमुख उद्देश्य भएकोले यसको महत्वपूर्ण भूमिका रहन्छ । विपद्का विगतका अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना आवश्यक भएकोले जिल्ला विपद् व्यवस्थापन समिति सङ्खुवासभाले गृह मन्त्रालयबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदशन २०६७ बमोजिम यो योजना २०६७ सालमै तर्जुमा भएको प्रस्तुत योजनालाई २०७८ सालमा अद्यावधिक लागू गरेको छ ।

### १.१ जिल्लाको परिचय

#### १.१.१ भौगोलिक अवस्थिति

| | |
|---|---|
| पूर्व | तेह्रथुम र ताप्लेजुङ्ग जिल्ला |
| पश्चिम | सोलुखुम्बु र भोजपुर जिल्ला |
| उत्तर | चीनको स्वशासित क्षेत्र तिब्बत |
| दक्षिण | धनकुटा र भोजपुर जिल्ला |
| अक्षांश | २७º ०६' देखि २७º ५५' उत्तर अक्षांश |
| देशान्तर | ८६º ५७' देखी ८७º ४०' पूर्व देशान्तर |
| क्षेत्रफल | ३४६८.१७ वर्ग कि.मी |
| उचाई | समुद्र सतहबाट २६८ मिटरमा रहेको पिलुवा दोभान देखि ४५७ मिटरमा रहेको संसारको सबैभन्दा होचो अरुण उपत्यका हुँदै ८,४६३ मिटर उचाइमा रहेको विश्वको पाचौं अग्लो प्रसिद्ध मकालु हिमालसम्म । |

#### १.१.२ राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| प्रदेश | कोशी |
| जिल्ला सदरमुकाम | खाँदवारी |
| प्रतिनिधि सभा निर्वाचन क्षेत्र | १ |
| प्रदेश सभा निर्वाचन क्षेत्र | २ |
| स्थानीय तह | १० (नगरपालिका ५ र गाउँपालिका ५) |

**प्रशासनिक विभाजन**

| | | |
|---|---|---|
| १. खाँदबारी नगरपालिका | २. पाँचखपन नगरपालिका | ३. चैनपुर नागरपालिका |
| ४. मादी नगरपालिका | ५. धर्मदेवी नगरपालिका | ६. भोटखोला गाउँपालिका |
| ७. मकालु गाउँपालिका | ८. सिलिचोङ गाउँपालिका | ९. चिचिला गाउँपालिका |
| १०. सभापोखरी गाउँपालिका | | |

प्र. प्रमुख जिल्ला अधिकारी

### १.१.३ जलवायु

हावापानी : जलवायुको आधारमा यस जिल्लामा ५ प्रकारको हावापानी रहेकोछ । उष्ण २६८ देखि १२०० मि., उष्ण समशितोष्ण १२०० देखि २१०० मि., ठण्डा समशितोष्ण २१०० देखि ३६०० मि., लेकाली ३६०० देखि ५००० मि. र टुण्ड्रा ५००० मि.भन्दा माथि रहेको ।

वार्षिक औषत वर्षा : १८१२ मि.मि.

तापक्रम अधिकतम : ३६° से.

तापक्रम न्यूनतम : ०° से भन्दा कम

### १.१.४ जनसङ्ख्या विवरण

**जिल्लाको जनसांख्यीक विवरण**

| साल | घरधुरी | जम्मा जनसंख्या | पुरुष | | महिला | | औषत परिवार | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | | |
| २०७८ को जनगणना अनुसार | ३९,१७३ | १,५८,०४१ | ७९,५७९ | ५०.३५ | ७८,४६२ | ४९.६५ | ४.०३ | ४५ वर्ग कि.मी |

### १.१.५ भू-क्षेत्र र जमिनको वर्गीकरण

जिल्लाको भू-बनोट, हिमाल, पहाड, वेंशी र टारको रुपमा फैलिएको छ । यसमध्ये वेंशी र टार वा मैदानी फाँटहरू केही मात्रामा रहेका छन् । जिल्लाको भिरालोपन दक्षिणतिरको अधिकांश भागमा ३०° भन्दा कम रहेता पनि पूर्वी एवं उत्तरी भागमा ४०° भन्दा बढी भिरालोपना रहेको छ । समग्रमा जिल्लाको भूबनोट विविधतायुक्त र संवेदनशील मानिन्छ । *(स्रोत: दीर्घकालीन आवधिक कृषि विकास योजना २०५९ देखि २०७९, जिल्ला विकास समिति, सङ्खुवासभा २०६८)*

**भू-उपयोगको स्थिति**

| सि.नं. | कुल क्षेत्रफल | ३४६८.१७ वर्ग किलोमिटर |
|---|---|---|
| १ | खेतीयोग्य क्षेत्र | ५९०.२५ व.कि.मी (१७.०२ प्रतिशत) |
| २ | वन क्षेत्र | १२८०.२० व.कि.मी.(३६.९१ प्रतिशत) |
| ३ | सिंचाई सुविधा उपलब्ध भएको जमिन | पूर्ण सिंचित ५,३४२ हेक्टर र आंशिक ९,९२२ हेक्टर |
| ४ | असिंचित क्षेत्र | १५,३३६ हेक्टर |
| ५ | चरण क्षेत्र तथा झाडी | ४८१.५० व.कि.मी. (१३.८८ प्रतिशत) |
| ६ | हिम तथा जलक्षेत्र | २४.८२ व.कि.मी. (०.७१ प्रतिशत) |
| ७ | ढुङ्गा भीर-पाखा, बाँझो, पर्ती | ९६१.७५ व.कि.मी. (२७.७३) प्रतिशत |
| ८ | माटोको प्रकृति | अधिकांश जमिन चिम्ट्याइलो माटोबाट बनेको छ । अरुण तथा अन्य खोला नालाले बनाएका वेंशीहरूमा पाँगो, बलौटे दोमट र र लेकाली भागमा बलौटे प्रकारको माटो । |

प्रमुख जिल्ला अधिकारी

### १.१.६ वन जङ्गल

जिल्लाको १,२८,०२० (४०.३१ प्रतिशत) हेक्टर क्षेत्र वनले ढाकेको छ । यसमध्ये बुट्टयानले ४८,१५० हेक्टर (१५.२० प्रतिशत) र ५५.५१ प्रतिशत भू-भाग वन तथा झाडीले ओगटेको छ *(श्रोत: दीर्घकालीन आवधिक कृषि विकास योजना २०५९ देखि २०७९, जिल्ला विकास समिति सङ्खुवासभा)* ।

जिल्लामा उष्ण प्रदेशमा पाइने सालदेखि हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा र कोणधारी वन पाइन्छ । वनलाई मुख्य दुई भागमा वर्गीकरण गरिएको छ, जसमध्ये **हावापानीको आधारमा** १००० मि. सम्म उष्ण वनमा, मुख्य प्रजाति साल, खयर, सिमल, आदि पाइन्छ भने १००० देखि १७०० मि. उपोष्ण वनमा, चिलाउने, पात्ले, उत्तिस, आदि पाइन्छ । त्यसैगरी १७०० देखि २४०० मि. तल्लो समशितोष्ण वनमा चिलाउने, खसु, आदि पाइन्छ । २४०० देखि २८०० मि. उपल्लो समशितोष्ण वनमा लाली गुराँस, गोब्रे सल्ला आदि पाइन्छ । २८०० देखि ३८०० मि. लेकाली वनमा धुपी सल्ला, भोज, आदि पाइन्छ । भने ३८०० मि. भन्दा माथि टुण्ड्रा वनमा जुनीफर पाइन्छ । **प्रजातिको आधारमा** साल वन २,१९९.४० (२.८५ प्रतिशत), कटुस, चिलाउने मिस्रित वन ३४,४२०.६६ (४४.६१ प्रतिशत), कोणधारी वन ५,९५३.८७ (७.७१ प्रतिशत) र पतझड वन ३४,५९१.५९ (४४.८३ प्रतिशत) रहेको छ । अधिकांश वन क्षेत्रको भिरालोपना ४०$^{0}$ भन्दा बढी रहेकोले डढेलोको फैलावट अत्यधिक हुने गरेको छ । यस सम्बन्धी कुनै अध्ययन नभए पनि हालका दिनहरूमा साल तथा सल्लो भएको क्षेत्रमा सुख्खा मौसममा डढेलोको विपद् बढिरहेको छ । *(श्रोत: संखुवासभा जिल्लाको पंचवर्षिय वन व्यवस्थापन कार्ययोजना, आ.व. २०७६।०७७ देखि २०८०।०८१)*

### १.१.७ नदीनाला तथा जलभण्डार :

जिल्लाको प्राकृतिक सम्पदा मध्ये सबैभन्दा महत्वपूर्ण प्राकृतिक स्रोत जलस्रोत नै हो । उत्तरतर्फ अनवरत रुपले हिउँले ढाकिएका पर्वतहरू भएकोले बाह्रै महिना बगिरहने अरुण नदी यस जिल्लाको मध्य हुदैं बगेको छ । यहाँ बृहत् अरुण नदी प्रणाली समेत ठूला साना गरी १७ वटा नदी प्रणाली अर्न्तगत करिब १०० वटा खोलाहरू रहेका छन् । अरुण नदीको प्रमुख सहायक नदीको मानिने वरुण, सङ्खुवा, सभा, माया, पिलुवा, हेवा, आप्सुवा, पावाखोला, सिसुवा आदि जिल्लाका प्रमुख नदीहरू हुन् । प्रमुख तालहरूमा सभापोखरी, मत्स्यपोखरी, दूधपोखरी, पाँचपोखरी, गुफापोखरी, लामपोखरी, थामपोखरी, आदि पर्दछन् ।

नि. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

# परिच्छेद : २

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि र उद्देश्य

## २.१ योजनाको पृष्ठभूमि :

नेपाल भूकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टी, चट्याङ, असिना, शितलहर, वन्यजन्तु आतङ्कजस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ । प्रकोप सिर्जित विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायहरुको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आपत्कालमा गरिने प्रभावकारी मानवीय प्रतिकार्यमा संलग्न निकायहरूको पूर्वतयारीको स्तर र उनीहरुको क्षमता तथा सबै तहमा उपलब्ध स्रोत साधनले ठूलो प्रभाव पर्दछ । तसर्थ, प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने जीउधनको क्षतिलाई न्यून गर्नका लागि र विपद्को समयमा मानवको जीवन रक्षाकालागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण पक्ष हो । विपद्बाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धन सम्पत्ति र आधारभुत सेवा सुविधाहरूको हानी नोक्सानी कम गर्नका साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूबाट हुन सक्ने विपद्का घटनाबाट मानिसको जीउधन, विकास पूर्वाधार तथा सेवाहरूको क्षतिलाई कम गर्न विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यलाई मजबुत बनाउन जरुरी छ ।

पूर्वतयारीले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने र समुदायहरूलाई विपद् उत्थानशील गराउने कार्यमा मद्धत पुऱ्याउँदछ । यसका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सम्पूर्ण सरोकारवाला निकायहरूको जिम्मेवारीलाई प्रष्ट किटान गरी उनीहरूको पूर्वतयारी तथा प्रतिकार्य क्षमताका साथै स्रोत साधनको उपलब्धता सुनिश्चित गर्नु पर्दछ । यसै सन्दर्भमा गृह मन्त्रालयले तयार गरेको "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७" को आधारमा सङ्खुवासभा जिल्लामा विपद्बाट उत्पन्न हुनसक्ने असहज अवस्थामा प्रभावितको खोज तथा उद्धार गरी मानव जीवन र सम्पत्तिको संरक्षण गर्नु यस योजनाको प्रमुख उद्देश्य भएकोले यसको महत्वपूर्ण भूमिका रहन्छ । विपद्का विगतका अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना आवश्यक भएकोले जिल्ला विपद् व्यवस्थापन समिति सङ्खुवासभाले गृह मन्त्रालयबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ बमोजिम यो योजना २०६७ सालमै तर्जुमा भएको प्रस्तुत योजनालाई २०७१, २०७४, २०७६, २०७८, २०७९, २०८०,२०८१ र २०८२ सालमा पुनरावलोकन र अद्यावधिक गरिए बमोजिम मिति २०८३ साउनको जिल्ला विपद् व्यवस्थापन समितिको बृहत् बैठकको निर्णयबाट लागू गरेको छ ।

विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरूमध्ये विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विपद् जोखिम व्यवस्थापनको एक महत्वपूर्ण अंश हो । यसले विपद् पहिले पूर्वतयारी र विपद्को समयमा प्रभावकारी प्रतिकार्य गर्ने कार्यलाई प्राथमिकता दिन्छ । विपद् पूर्वतयारी कार्यले विपद् अघि गरिने पूर्वतयारी कार्यलाई प्राथमिकतामा राखेको हुन्छ र पूर्वतयारी यस योजनाको मुख्य कार्य अथवा मुटु हो । विना पूर्वतयारी प्रभावकारी प्रतिकार्य गर्न नसकिने हुनाले पूर्वतयारीलाई यस योजनाले विशेष महत्व दिने गर्दछ । विपद्बाट उत्पन्न असहज अवस्थामा प्रभावितको खोज तथा उद्धार कार्यलाई व्यवस्थित गर्दै मानवजीवनको रक्षा गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ ।

प्र. प्रमुख जिल्ला अधिकारी

## २.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

विपद्‌को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय साधन तथा स्रोतको अधिकतम् उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रवर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ। योजनाका निर्दिष्ट उद्देश्य निम्न बमोजिम छन् :

- विपद् प्रभावित व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउनु,
- विपद् प्रभावित मानिसलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउनु,
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्थानीय तहसंगको समन्वय र सहकार्यलाइ थप मजबुद बनाउने
- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै साधन-स्रोतको खोजी गरी नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सङ्घसंस्थासँग प्रभावकारी समन्वय गर्नु
- विकास प्रक्रियामा जोखिम न्यूनीकरण विधिलाई मूलप्रवाहीकरण गरी विपद्‌जन्य जोखिम कम गर्न र विपद्‌पछिको पुनर्लाभ प्रक्रियालाई अघि बढाउने आधार तयार गर्नु।

## २.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

विपद् जोखिम व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यमध्ये विपद् पहिले जोखिम न्यूनीकरणका आधारभूत कार्य, विपद् परे लगत्तै स्थिति सामान्य नभएसम्म गरिने प्रतिकार्यका लागि पूर्वतयारी र तत्कालीन पुनर्लाभका लागि कार्य गरिने भएकाले यस योजनाबाट विपद् प्रभावित मानिसको अधिकारको रक्षा, आपतकालीन जीविकोपार्जनमा सहयोगका साथै विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। यस योजनाका केही अपेक्षित नतिजा निम्नअनुसार हुने प्रक्षेपण गरिएको छ :

- विपद् पहिले गर्नु पर्ने आधारभूत (पूर्वतयारीकोकार्य सुनिश्चित हुनेछन्।
- विपद्‌को समयमा मानवीय सहयोग कार्यलाई प्रभावकारी र व्यवस्थित गर्न सकिनेछ।
- विपद्‌को पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवाला र समुदायबीच समन्वय र सहकार्यको अभिवृद्धि हुनेछ।
- प्रभावितलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत हुने अवसर प्राप्त हुनेछ।
- उद्धार र राहत जस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचमा अभिवृद्धि हुनेछ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भएर विपद्‌को सामना गर्न सबै एकजुट हुने वातावरण तयार हुनेछ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड भएकाले मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायक निकायमा जवाफदेहीता र उत्तरदायित्वको भावनाको विकास हुनेछ।

## २.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू मुख्यतया निम्न लिखित छन् :

- जिल्लाको समग्र वस्तु स्थिति विवरण,
- विपदबाट प्रभावित हुन सक्ने क्षेत्र एवं समुदायको संख्या र अवस्थिति,
- उपलब्ध क्षमता (विपद्‌सँग जुध्ने र प्रतिकार्यमा उपलब्ध हुन सक्ने),
- विपद् जोखिम विश्लेषण,
- पूर्व चेतावनी प्रणाली,

प्र. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

- खोज तथा उद्धार व्यवस्था,
- आश्रय घर (सेल्टर) वा क्याम्प व्यवस्थापन प्रणाली,
- राहत व्यवस्था र वितरण,
- खाद्य सामग्री र गैर खाद्य सामग्रीको भण्डार अवस्था,
- प्रतिकार्यमा संलग्न साझेदारहरुको भूमिका र जिम्मेवारीको निर्धारण,
- हरेक निकायमा विपद सम्पर्क व्यक्तिको पहिचान र विपदको समयमा नियमित सञ्चार सम्पर्कको व्यवस्था,
- मानवीय सहायताकर्मीले गर्ने सहयोग (के, कसले, कहिले, कहाँ, कसरी उपलब्ध गराउने हो सोको पहिचान) उपलब्ध गराइएको हुनेछ ।
- सरोकारवाला सरकारी तथा गैर सरकारी संघ/संस्थाको विपद् व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि हुने ।

## २.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया केवल "योजना तर्जुमा" गर्ने मात्र नभई यो भैरहेको योजनालाई नियमित रुपमा पुनरावलोकन तथा अद्यावधिक गर्ने र चेतना अभिवृद्धि गर्ने महत्वपूर्ण कार्य हो ।

सम्बन्धित तहमा कार्यरत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न निकायहरूसंगको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने मुख्य जिम्मेवारी सम्बन्धित विपद् व्यवस्थापन समितिको भए अनुरुप विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा तल प्रस्तुत गरिएको छ ।




**चित्र १ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा**

उपरोक्त मार्गदर्शनको खाकालाई अनुसरण गर्ने क्रममा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नका लागि पहिले नै रहेका विभिन्न विषयगत क्षेत्र (Cluster) को पहिचान गरी प्राप्त भएका सूचना, सुझाव र निर्णयहरु समेतको

प्र. प्रमुख जिल्ला अधिकारी

आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ लाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिक समेत गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ को मस्यौदा तयार गरिएको छ ।

### २.६ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमा :

यस योजनाका निम्नअनुसार सीमा रहेका छन् :

१. यस योजनाले विगतको अनुभवको आधारमा प्रकोप तथा विपद्का मुख्य स्रोतहरु - भूकम्प, पहिरो, बाढी, आगलागी, सुख्खाखडेरी जस्ता बिपद्का घटनाबाट प्रभावित घरधुरी एंवम् परिवार संख्याहरुबाट अनुमान गरिएको छ । यस आधारमा भूकम्प, बाढी, पहिरो, आगलागीबाट प्रभावित हुन सक्ने तथ्याङ्कलाई आधार मानी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ । पूर्वतयारी र प्रकोपको स्तर अनुसार वास्तविक क्षति नोक्सानीको आकार घटबढ हुन सक्नेछ ।

२. कार्ययोजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप क्षेत्रगत (Cluster)अवधारणाका आधारमा तर्जुमा गरिएको छ । जिल्ला स्थित मानवीय सहायतामा संलग्न निकाय तथा संस्थाहरुले आफ्नो नेतृत्वलाई प्रभावकारी नबनाएको खण्डमा क्षेत्रगत अवधारणाको कार्यान्वयन कमजोर हुन सक्नेछ ।

३. विपद् जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् स्थल, बन्दोवस्ती व्यवस्थापन र आपत्कालीन स्वास्थ्य सेवा योजना महत्वपूर्ण हुन्छ । अतः यस योजनामा उल्लेख भए अनुरुप विभिन्न विषयगत समितिका बैठकहरु बसी यस सम्बन्धमा थप गृहकार्य गरी स्पष्टता कायम गर्न सकिएमा मात्र यो योजना प्रभावकारी हुन सक्नेछ ।

४. विपद्को अवस्थामा योजना अनुरुप मानवीय सहयोग उपलब्ध गराउन जिल्ला बिपद् व्यवस्थापन समितिसँग स्रोतको अभाव हुन सक्ने भएकोले योजना अनुरुप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार, प्रादेशिक सरकार र मानवीय सहायतामा संलग्न संघसंस्थाहरुको सहयोग लिनुपर्ने अवस्था छ ।

५. प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्न जिल्ला बिपद् व्यवस्थापन समितिलाई क्षेत्रगत रूपमा दक्ष जनशक्ति तयार गर्नुपर्नेछ ।

६. यस योजनामा समुदायस्तरमा गएर सूचना संकलन गरिएको छैन जसले कुन प्रकोपबाट कति घरधुरी प्रभावित हुन सक्छन् ? भनेर यकिन तथ्यांक लिन सकिएको छैन । विगतमा घटेका घटनामा प्रभावित जनसंख्यामध्ये शिविरमा आश्रीत हुनु परेको विवरण र आगामी दिनका लागि गरिएको प्रक्षेपणलाई आधार मानी प्रभावित हुन सक्ने घरधुरी र जनसंख्या लिइएको छ ।

७. यस योजना कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित सरकारी कार्यालय, स्थानीय तह, सुरक्षा निकाय, नीजि क्षेत्र, गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी क्षेत्र, संयुक्त राष्ट्र संघका निकायहरुले वार्षिक योजना बनाउंदा यसमा रहेका पक्षहरुलाई समेत समेटी योजनामा राख्ने र बजेट छुट्याउनुपर्ने हुन्छ ।

### २.७ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरु मध्ये प्रतिकार्य योजना विपद्का घटना घटे लगत्तै देखि स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को यो समय ज्यादै संवेदनशील भएको र यस समयमा गरिने मानवीय सहयोगका कार्यले क्षतिको नोक्सानी उल्लेख्य मात्रामा घटाउन सकिने भएकाले यस योजनाको निकै ठूलो महत्व रहेको हुन्छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र महत्वलाई निम्नानुसार उल्लेख गरिएको छ :

- मानवीय सहायता एवम् विपद् जोखिम व्यवस्थापनमा संलग्न निकाय एवं उपलब्ध स्रोत साधन पहिचान गराउँछ
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि अपुग स्रोत (खाडल) पहिचान गरी त्यसको पूर्तिको व्यवस्था गर्न आवश्यक वातावरण मिलाउँछ ।

नि. प्रमुख जिल्ला अधिकारी

- विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई विभिन्न विषयक्षेत्र अन्तर्गतका निकायहरुको भूमिका निर्धारण गरी विपद्का असरहरुको सामना गर्न एकीकृत प्रयासलाई सुनिश्चित गर्छ ।
- विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- प्रभावित्लाई आफ्नो अधिकार र दायित्वकोबारेमा सचेत गराउँछ ।
- उद्धार र राहत जस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गरी प्रभावित समुदायलाई प्रकोपको पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## २.८ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको लक्षित समूह

यस जिल्लाका लागि भूकम्प, हावाहुरी, पहिरो, बाढी, खडेरी आदि प्रकोपहरु पनि समस्याहरुको रुपमा बढ्दो क्रममा छन् । विभिन्न प्रकृतिका विपद्का घटनाहरुबाट यस जिल्लाले करोडौको क्षति भोगिसकेको छ । तसर्थ बिगतका बर्षहरुको प्रभाव तथा क्षतिलाई मध्यनजर एंवम् बिश्लेषण गर्दा यस बर्ष पनि धेरै घरपरिवार साथै जनसंख्या प्रभावित हुने निश्चित छ । विगतका आ.व.हरुमा बाढी, आगलागी, चट्याङ आदिबाट प्रभावित घरधुरी तथा जनसंख्याको आधार मानी विश्लेषण गर्दा आगामी आ.ब.मा समेत हजारौ जनसंख्या प्रभावित हुनसक्ने अनुमान गरिएको छ । यो प्रभावित घरधुरी तथा जनसंख्या अनुमान गर्दा हाल जिल्लामा रहेको तथा जम्मा हुनसक्ने स्रोत साधनलाई मध्यनजर गरी यो योजना तर्जुमा गरिएको छ ।

## २.९ पूर्वतयारीका लागि सामान्य मान्यताहरू पूर्वतयारी कार्य गर्दा सबै साझेदारहरूले अपनाउनु पर्ने सामान्य सिद्धान्तहरू देहाय बमोजिम हुने छन् :

- जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्वार नीति अनुरुप समग्र समन्वयको काम हुने छ । प्रमुख जिल्ला अधिकारी वा जिल्ला विपद् व्यवस्थापन समितिले समन्वयका लागि अन्य संघ/संस्थाहरूको सहयोग लिन सकिने छ ।
- विषयगत इकाईबाट समेत आवश्यक समन्वय गर्ने र समन्वय गर्दा मुख्य माग वा आधारभूत आवश्यकता पुरा गर्ने विषयलाई बढी ध्यान दिनु पर्नेछ ।
- विपद् पूर्वतयारी एवं उद्धार कार्यका लागि दक्ष जनशक्ति, आर्थिक, भौतिक सुविधा तथा स्थानीय सञ्जालमा आधारित गैरसरकारी संस्थाहरू भएकाले त्यस्ता संस्थाहरूलाई क्षमता अनुसार प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- पूर्व निर्धारित रुपमा समन्वय, सहयोग, साझेदारी, सहकार्य, निर्देशन र नियन्त्रणको कार्यमा एकरुपता कायम गरिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

# परिच्छेद : ३

# विपद् जोखिमको अवस्था

## ३.१. विगतका विपद्हरूको विश्लेषण

वि.सं. १९९० साल माघ २ गतेको महाभूकम्पको केन्द्रविन्दू यसै जिल्लाको चैनपुर नगरपालिका वडा नं. ६ को पौडेलगाउँ नजिकै वनकुवा भएको र यस भन्दा पछि पनि धेरै साना मझौला भूकम्पहरु यसै जिल्लामा केन्द्रविन्दु भएर गएका कारणले भूकम्पीय दृष्टिले यो जिल्ला निकै संवेदनशील रहेकोछ । जिल्लाको अधिकांश भाग हिमाली र पहाडि भिरालो धरातलीय स्वरुपमा रहेको छ । अरुण नदी, सभा खोला, बरुण, पिलुवा, हेवा, मायाँ, संखुवा लगायतका थुप्रै ठाडा खोलाहरु भएको, अधिकांस ठाउँहरु कमजोर धरातलीय अवस्थितिमा रहेका, भीर पहरा खोँच समेत भएको कारणले गर्दा जिल्ला मुख्य रुपमा पहिरोको जोखिममा रहेको छ भने कतिपय खोला किनारका वस्तीहरु बाढीको उच्च जोखिममा रहेका छन् । वनजङ्गल नजिकका वस्तीहरुमा बाँदर, मृग, दुम्सी, काला जस्ता जङ्गली जनावरको आतङ्कको बढी प्रकोपमा रहेका छन् भने प्रायः सबैजसो ठाउँहरुमा जङ्गली जनावरको प्रकोप देख्न सकिन्छ । केही स्थानमा गरिएको अध्ययनका आधारमा विगत १० वर्षयता ६० प्रतिशत देखि ८० प्रतिशत सम्म पानीका मुहान सुकेका छन् भने नसुकेका मुहानमा पनि पानीको वहावमा उल्लेख्य कमी आएको छ जसले गर्दा सुख्खाखडेरीको मारमा नागरिकहरु परिरहेका छन् । यस बाहेक हुरीवतास, असिना, महामारी, आगोलागी, भलबाढी, चट्याङ, जस्ता प्रकोपहरु देखा परेका छन् ।

### ३.१.१ प्रकोपको स्तरीकरण

सङ्खुवासभा जिल्लामा विशेषगरी भूकम्प सर्वाधिक क्षति पुऱ्याउने प्रकोपको रुपमा रहेको छ भने पहिरो, आगलागी, खडेरी, बाढी, चट्याङ, वन्यजन्तु आतङ्क, हावाहुरी आदी प्रकोपका घटना निरन्तर दोहोरिइरहेका हुन्छन् । यस जिल्लामा हुने प्रकोपका घटनाको स्तरीकरण निम्नअनुसार गरिएकोछ :

| प्रकोप | भूकम्प | पहिरो | आगलागी | बाढी | खडेरी | चट्याङ्ग | वन्यजन्तु | हावाहुरी |
|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| पहिरो | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| आगलागी | | | | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी |
| बाढी | | | | | बाढी | बाढी | बाढी | बाढी |
| खडेरी | | | | | | खडेरी | वन्यजन्तु | खडेरी |
| चट्याङ्ग | | | | | | | वन्यजन्तु | चट्याङ्ग |
| वन्यजन्तु | | | | | | | | वन्यजन्तु |
| हावाहुरी | | | | | | | | |
| अङ्कभार | ८ | ७ | ६ | ५ | ३ | २ | ४ | १ |
| स्तर | १ | २ | ३ | ४ | ६ | ७ | ५ | ८ |

उल्लेखित विश्लेषणअनुसार यस जिल्लामा हुने प्रकोपको स्तरीकरण निम्नअनुसार गरिएको छ :

१. भूकम्प, २. पहिरो ३. आगलागी ४. बाढी ५. वन्यजन्तु आतङ्क ६. खडेरी ७. चट्याङ्ग ८. हावाहुरी

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

### ३.१.२ स्थानीय तहको सङ्कटासन्नता स्तरीकरण

विगतमा गरिएको लेखाजोखा र स्थानीय तहबाट प्राप्त भएको सूचनाका आधारमा स्थानीय तहको सङ्कटासन्नताको स्तर देहायबमोजिम रहेको छ :

| क्रसं. | स्थानीय तह | भूकम्प | | | पहिरो | | | आगलागी | | | खडेरी | | | बाढी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उ | म | न्यू | उ | म | न्यू | उ | म | न्यू | उ | म | न्यू | उ | म | न्यू |
| १ | धर्मदेवी नगरपालिका | ■ | | | ■ | | | ■ | | | ■ | | | | ■ | |
| २ | मादी नगरपालिका | ■ | | | ■ | | | | ■ | | | | ■ | | ■ | |
| ३ | चैनपुर नगरपालिका | ■ | | | ■ | | | ■ | | | ■ | | | | ■ | |
| ४ | पाँचखपन नगरपालिका | ■ | | | ■ | | | ■ | | | ■ | | | | ■ | |
| ५ | खाँदबारी नगरपालिका | ■ | | | ■ | | | ■ | | | | ■ | | | ■ | |
| ६ | सभापोखरी गाउँपालिका | | ■ | | ■ | | | ■ | | | | | ■ | | ■ | |
| ७ | चिचिला गाउँपालिका | | ■ | | ■ | | | | ■ | | | ■ | | | ■ | |
| ८ | शिलिचोङ गाउँपालिका | | ■ | | ■ | | | | ■ | | | ■ | | | ■ | |
| ९ | मकालु गाउँपालिका | | ■ | | ■ | | | | ■ | | | ■ | | | ■ | |
| १० | भोटखोला गाउँपालिका | | ■ | | ■ | | | ■ | | | | | ■ | | ■ | |

सङ्केत

| | |
|---|---|
| उच्च संकटासन्नता | ■ |
| मध्यम संकटासन्नता | ■ |
| न्यून संकटासन्नता | ■ |

### ३.१.३ योजना तर्जुमासम्बन्धी लक्षित जनसङ्ख्याको पूर्वानुमान

जिल्लाको भौगोलिक अवस्थिति, विपद्को सामना गर्ने क्षमता तथा जनचेतनाको अभावका कारण जनधनको क्षति हुने गरेको छ । प्राकतिक कारणबाट हुने प्रकोपका घटनामा मानवीय क्रियाकलापले ती घटनाको आवृत्ति र क्षतिको मात्रामा निरन्तर वृद्धि भइरहेको छ । यस सन्दर्भमा जिल्ला विपद् व्यवस्थापन समितिले स्थानीय तहको सूचना सङ्कलन गरी तथ्याङ्क तथा सूचनाको विश्लेषणका आधारमा खासगरी भूकम्प, बाढी र पहिरोबाट प्रभावित हुने जनसङ्ख्याको पूर्वानुमान गरेको छ ।

### ३.१.४ संखुवासभा जिल्लाका प्रमुख खोला एंवम् नदीहरु साथै तिनले क्षति गर्ने मुख्य स्थानहरु

| खोला/नदीको नाम | विगतमा प्रभावित र आगामी समयमा प्रभावित हुन सक्ने क्षेत्रहरु |
|---|---|
| अरुण नदी | भोटखोला गाउँपालिका, सिलिचोङ्ग गाउँपालिका, मकालु गाउँपालिका, धर्मदेवी नगरपालिका, खाँदबारी नगरपालिका, चैनपुर नगरपालिका |
| बरुण नदी | भोटखोला गाउँपालिका, मकालु गाउँपालिका |
| सभा खोला | सभापोखरी गाउँपालिका, पाँचखपन गाउँपालिका, खाँदबारी नगरपालिका, चैनपुर नगरपालिका |
| पिलुवा खोला | मादी नगरपालिका, चैनपुर नगरपालिका, धर्मदेवी नगरपालिका |
| मायाँखोला | मादी नगरपालिका, धर्मदेवी नगरपालिका |
| हेवाँखोला | पाँचखपन नगरपालिका, चैनपुर नगरपालिका |
| लंखुवा खोला, ठोकुवा खोला, कागुवा खोला, ओरङ | चिचिला गाउँपालिका |

प्रमुख जिल्ला अधिकारी

| | |
|---|---|
| खोला, गोपिनी खोला | |
| संखुवा खोला, सिसुवा खोला, खड्लुवा खोला, बावुवा खोला, | सिलिचोङ्ग गाउँपालिका |
| खेकुवा खोला, कुसुवा खोला | पाँचखपन नगरपालिका |
| ईखुवा, पिखुवा, काँसुवा, ईप्सुवा खोला, आप्सुवा खोला, पावाखोला | मकालु गाउँपालिका |
| तिजु, खाङ्दा, थोगुम खोला | भोटखोला गाउँपालिका |

## ३.२. कानूनी तथा संस्थागत व्यवस्था (सम्बन्धित गाउँ/नगरपालिका, जिल्ला, प्रदेशमा भएका)

### ३.२.१ नेपालको संविधान, २०७२

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको संविधान २०७२ ले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रुपमा परिभाषित गर्नुका साथै राज्य सञ्चालनका लागि तीन तहको संरचनाको व्यवस्था गरी प्रत्येक तहको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचीको विषय बनाएको छ । साथै अनुसूची ८ मा विपद व्यवस्थापनको कार्यलाई स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयका रुपमा समावेश गरेको छ भने धारा ५१ राज्यको नीतिहरुको खण्ड (ज) प्राकृतिक स्रोत साधनको संरक्षण सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनी विपद पूर्वतयारी र प्रतिकार्यको कार्यलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

### ३.२.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वधसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गर्दै जारी भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्वन्धि क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विभिन्न तहगत संरचनाहरुको प्रवन्ध गरी विपद पूर्व, विपदको समयमा एवं विपद पश्चात्को अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भुमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ ।

### ३.२.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले योजना छनौट गर्दा प्राकृतिक प्रकोप न्यूनीकरण हुने खालका योजना छनौटमा प्राथमिकता दिनुपर्ने व्यहोरा उल्लेख गरेको थियो । साथै साबिकमा स्थानीय योजना तर्जुमा गर्दा सहभागितामूलक योजना पद्धति अवलम्बन गरी विपदलाई समेत मूलप्रवाहीकरण गर्दै विपद अनुकुलनका योजना छनौट र सञ्चालन गर्ने नीति स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा राखी सोही बमोजिम योजना अभ्यास गर्ने गरिएको पाइन्थ्यो । हाल नेपाल संघीय राष्ट्रको रुपमा रुपान्तरण भैसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनको खारेजी गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको हो । उक्त ऐनको परिच्छेद ३ मा गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत विपद् व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

### ३.२.४. विपद जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीति, २०७५ :

विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालीन सोच राखी यो नीति अवलम्बन गरिएको छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपदबाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका श्रोतसाधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक सामाजिक तथा भौतिक पुर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्यरुपमा कमी गर्नु तथा तिनिहरुको उत्थानशीलता वृद्धि गर्ने उद्देश्य रहेको यस नीतिले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पुर्वाधार तथा आधारभूत सेवाहरुमा विपदले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलतामा वृद्धि गर्नु र विपदबाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने लक्ष्य लिएको छ ।

### ३.३. प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु :

कार्यशालामा गरिएका छलफलले मूख्यरुपमा भूकम्प, आगलागी, पहिरो, बाढी, सुख्खा खडेरी, वन्यजन्तु आतङ्क, हावाहुरी, चट्याङ्ग, असिना आदि प्रकोपहरुलाई प्रमुख प्रकोपकोरुपमा लिएको थियो । उक्त प्रकोपहरुमध्ये भूकम्प, पहिरो, बाढी, आगलागी र सुख्खा खडेरीलाई प्राथमिकीकरण गरिएको थियो ।

### ३.४ प्रकोप घटनाको आँकलन तथा सम्भावित प्रभावक्षेत्रको नक्साङ्कन :

छलफलमा गरिएको प्रकोपजन्य घटनाको सम्भावित क्षेत्रको बारेमा यसै योजनाको ३.१.३ मा उल्लेख भए अनुसार र खोलानदीले पार्ने प्रभावका बारेमा ३.१.५ अनुसार नक्साङ्कन गरिएको थियो ।

### ३.५. विपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषण

संखुवासभा जिल्लामा अवस्थित प्रकोपहरुका कारण संभावित जोखिम तथा संकटासन्नताको आँकलन माथि उल्लेख गरिसकिएको छ । यद्यपी प्रकोपका कारण आईपर्न सक्ने मानवीय, आर्थिक तथा भौतिक क्षतिको पूर्व पहिचान गरी अल्पीकरण तथा न्युनीकरण गतिविधिहरु संचालन गरी अधिक मात्रामा रोकथामका गर्न प्रत्येक स्थानीय तहमा विपद जोखिम न्युनीकरण तथा जलवायु उत्थानशील योजना निर्माण तथा पुनरावलोकन गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ । जिल्लाका स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील योजनाको अवस्था परिच्छेद ७ मा उल्लेख गरीएको छ ।

#### ३.५.१ निकायगत भौतिक स्रोत साधनको अवस्था

**(क) जिल्लामा सञ्चालित एम्बुलेन्सको विवरण.**

| क्र.स. | एम्बुलेन्स सञ्चालन गर्ने संस्था | ठेगाना | वर्ग | चालकको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १. | नेपाल रेडक्रस सोसाईटी | खाँदबारी -१ | ख | इश्वर श्रेष्ठ | ९८५२०६२९९० |
| २. | खाँदबारी नगरपालिका | खाँदबारी-१ | ग | रमेश तामाङ | ९८६२१३४८८० |
| ३. | जिल्ला अस्पताल | खाँदबारी-१ | ख | अम्बर तामाङ | ९७४२०१०८१३ |
| ४. | मनकामना अस्पताल तुम्लिङटार | खाँदबारी-९ | ग | चन्द्र तामाङ | ९८४६६७५५८८ |
| ५. | तुम्लिङटार स्वाथ्य चौकी | खाँदबारी-९ | ख | मोहन श्रेष्ठ | ९८५०५८६२६- |
| ६. | खराङ्ग स्वास्थ्य चौकी | चैनपुर न.पा. | ख | पदम तामाङ | ९८४२४८९२८१ |
| ७. | मादी नगर अस्पताल | मादी न.पा. | ग | लेखनाथ खड्का | ९८६०३५२१११ |
| ८. | मादी नगरपालिका | मादी न.पा. | ख | लेखनाथ खड्का | ९८११०३३००२ |

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | वाना प्राथमिक स्वास्थ्य केन्द्र | पाँचखपन न.पा-६ | ख | भक्त बहादुर राई | ९७६२०८४३४७ |
| १०. | चिचिला गाउँपालिका | चिचिला गा.पा.५ | ग | खेमराज राई | ९८४२५१६६६८ |
| ११. | दिदिङ्ग स्वास्थ्य चौकी | चिचिला गा.पा.७ | ख | शान्तिराम गुरुङ | ९८६०७१७२५२ |
| १२. | नुम प्राथमिक स्वास्थ्य केन्द्र | मकालु गा.पा.५ | ख | मित्र कुमार विश्वकर्मा | ९८५२०९९८६६ |
| १३. | जेपी एसोसियट्स | मकालु गा.पा | ग | प्रेम बहादुर ओली | ९८६७०९२७८- |
| १४. | ताम्कु प्राथमिक स्वास्थय केन्द्र | सिलिचोङ्ग गा.पा | ग | अमृत कुमार राई | ९७६५४६९४५६ |
| १५. | सभापोखरी गा.पा. | सभापोखरी | ग | आईतराज राई | ९८६०७६९३४४ |
| १६. | आँखिभुघ एमबुलेन्स सञ्चालन समित | धर्मदेवी न.पा | ग | छविलाल महत | ९८४०५१००६७ |
| १७. | धर्मदेवी नगरपालिका | धर्मदेवी न.पा. | ख | चतुरमान तामाङ | ९८०३४३१०४४ |
| १८. | नेपाल रेडक्रस सोसाईटी | खाँदबारी १ | ख | इश्वर श्रेष्ठ | ९८५२०६२९९० |

**(ख) संखुवासभा जिल्लामा रहेका बारुणयन्त्र सम्बन्धी विवरण :**

| सि.नं. | स्थान | टेलिफोन नं. | कैफियत |
|---|---|---|---|
| १ | खाँदवारी नगरपालिका | ९८५२०७७८०० | २ वटा रहेको |

**(ग) नेपाल रेडक्रस सोसाइटी अन्तर्गत जिल्ला विपद् प्रतिकार्य टोलीको नामावली:**

| सि.नं | स्वयंसेवकको नाम | ठेगाना | सम्पर्क नम्बर | तालिमको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरोज बज्राचार्य | नेरेसो जिल्ला शाखा | ९८५२०२३७१९ | सेल्टर निर्माण | फोकल पर्सन |
| २ | सल्येन नेपाली | नेरेसो जिल्ला शाखा | ९८४२३३६०७३ | सेल्टर निर्माण | |
| ३ | ऋषिकेशव चापागाई | नेरेसो जिल्ला शाखा | ९८५२०५८७४५ | खानेपानी तथा स्वास्थ्य सरसफाई | |
| ४ | कृष्ण चन्द्र श्रेष्ठ | नेरेसो जिल्ला शाखा | ९८५२०५१५५४ | सेल्टर निर्माण | |
| ५ | रुद्रनाथ दाहाल | नेरेसो जिल्ला शाखा | ९८५२०५१५९९ | मनोसामाजिक परामर्श सेवा सहजकर्ता | |
| ६ | चित्ररेखा अधिकारी | नेरेसो जिल्ला शाखा | ९८५२०५८६८४ | लैङ्गिक हिंसाविरुद्ध | |
| ७ | लक्ष्मी कार्की | नेरेसो जिल्ला शाखा | ९८५२०९९९२३ | DDRT, CADRE FA Tot | |
| ८ | कल्पना नेपाल | नेरेसो जिल्ला शाखा | ९८६२९२९४२९ | DDRT/ल्याब टेक्निसियन | आकस्मिक रक्तसञ्चार गृह |
| ९ | कल्पना बराल | खाँदबारी ८ | ९८४२२१३९४४ | DDRT, CADRE FA Tot | |
| १० | बाल कुमार श्रेष्ठ | खाँदबारी ८ | ९८५२०९९६९० | NDRT | |
| ११ | अर्जुन कुमार बस्नेत | मादी नपा ८ | ९८५२०५११८० | DDRT | |
| १२ | निर्मला तामाङ | बाह्रबिसे ५ | ९८४२३६५८१७ | DDRT | |
| १३ | समिना बस्नेत | खाँदबारी १ | ९८६०९९५३३५ | DDRT | |
| १४ | पोषराज गौतम | खाँदबारी १३ | ९८५२०५८१५० | DDRT | |
| १५ | निरञ्जन श्रेष्ठ | खाँदबारी १ | ९८५२०५१५३६ | DDRT | |
| १६ | विन्द्रा मेघी गुरुङ | माम्लिङ ८ | ९८६२०६४६७९ | DDRT | |
| १७ | ध्रुवप्रसाद न्यौपाने | धुपू ८ | ९७४२०८७९९० | DDRT | |

प्रमुख जिल्ला अधिकारी

३.५.२ : जिल्लाका स्थानीय तहमा विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता सम्बन्धी विवरण

| क्र. स. | स्थानीय तह | खुल्ला क्षेत्र |
|---|---|---|
| १. | **खाँदबारी नगरपालिका** | खाँदबारी पार्क, खेलमैदान, टुडीखेल, हि.मा.वि.को डाँडा, घिमिरे गाउँ बालउद्यान, भगिवन्त रन्गशाला ,सबै विद्यालयका प्रांगणहरु |
| २. | **चैनपुर नगरपालिका** | तातोपानी खेद मैदान, डाँडा गाउँ, बसपार्क, मयम लामागाँउ, हतिया क्षेत्र, कल्सेरी स्कुल, शारदा मावि खेल मैदान, थुमकी डाँडा ,लामपातेवाटो, क्याम्पस खेल मैदान, दुम्सीमारा खेल मैदान |
| ३. | **पाँचखपन नगरपालिका** | एकीन भइ नआएको कार्की डाँडा/शिव मा.वि आसपास क्षेत्र/वडा कार्यालय आसपास क्षेत्र/टिम्मुरे भञ्ज्याङ्ग /खष्टुवा मा.वि आसपास/वडा कार्यालय आसपास क्षेत्र हल्दारटार क्षेत्र/सिंहेश्वरी मा.वि. आसपास क्षेत्र/वडा कार्यालय आसपास क्षेत्र |
| ४. | **मादी नगरपालिका** | सामुदायिक भवनको खुल्ला चौर,मायादेवी मा.वि.को खेल मैदान,मुलखर्क खेल मैदान मादी बहुमुखी क्याम्पसको खेल मैदान,नवज्योति क्लवको खेल मैदान,भगवती आ.वि.को खेल मैदान,नवसृजना क्लवको खेल मैदान,जनता मा.वि.को खेल मैदान मावादिन युवा विकास समाज केन्द्रको खेल मैदान,इमान सिं खेल मैदान |
| ५. | **धर्मदेवी नगरपालिका** | शान्ति युवा क्लबको मैदान,महाभिर खेलमैदान,मदामसिं खेलमैदान, फुङलिङ खेलमैदान,तुमोक खेलमैदान,जसमति चोक,चामुण्डे मा.वि.,सिहेश्वारी मा.वि. मजुवा खेलमैदान,कुन्ताङ्ग खेलमैदान ,खेलमैदान,किटीङ्ग डाडा,हुम्लीङ्ग रामेश्वर मा.वि खेलमैदान,जरायोटार खेलमैदान,बुद्धज्योति आ.वि. खेलमैदान तल्लो हुम्लीङ्ग खेलमैदान,माथिल्लो हुम्लीङ्ग खेलमैदान,मालाबासे खेलमैदान तल्लो फाक्सी खेलमैदान,साउने खेलमैदान,कटुवाल गाउको टार,न्यु युवा क्लबको खेलमैदान,सरस्वती देवीस्थान आ.वि.को खेलमैदान,वीर मैदान खेलमैदान जागिर गाउ टार,गैरीगाउ खेलमैदान,भगवती मा.वि.,भकुन्डे |
| ६. | **सभापोखरी गाउँपालिका** | कालिका आ.वि.लेब्राङको मैदान, जनता आ.वि.तललोधुपूको मैदान, जनज्योती मा.वि.खेल मैदान, जनजागृति आ.वि.माथिल्लो धुपूको मैदान<br>शारदा आ.वि.वितलवको मैदान, पंचज्योति आ.वि. हुतिखिम, जालपा आ.वि.हरेलोको खेल मैदान, मंगलादेवी आ.वि.गोठगाँउ को खेल मैदान, सिंहेश्वरी आ.वि.ज्यामिरे को मैदान<br>कैलाश आ.वि.पावाको खेल मैदान, शिलापत्थर आ.वि.खिलिङको खेल मैदान, सिद्दार्थ आ.वि.इथुम्बुको मैदान, रानीढुङगा आ.वि.फुकामको खेल मैदान, सिंहदेवी आ.वि.सिवेक्पाको मैदान<br>जालपा आ.वि.खेवारिङको खेल मैदान, जनहित आ.वि. नोक्लुङको मैदान, जलेश्वर आ.वि. चप्लेवाको मैदान, कालिका आ.वि. सनेमको मैदान<br>सिंहेश्वरी आ.वि. सिकिदिमको मैदान, प्रकाश आ.वि.फाकुवाको मैदान, सभापोखरी आ.वि.आपुङको खेल मैदान<br>त्रिवेणी मा.वि.को खेल मैदान, हिम मा.वि.स्वाचीको मैदान, कालिका आ.वि. कोक्तासिंको मैदान, जनसेवा आ.वि. सिंचुवाको मैदान, सिद्देढुङगा आ.वि. देउरालीको मैदान |

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| ७. | चिचिला गाउँपालिका | चनौटे खेलमैदान/प्रभात माध्यमिक विद्यालय ग्राउण्ड/जालपा माध्यमिक विद्यालय ग्राउण्ड/सरस्वी माध्यमिक विद्यालय ग्राउण्ड/धर्मदेवी माध्यमिक विद्यालय ग्राउण्ड<br>सलाङ्गे खर्क/चिचिला अलैचि फर्म टाँडे डाँडा टार/पञ्चकन्या आ.वि. को ग्राउण्ड<br>सबै वडा स्तरका खेलमैदान |
| ८. | मकालु गाउँपालिका | कालिका आ.वि. चिर्खाङ, सिंहेश्वरी आ.वि. मयुम, प्रबुद्ध आ.वि. नुर्व् चौर, सिंहदेवी आ.वि. तल्लो वालुङ, टोल विकास संस्थाका भवनहरु (७) वटा<br>हेमाद्री मा.वि. सेदुवाको खेल मैदान, मुलगाऊँ खेलमैदान, सेकेदेम खेलमैदान, सुम्लुमा खेलमैदान, मुर्मिडाँडा खेलमैदान, हिमालदर्शन आ.बि. लिम्दुसाको खेलमैदान, बालविकास आ.वि. नावगाउँको खेलमैदान, महादेव आ.वि. टॉसीगाउँको खेलमैदान, कालिका आ. वि. गैरीगाउँको खेलमैदान हरेलोबजार खेलमैदान<br>कालिका आ.वि. खेलमैदान, हिमालय मा. वि. गोलेचौरको खेलमैदान, शोभा आ.वि. सिम्माको खेलमैदान, उलिङ्ग खेल मैदान, नेपाल दर्शन आ.वि. बाक्लेको खेलमैदान, पाथिभरा आ.वि. उवाको खेलमैदान , गढी भेटेनरीको मैदान, जमुनी टोल खेल मैदान<br>सेतिकन्या नि.मा.वि. कारमाराङको प्राङ्गड, सिंहेश्वरी प्रा.वि. ओवाकको प्राङ्गढ , कालिका प्रा.वि. चसुवाटारको प्राङ्गड, पाँचपोखरी विद्यालयको प्राङ्गड, जनजागरण विद्यालयको प्राङ्गड, बालकल्याण विद्यालयको प्राइड<br>नुम बसपार्क, खड्ग स्मृती पार्क, सिंहेश्वरी मा.वि. नुमको प्राङ्गड, भाटभटेनी खर्क, कटुवाल डाँडा खेल मैदान, बेसी खेलमैदान, मुडे डाँडा पार्क, गुन्याहार तमु समाज खेलमैदान<br>कन्या आ.वि. छोयाको प्राङ्गड, कोशी मेवाहाङ छोयाड फेदीको खेलमैदान, कन्या, आ. वि. डाँडागाउँको प्राङ्गढ़, कन्या आ.वि. वास्थलाको प्राङ्गड |
| ९. | सिलीचोङ गाउँपालिका | सि.गा.पा. १ को चित्रे र बखल्तुम , सि.गा.पा. २ को तेयुङ, मुलगाउँ, चिरखुवा र बुधवारे, सि.गा.पा. ३ को मानेटार र मुलागाउँ |
| १०. | भोटखोला गाउँपालिका | किमाथाङका/च्याम्ताङ/हुङगुङ/गोला/तुङखालिङ |

## ३.६. प्रकोप घटना पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण

संखुवासभा जिल्लामा मौसम अनुरुप सम्भावित प्रकोपका घटना हुन सक्ने आंकलन गर्दै जिल्ला विपद् व्यवस्थापन समितिको संयोजकत्वमा बैठक बसी छलफल गर्ने, कार्ययोजना निर्माण तथा विषयगत क्षेत्रहरुको पुर्वतयारी क्षमता अभिबृद्धिकालागि साझेदार गैह्रसरकारी संस्थासंगको सहकार्यमा विभिन्न गतिविधि संचालन हुदै आइरहेको छ । साथै स्थानीय पालिकाहरुको विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील योजना निर्माण तथा अद्यावधिक गर्नकोलागि सुचना जारी गरीएको छ । जिल्लामा प्रकोपका कारण उत्पन्न संकटासन्नता अवस्थाको क्षति आंकलन गर्नकालागी जिल्ला प्रशासन कार्यालयमा जिल्ला आपतकालीन कार्यसंञ्चालन केन्द्र संचालनमा रहेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु भईरहेको भएतापनि सूचना व्यवस्थापनलाई अझ चुस्त दुरुस्त राख्न जिल्लामा विपद् व्यवस्थापन श्रोत केन्द्रको आवश्यकता महशुस गरिएको छ । साथै तत्काल विपद्का घटनाको सूचना संकलनमा जिल्ला प्रहरी, स्थानीय तह (गाउँपालिका, नगरपालिका र जिसस), नेपाल रेडक्रस सोसाइटीका शाखा/उपशाखाहरु र यथार्थ/आधिकारिक सूचना अद्यावधिकका लागी जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेको जिल्ला

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

आपत्कालीन कार्यसंचालन केन्द्र (DEOC) लाई जोड्नु [illegible] आवश्यक देखिन्छ । कार्यान्वयनमा रहेको तर सोचे अनुरुप कार्य सम्पादन नभएको जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई अझ व्यवस्थित, सक्रिय र थप क्षमतावान बनाउनु पर्ने आवश्यकता देखिएको छ । साथै जिल्ला स्थित स्थानीय तहका विपद् सम्पर्क व्यक्तिको विवरण निम्न बमोजिम तालिकामा प्रस्तुत गरीएको छ ।

## ३.७. सरोकारवाला निकाय, संस्थाहरूको विवरण लेखाजोखा

### (क) संखुवासभा जिल्ला स्थित कार्यालय प्रमुखहरुको विवरण

संघीय कार्यालयहरु

| सि.नं. | जिल्ला स्थित सरकारी कार्यालयहरू | पद | कार्यालय प्रमुखको नाम | फोन नम्बर | मोबाइल नं. | इमेल |
|---|---|---|---|---|---|---|
| १. | संखुवासभा जिल्ला अदालत चैनपुर | मा.जि.न्यायाधीश<br>श्रेस्तेदार | श्री राज कुमार कोइराला<br>श्री उज्वल न्यौपाने | 029570196<br>029570195 | 9852051352<br>9852051366 | info.dcsankhuwasabha@supremecourt.gov.np |
| २. | जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ. | श्री डा. डिजन भट्टराई | 029562133 | 9852077777 | daosankhuwasabha@gmail.com |
| ३. | श्री इन्द्रदल गुल्म | सेनानी | श्री संजय सिलवाल | | 9852060099 | coy-indradal@nepalarmy.mil.np |
| ४. | जिल्ला प्रहरी कार्यालय | प्र.ना.उ. | श्री कुमार प्रसाद मैनाली | 029562199 | 9852075555 | dposankhuwasabha_sanchar@nepalpolice.gov.np |
| ५. | स.प्र.बल नेपाल नं. ४ हे.क्वा. गुल्म अरुण सं.स. | स.प्र.ना.उ. | श्री भव राज कटवाल | 029570248 | 9851272205<br>9842042319 | apfarun.coy@gmail.com |
| ६. | रा.अ.जि.का. | अ.अ. | श्री राम अचल साह | 029562151 | | nidsankhuwasabha@gmail.com |
| ७. | को.ले.नि.का. | प्र.कोष नियन्त्रक | श्री चिरञ्जिवी अधिकारी | 029562140 | 9852058140 | sankhuwasabha.dtco@fcgo.gov.np |
| ८. | सडक डिभिजन तुम्लिङ्टार | डि.प्र. | श्री दिपेन्द्र पाण्डेय | 029575223 | 9852058050 | drotumlingtar@gmail.com |
| ९. | जिल्ला सरकारी वकील का. | सहायक जिल्ला न्यायाधिवक्ता | श्री वसन्त काफ्ले | 029570118 | 9852051318 | sans.sarkari.wakil@gmail.com |
| १०. | म.व.रा.निकुञ्ज का. सेदुवा | नि.संरक्षण अ. | श्री राजु घिमिरे | 029562237 | 985058401 | makalubarun1991@gmail.com |
| ११. | उत्तर-दक्षिण (कोशी) सडक योजना | योजना प्रमुख | श्री राम बहादुर गुरुङ | | 9852070811 | nskrp811@gmail.com |
| १२. | विशेष नापी कार्यालय चैनपुर | प्र.नापी अधिकृत | श्री हरिसरण नेपाल | | 9852060236 | bisesh.sankhuwasabha@dos.gov.np |
| १३. | शिक्षा विकास तथा समन्वय इकाई | इकाइ प्रमुख | श्री गोपालमान भण्डारी | 029562105 | 9842107972<br>9852091105 | deosankhuwasabha@gmail.com |
| १४. | जिल्ला निर्वाचन कार्यालय | जि.नि.अ. | श्री सन्तोष राई | 029562273 | 9852051773 | deo.sankhuwasabha@election.gov.np |
| १५. | मालपोत कार्यालय, खाँदबारी | मालपोत अधिकृत | श्री नवराज भट्ट | 029562196 | 9852058224 | khadbari@dolma.gov.np |
| १६. | जिल्ला हुलाक कार्यालय | नि.का.प्र. | श्री अशोक राई | 029562152 | 9852064152 | districtpostkhandbari@gmail.com |
| १७. | कारागार कार्यालय, खाँदबारी | जेलर | श्री धन बहादुर श्रेष्ठ | 029562180 | 9852070777 | karagarkdb123@gmail.com |
| १८. | नापी कार्यालय, खाँदबारी | कार्यालय प्रमुख | श्री नविन सुवेदी | 029562145 | 9852058145 | sankhuwasabha@dos.gov.np |
| १९. | इलाका प्रशासन कार्यालय चैनपुर | शाखा अधिकृत | श्री दिनेश बस्नेत | 029570129 | 9852051329 | aaochainpur@gmail.com |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०. | मालपोत कार्यालय, चैनपुर | मालपोत अधिकृत | श्री अर्जुन घिमिरे | 029570151 | 9852051451 | chainpur@dolma.gov.np |
| २१. | नापी कार्यालय, चैनपुर | नि.नापी अधिकृत | श्री प्रमोद कुमार शाह | 029570246 | 9852051364 | chainpur@dos.gov.np |
| २२. | सीमा प्रशासन कार्यालय हटियागोला | शाखा अधिकृत | श्री घाङरी लामा | | 9858391356 | |
| २३. | इलाका प्रशासन कार्यालय हेदाङनागढी | का.मु.शाखा अधिकृत | श्री जुन कुमार राई | | 9852051287 | |
| २४. | किमाथान्का भन्सार कार्यालय | का.प्र. | श्री हिमाल घर्ती मगर | 029562140 | 9852004615 | |
| १३ | सहयोगको कार्यतालिका अध्यावधिक गर्न निम्न कार्य गर्नेः<br>• मीरा (MIRA) बाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण गर्ने<br>• क्षेत्रगत समूह को लागि सहयोगको थप कार्यतालिका तयारी गर्ने<br>• क्षेत्रका सदस्य, जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने | क्षेत्र प्रमुख क्षेत्रका तोकिएका सदस्य | • जिसस<br>• नेरेसो<br>• गैसस<br>• दातृ निकाय | ५-७ दिनभित्र<br>७ दिनभित्र<br>७ दिनभित्र |
| १४ | स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | • जिसस<br>• क्षेत्रका अगुवाहरू | ७ दिनभित्र |
| १५ | नियमित सूचना प्रवाहका लागि स्थानीय तहको सूचना तथा समन्वय समितिसँग नियमित सम्पर्क कायम गर्ने । | जिसस | • स्थानीय तह प्रमुख | पहिलो हप्ता प्रत्येक दिन, त्यसपछि |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सखुवासभा

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय तहको सूचना अधिकृत वा सम्पर्क व्यक्ति | आवशयकताअनुसार |
| १६ | मानवीय सहयोगका लागि तयारी अवस्थामा राखिएका सेवासम्बन्धी सम्झौता (Standby Agreements) कार्यान्वयन गर्ने | क्षेत्र प्रमुख | • सबै क्षेत्र प्रमुख तथा जिम्मेवारी तोकिएको सदस्य | ७-१० दिन |
| १७ | मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण (Feedback) लिने तथा दिने | क्षेत्र प्रमुख | • अन्य क्षेत्र प्रमुख | नियमित रूपमा |
| १८ | आपतकालीन सूचना प्राप्त गर्न, लोजोखा गर्न र प्रवाह गर्न जिसस र स्थानीय तहको सूचना केन्द्रको प्रयोग गर्ने | जिसस | • जिविव्यस | नियमित रूपमा |
| १९ | सूचना व्यवस्थापन र प्रतिकार्यका सबै काममा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने | जिविव्यस | • जिसस<br>• स्थानीय तहका सूचना अधिकृत | निरन्तर |
| २० | राहत वितरणलाई निर्विवाद बनाउन सरोकारवाला सबैको सहभागिता अनिवार्य गराउने | जिविव्यस | • जिसस,<br>• स्थानीय तह | प्रारम्भदेखि नै |
| २१ | विस्थापितलाई परिचयपत्र वितरण गर्ने | जिविव्यस | • अन्य क्षेत्र | आवश्यकताअनुसार वा शिबिर स्थापना हुनासाथ |
| २२ | प्रदेश र केन्द्र सरकारको निर्देशनबमोजिम काम गर्ने | प्रजिअ | • सबै विपयगत क्षेत्र<br>• स्थानीय तह | नियमित |

## ५.१.४ प्रतिकार्यका लागि पूर्वतयारी

खोज, उद्धार, सूचना र समन्वय विषयगत क्षेत्रले उल्लिखित प्रतिकार्यका लागि निम्नबमोजिम पूर्वतयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारी कार्य | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | भूकम्पीय जोखिम न्यूनीकरण सचेतना कार्यक्रम सञ्चालन<br>• सामुदायिक छलफल<br>• सूचना प्रवाह<br>• सुरक्षित रहने उपाय (घुँडा टेकी गुँडुल्क ओत लागी समात) को अभ्यास गराउने<br>• विद्यालयमा अतिरिक्त कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह<br>सञ्चारमाध्यम,<br>दातृ निकाय,<br>गैसस,<br>शिक्षा समन्वय इकाइ<br>विद्यालयहरू | नियमित |
| २ | आपतकालीन उद्धार सामग्रीको व्यवस्था मिलाउने र अध्यावधिक गर्ने | सुरक्षा निकाय | क्षेत्र प्रमुख<br>सहयोगी संस्थाहरु | नियमित |
| ३ | घना बस्तीहरुमा आपत्कालीन स्थानान्तरणको खुला स्थान र वैकल्पिक मार्ग पहिचान गर्ने | स्थानीय तह | क्षेत्र प्रमुख,<br>सहयोगी संस्थाहरु | २०७६ साल भित्र |
| ४ | कमजोर भवनको प्रवलीकरणका लागि प्रेरणा दिने कार्यक्रम गर्ने | तोकिएको सदस्य | सम्बन्धित प्राविधिक | नियमित |
| ५ | विद्यालयहरूको प्रवलीकरणका लागि शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | शिक्षा क्षेत्र,<br>स्थानीय तह | नियमित |
| ६ | सहरोन्मुख गाउँमा भवन निर्माण संहिता लागू गर्न पहल गर्ने र त्यसको नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख | सहरी आवास तथा भवन निर्माण विभाग, जिसस, | नीतिगत रूपमा |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | नपा, गापा | |
| ७ | उद्धार र राहत सामग्रीको तयारी र भण्डारणको लागि समन्वय गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सुरक्षा निकाय, नेरेसो, स्थानीय तह | सामग्रीको व्यवस्था गर्ने र नियमित पुनरावलोकन गर्ने |
| ८ | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रको स्तरोन्ती गर्ने | जिविव्यस | गृह मन्त्रालय, यूएनडीपी र अन्य सहयोगी संस्था | २०७६ सालभित्र |
| ९ | सबै विषयगत क्षेत्रबाट भएका पूर्वतयारी कार्यक्रमको अनुगमन, मूल्याङ्कन र समीक्षा गरी अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | सबै विषयगत क्षेत्र | प्रत्येक महिना |
| १० | बहु विषयगत द्रूत लेखाजोखा (MIRA) को लागि कार्यदल गठन गरी कार्यदललाई तालिम दिने | जिविव्यस | सबै विषयगत क्षेत्र संरासङ्घ | २०७६ भित्र |
| ११ | उद्धारकर्मी र सङ्कटासन्न स्थानीय तहका समुदायमा क्षमता अभिवृद्धि तालिम गर्ने :<br>• खोज तथा उद्धार<br>• प्राथमिक उपचार<br>• विपद् जोखिम व्यवस्थापन,<br>• उद्धारका लागि आन्तरिक अभ्यास<br>विषयगत क्षेत्रका सदस्यलाई भूकम्पको समयमा अपनाउनु पर्ने सुरक्षा उपाय र उद्धारसम्बन्धी अभ्यास गराउने | जिविव्यस | संरासङ्घ, गैसस, सुरक्षा निकाय प्रमुख | • वर्षको एकपट |

### ५.२ खाद्य तथा कृषि कार्यक्रम (Food and Agriulture Programme)

विपद्को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको महत्वपूर्ण साधन खाद्यान्न हो । खाद्य क्षेत्रले विपद् प्रभावित तथा प्रभावित व्यक्तिलाई न्यूनतम मापदण्डअनुसारको खाद्यान्न उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र खाद्यान्नमा सीमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

### ५.२.१ भूकम्पबाट पर्ने प्रभावको सम्भावित परिदृश्य

- जिल्लाका अधिकांश घरपरिवारका मानिसहरु विस्थापित हुनेछन् जसलाई खाद्यान्नको अभाव हुनेछ ।
- खाद्यान्नको अभावबाट निम्नबमोजिमका मानिस प्रभावित हुने सम्भावना रहनेछ :
  - बालबालिका,
  - ६० वर्षभन्दा बढी उमेरका वृद्धवृद्धा,
  - गरिबीको रेखामुनि रहेका मानिस ।
- अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलालाई पोषणयुक्त खाद्यान्नको अभाव हुनेछ ।
- भूकम्पले सडक, पुल, विद्युत् आपूर्ति, सञ्चारजस्ता सार्वजनिक सम्पत्ति क्षतिग्रस्त हुनाले खाद्यान्न ढुवानी र आपूर्ति व्यवस्थापन चुनौतीपूर्ण हुनेछ ।

### ५ २.२ क्षेत्रगत उद्देश्य

खाद्य क्षेत्रको प्रमुख उद्देश्य विपद्बाट विस्थापित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने खाद्यसामग्री उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ । यस क्षेत्रका अन्य उद्देश्य निम्नअनुसार रहेका छन् :

नि. प्रमुख जिल्ला अधिकारी

- विपद्मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, बूढाबूढी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।

### ५.२.३ आपतकालीन प्रतिकार्य योजना

भूकम्पको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि खाद्य क्षेत्रले निम्नअनुसार काम गर्नेछ :

| क्र.सं. | सहयोगी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | खाद्य क्षेत्रको आपतकालीन बैठकको आयोजना गर्ने | क्षेत्र प्रमुख (प्रजिअ) | खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | भूकम्प आउनसाथ तुरुन्तै, पहिलो हप्ता एक दिन बिराएर त्यसपछि आवश्यकता अनुसार |
| २ | विस्थापित मानिसको जानकारी सङ्कलन गर्ने र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र स्थानीय तह | भूकम्प आएको थाहा पाउनासाथ |
| ३ | प्रभावित क्षेत्रको अनुगमन तथा निरीक्षण र प्रारम्भिक द्रूत लेखाजोखा गर्ने | क्षेत्रले तोकेको सदस्य | कृषि ज्ञान केन्द्र, नेरेसो, क्षेत्रका सदस्यहरु र स्थानीय तह | २४ घण्टाभित्र |
| ४ | विस्थापितलाई उद्धार गरी राखिएको क्षेत्रको निरीक्षण र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, नेरेसो र क्षेत्रगत सदस्यहरू, उद्धार कार्यदल, स्थानीय तह | २४ घण्टाभित्र |
| ५ | आपत्कालीन समयको लागि तयारी खाना वितरण गर्ने | खाद्य वितरण कार्यदल | जिविव्यस, कृषि ज्ञान केन्द्र, जि.स.स., नेरेसो र क्षेत्रगत सदस्यहरू, उद्धार कार्यदल, स्थानीय तह | २४ घण्टादेखि १० दिनसम्म |
| ६ | समन्वय क्षेत्रसँग सम्पर्क गरी बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (मीरा MIRA) को प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख तथा तोकिएको क्षेत्रको सदस्य | जिविव्यस, जि.स.स., अन्य क्षेत्र, दातृ निकाय र गैसस, स्थानीय तह | ३ देखि ७ दिनभित्र |
| ७ | विस्थापितलाई परिचय पत्र वितरण गर्ने (आवश्यकता अनुसार) | खाद्यान्न वितरण कार्यदल | जिविव्यस, जि.स.स., स्थानीय तह, सुरक्षा निकाय, | ९ दिनभित्र |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नुवाकोट/धादिङ (stamp)

प्र. प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ८ | भण्डारण गरिएको खाद्यान्नको अनुगमन तथा निरीक्षण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, जि.स.स., सुरक्षा निकाय, स्थानीय तह प्रमुख | ७ दिनभित्र शुरु र निरन्तर |
| ९ | मापदण्डअनुरूप खाद्यसामग्री वितरणको व्यवस्था मिलाउने | खाद्यान्न वितरण कार्यदल | जिविव्यस, सुरक्षा निकाय | ११ दिनदेखि ३० दिनसम्म |
| ९.१ | नपुग हुने खाद्यसामग्री खरिद तथा व्यवस्थापन र भण्डारण गर्ने | क्षेत्र प्रमुख | विश्व खाद्य कार्यक्रम, जिविव्यस, नेउवासंघ | १० दिनभित्र |
| ९.२ | वितरण केन्द्रको पहिचान र निर्धारण गर्ने । | खाद्य क्षेत्र | स्थानीय तह, सुरक्षा निकाय, स्थानीय तह, नेपसंघ | ९ दिनभित्र |
| ९.३ | खाद्यान्न वितरणसम्बन्धी सूचना प्रवाह गर्ने | खाद्य क्षेत्र | स्थानीय तह, विश्व खाद्य कार्यक्रम, जिविव्यस, पत्रकार | ९ दिनभित्र |
| ९.४ | खाद्यान्नमा सबै विस्थापित समुदायको सहज पहुँचको सुनिश्चितता गर्ने | क्षेत्र प्रमुख, खाद्यान्न वितरण कार्यदल | स्थानीय तह विश्व खाद्य कार्यक्रम | नियमित रूपमा |
| ९.५ | सुत्केरी तथा बच्चालाई दूध खुवाउने महिला, कुपोषणमा परेका बालबालिका, बिरामी, बूढाबूढीलाई पोषणयुक्त खाना वितरण गर्ने | खाद्यान्न वितरण कार्यदल | स्वास्थ्य तथा पोषण क्षेत्र, विश्व खाद्य कार्यक्रम, स्थानीय तह, गैसस | आवश्यकताअनुसार नियमित रूपमा |
| ९.६ | नागरिक समाजका विभिन्न क्षेत्रबाट वितरण हुने खाद्यान्नको अभिलेख राख्ने र नपुग वा खाद्यान्न प्राप्त गर्न नसकेका समुदायको पहिचान गरी खाद्यान्न उपलब्ध गराउने | खाद्यान्न वितरण कार्यदल | स्थानीय तह | नियमित रूपमा |
| १० | खाद्यान्न वितरणसम्बन्धी कार्य, समस्या र समाधानबारे जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई जानकारी गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, बन्दोवस्ती क्षेत्र, | नियमित रूपमा |
| ११ | खाद्यान्न वितरण प्रक्रियालाई सहज र सरल बनाउन नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख र तोकिएका सदस्य | जिविव्यस, स्थानीय तह, प्रभावितका प्रतिनिधि, | नियमित रूपमा |
| १२ | खाद्य क्षेत्रको नियमित बैठक तथा प्रतिवेदन तयारी गरी सबै सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सबै सदस्य | प्रत्येक हप्ता र आवश्यकता अनुसार |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सखुवासभा

प्र. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

### ५.२.४ प्रतिकार्यका लागि पूर्वतयारी

खाद्य क्षेत्रले आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | व्यवस्थापन तथा समन्वयसम्बन्धी बैठकको आयोजना गर्ने र गत वर्षको कार्ययोजनाको पुनरावलोकन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | वैशाख पहिलो साताभित्र |
| २ | खाद्यान्न वितरण कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| ३ | बहुक्षेत्र द्रुत लेखाजोखाको लागि व्यक्ति तोक्ने र तालिममा सहभागी गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जिविव्यस, | |
| ४ | तयारी खाद्यान्नको भण्डारण तथा आपत्कालीन आपूर्तिको व्यवस्था मिलाउने | खाद्य क्षेत्र | सुरक्षा निकाय, स्थानीय तह, उवासंघ | वैशाख २५ गतेसम्म |
| ५ | तयारी खाद्यान्नको बजार उपलब्धता पहिचान गर्ने | खाद्य क्षेत्र, तोकिएको सदस्य | स्थानीय तह, उवासंघ, जिविव्यस, विश्व खाद्य कार्यक्रम, | वैशाख २७ गतेसम्म |
| ६ | खाद्यान्नको गुणस्तर नियन्त्रण तथा सुनिश्चितताको लागि गुणस्तर तथा नापतौल विभागसँग वा सम्बन्धित निकायसँग समन्वय गरी परीक्षण गर्ने वा गराउने | क्षेत्र प्रमुख | गुणस्तर नियन्त्रण कार्यालय, नेरेसो, स्थानीय तह | आवश्यकता अनुसार |
| ७ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्नको आवश्यक परिणाम मौज्दात राख्ने | क्षेत्र प्रमुख | स्वास्थ्य तथा पोषण क्षेत्र, जिविव्यस, गैसस | आवश्यकता अनुसार |
| ८ | खाद्यान्न कार्यक्रममा जनचेतना अभिवृद्धिका लागि प्रचारमूलक तथा ज्ञानबर्द्धक सामग्रीको बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख, तोकिएको सदस्य | कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल, विश्व खाद्य कार्यक्रम, सञ्चारकर्मी | वैशाख मसान्तसम्म |
| ९ | तयारी खाद्यान्नका सहयोगी संस्थाहरू तथा निकायहरूसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | निजी क्षेत्रका संस्थाहरु | वैशाखमसान्त सम्म |
| १० | प्रतिवेदन तयारीका लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | - | |

### ५.३ आवास तथा गैरखाद्य सामग्री

भूकम्पपछि निजी तथा सार्वजनिक भवन र भौतिक संरचनामा व्यापक क्षति हुने सम्भावना रहन्छ । यस अवस्थामा विस्थापितलाई न्यूनतम मापदण्डका आधारमा आवश्यक पर्ने आवास, लत्ताकपडा, खाना पकाउने सामग्रीजस्ता वस्तुको व्यवस्था यस विषयगत क्षेत्रले गर्नेछ ।

### ५.३.१ भूकम्पबाट पर्ने प्रभावको सम्भावित परिदृश्य

- जिल्लाका १० वटै स्थानीय तहका मानिसहरु प्रभावित हुनेछन् ।
- विस्थापितलाई अस्थायी रूपमा आवास क्षेत्र नजिक रहेका खुला ठाउँमा अस्थायी आश्रयस्थल निर्माण गरी राख्नु पर्नेछ
- भूकम्पले सडक, पुल, विद्युत् आपूर्ति, सञ्चारजस्ता सार्वजनिक सम्पत्ति क्षतिग्रस्त हुनेछन् ।
- सार्वजनिक तथा व्यक्तिगत खुला स्थान अस्थायी आवासको लागि प्रयोग हुँदा सरसफाइमा समस्या उत्पन्न भएर जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ ।
- घर भत्किनाले गैरखाद्य सामग्रीहरु पुरिएका हुन सक्नेछन् ।
- अपाङ्गता भएका मानिस, महिला, वृद्धवृद्धा र कमजोर शारीरिक अवस्था भएका मानिस अत्यधिक प्रभावित हुनेछन् ।

प्र. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

### ५.३.२ क्षेत्रगत उद्देश्य

विपद्मा परी विस्थापित भएका मानिसका लागि न्यूनतम मानवीय मापदण्डसहित सामाजिक, सांस्कृतिक रूपमा स्वीकार्य हुने अस्थायी आवासको व्यवस्थापन गरी सुरक्षित बासस्थानमा आत्मसम्मानसहित उनीहरूको पहुँच कायम गराउनु र सुरक्षित रूपमा बस्ने वातारण तयार गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य रहेको छ। यस क्षेत्रका समष्टिगत उद्देश्य निम्नअनुसार छन् :

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडा-कुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु।

### ५.३.३ आपत्कालीन प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आवास तथा गैरखाद्य क्षेत्रको आपत्कालीन बैठक आयोजना गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, क्षेत्रका सदस्य र स्थानीय तह | भूकम्प रोकिए लगत्तै |
| २ | विस्थापितको सङ्ख्या र जानकारी लिने, पहिचान भएका अस्थायी आवासमा बसोवास गराउने | क्षेत्र प्रमुख | जिविव्यस, सुरक्षा निकाय, नेरेसो, स्थानीय तह | तत्काल |
| ३ | कार्यदललाई परिस्थिति विश्लेषणको लागि प्रभावित क्षेत्रमा पठाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र स्थानीय तह | ४ घण्टाभित्र |
| ४ | प्राप्त सूचना र अवस्थाअनुरूप कार्ययोजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, नेरेसो, गैसस | १२ घण्टाभित्र |
| ५ | विस्थापितलाई पूर्वनिर्धारित स्थानहरूमा तत्कालीन बासको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस | १२ घण्टाभित्र |
| ६ | पूर्वनिर्धारित स्थानमा नअटेका विस्थापितलाई त्रिपालको व्यवस्था गरी तत्काल बसाउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस | १२ घण्टाभित्र |
| ७ | तत्काल लगाउने लुगाफाटो तथा अन्य गैरखाद्य सामग्री वितरण गर्ने (*महिला, बालबालिका, सुत्केरी तथा संवेदनशील व्यक्तिलाई विशेष ध्यान दिने*) | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह, गैसस, उवासंघ, यातायात व्यवसायी संघ | २४ घण्टाभित्र |
| ८ | मानवीय सहयोग गर्ने संस्थाहरूसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह, गैसस | २ दिनभित्र |
| ९ | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखाको लागि समन्वय क्षेत्रसँग सम्पर्क गरी तोकिएका सदस्यलाई सहभागी गराउने | क्षेत्र प्रमुख | समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र, जिविव्यस | ७ दिनभित्र |
| १० | मीराको प्रतिवेदनका आधारमा अस्थायी शिबिर स्थापना गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो तथा क्षेत्रका अन्य सदस्य | ९ दिनभित्र |
| ११ | विस्थापितको प्रत्यक्ष सहभागितामा शिबिर स्थापना गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गैसस, स्वास्थ्य संस्था | १० दिनभित्र |
| १२ | आवश्यकताअनुसार ओछ्याउने, ओड्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह, उवासंघ स्वयंसेवक | शिबिर स्थापना भएपछि |
| १३ | सामग्री वितरणको नियमित अनुगमन, गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो | नियमित |
| १४ | शिबिर व्यवस्थापन समिति गठन गरी काम गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्वयंसेवक नेरेसो, स्थानीय तह | शिबिर स्थापना भएपछि |

प्र. प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १५ | प्रतिवेदन तयार गरी सबैलाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | हप्ताको एक दिन |

## ५.३.४ प्रतिकार्यका लागि पूर्वतयारी

| क्र.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिविव्यस | वैशाख महिना |
| २ | पूर्वतयारी समन्वय बैठक आयोजना गर्ने :<br>• स्रोत र साधनको नक्साङ्कन गर्ने<br>• जिल्लाको परिस्थितिअनुसार सहयोग उपलब्ध गराइने सामग्रीहरूको मापदण्ड निर्धारण गर्ने,<br>• प्रभावित हुन सक्ने जनसङ्ख्याको आधारमा आवश्यक सामग्रीहरूको परिमाण आँकलन गर्ने । | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सबै सदस्य | जेठको पहिलो साता |
| ३ | पूर्वतयारीका लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह, गैसस, | जेठको पहिलो साता |
| ४ | सम्भावित सहयोगी निकाय तथा संस्थाहरूको पहिचान गरी आवासको लागि उपलब्ध साधन र स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य | जेठको पहिलो साता |
| ५ | अस्थायी बसोवासको लागि अन्य स्थानीय तहका सुरक्षित सार्वजनिक जग्गा तथा स्थानको पहिचान गरी उपयोग गर्ने सहमति लिने | कार्यदल | जिविव्यस, स्थानीय तह, नेरेसो | जेठको पहिलो साता |
| ६ | आवास तथा गैर खाद्य सामग्रीको आपूर्तिको लागि बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकताअनुसार सम्झौता गर्ने | कार्यदल | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | जेठ मसान्तभित्र |
| ७ | सबै स्थानीय तहमा सुरक्षित स्थान पहिचान गरी अस्थायी आवाशको लागि उपयुक्त बनाउने | कार्यदल | जिविव्यस, गैसस, स्थानीय तह, उवासंघ | वैशाख महिना |
| ८ | विस्थापित परिवारको लागि आश्रयस्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धन आदि समयमै उपलब्ध हुने व्यवस्था मिलाउने | कार्यदल | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस, जिल्ला प्राविधिक कार्यालय | जेठ दोस्रो साता |
| ९ | सामग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने | कार्यदल | जिविव्यस, नेरेसो, सुरक्षा निकाय, गैसस, यातायात व्यवसायी संघ | जोठ मसान्त |
| १० | गोदामघरको नियमित अनुगमन गरी जिविव्यसलाई नियमित प्रतिवेदन दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र कार्यदल | नियमित रूपमा |
| ११ | शिबिर व्यवस्थापन तथा समन्वय समितिको संरचना र जिम्मेवारीहरू निर्धारण तथा परिभाषित गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य | जेठ मसान्त |
| १२ | आवास तथा गैरखाद्य सामग्री वितरणको पूरा सूची राख्ने र नियमित रूपमा प्रतिवेदन तयार गरी जिविव्यस तथा अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, कार्यदल | शिबिर सञ्चालन भएमा नियमित |

प्र. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

## ५.४ खानेपानी सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन

यस क्षेत्रले भूकम्प प्रभावित क्षेत्र र अस्थायी आवाश क्षेत्रमा सरसफाइका कार्यक्रम सञ्चालन गर्नेछ भने विस्थापित समुदायलाई शुद्ध खानेपानीको व्यवस्था, सरसफाइ र अन्य कार्यक्रमका लागि तालिम र चेतना अभिवृद्धि गराउन आवश्यक कार्य गर्नेछ ।

### ५.४.१ भूकम्पबाट पर्ने प्रभावको सम्भावित परिदृश्य

- जिल्लाका १० वटै स्थानीय तहका मानिसहरु शुद्ध खानेपानीको अभावबाट प्रभावित हुनेछन् ।
- भूकम्पमा परी मरेका घरपालुवा पशु, भत्केका शौचालयबाट निस्कने फोहोर र सरसफाइको अभावका कारण महामारी फैलिने सम्भावना बढ्नेछ ।
- बालबालिका, बृद्धवृद्धा, रोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिला कुपोषणबाट प्रभावित बालबालिकामा सरसफाइ र स्वच्छता सम्बन्धी समस्या बढ्ने सम्भावना रहन्छ ।
- पनीको स्रोत सुक्ने सम्भावना भएकोले पानीको प्रवाहमा ह्रास हुने र कम्तीमा ३० प्रतिशत पानीसँग सम्बन्धित संरचनामा क्षति पुग्ने सम्भावना रहन्छ ।

### ५.४.२ क्षेत्रगत उद्देश्य :

विपद् प्रभावित तथा विस्थापित समुदायलाई पानी तथा कीटपतङ्गका माध्यमबाट लाग्ने तथा महमारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

### ५.४.३ आपत्कालीन प्रतिकार्य योजना

खानेपानी, सरसफाइ तथा स्वच्छता प्रबर्द्धन क्षेत्रको लागि निम्नअनुसार कार्ययोजना तय गरिएको छ :

| क्र.स. | गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १. | वास (Wash) क्षेत्र एजेन्सी जिल्ला विपद् व्यवस्थापन समिति बैठकमा सहभागी हुने र कार्यक्षेत्रमा सक्रिय हुने । | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सदस्य, जिल्ला वास समन्वय समिति | २४ घण्टा भित्र |
| २ | क्षेत्रगत सदस्य पहिचान गरी कार्य विवरण तयार गर्ने, पहिलो बैठक बस्ने<br>बैठकका विषयहरू :<br>• सहयोगी संस्था (पार्टनर) क्षमता पहिचान,<br>• कार्य तथा जिम्मेवारी विभाजन गर्ने,<br>• सामग्री आपूर्तिकर्ताको सूची तयार गर्ने,<br>• विद्यमान स्रोत र मागको विश्लेषण गर्ने, | जिस्वाका र क्षेत्र प्रमुख | जिल्ला खानेपानी तथा स्वच्छता प्रबर्द्धन समन्वय समिति | ४८ घण्टा (पहिलो बैठक) |
| ३ | क्षेत्रका प्रत्येक सदस्यले आ-आफनो निकायको माथिल्लो तहमा आवश्यकताको जानकारी गराउने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, गैसस, जिल्ला खानेपानी तथा स्वच्छता प्रबर्द्धन | ४८ घण्टा (पहिलो बैठक) |
| ४. | जिल्ला खानेपानी तथा स्वच्छता प्रबर्द्धनका साधनहरूको निमार्ण तथा मर्मत कार्य गर्ने | जिजस्वाका, क्षेत्रका सदस्य | जिविव्यस, दातृ निकाय, गैसस | १ हप्ताभित्र |
| ५ | सरसफाइका सामग्री वितरण गर्ने<br>० हार्पिक वा फिनेल १, बोतल प्रति शौचालय<br>० ब्रस १ थान प्रति शौचालय<br>० साबुन, तौलिया १ थान | जिजस्वाका, क्षेत्रका सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस | दोस्रो हप्ता |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | ० बाल्टी ५ लि. १ थान र १ मग/परिवार | | |
| ६ | क्षेत्रका सदस्यहरूबीच कार्य समन्वय गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, | १ हप्ता भित्र |
| ७ | क्षेत्रका सदस्यबीच मीरा (MIRA) को बारे अभिमुखीकरण गरी सोअनुरूप कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, गैसस | ४ दिनभित्र |
| ८ | मीराको प्रतिवेदनको विश्लेषण र माग र आपूर्तिबीचको अवस्था विश्लेषण गरी कार्य गर्ने | क्षेत्र प्रमुख र सदस्य | | ७ दिनभित्र |
| ९ | हाइजिन कीट वितरण र सचेतना (३००० परिवार) | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस | ७ दिनभित्र |
| १० | खानेपानी शुद्धीकरणका सामग्रीहरु वितरण (बाल्टीन २ वटा १० र १५ लि., मग १, पिउर पहिलो १ हप्ता र बाँकी दिनका लागि वाटरगार्ड वा पियुष १ प्रति परिवार) | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस | पहिलो हप्ताभित्र |
| ११ | अनुगमन सुचक पहिचान गरी अनुगमन संयन्त्र परिचालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, गैसस | नियमित |
| १२ | सरसफाइ प्रबर्द्धन कार्य गर्ने गराउने<br>• फोहरमैला व्यवस्थापन/फोहरपानी व्यवस्थापन<br>• शिबिर क्षेत्रको सरसफाइ र निर्मलीकरण<br>• स्थानीय भाषामा जनचेतनामूलक क्रियाकलाप चलाउने<br>• सरसफाइ समिति गठन र अभिमुखीकरण<br>• आम सञ्चारका साधन र स्रोतहरु जस्तै माइकिङ, सडक नाटकको आयोजना गर्ने<br>• सूचना केन्द्र स्थापना गर्ने<br>• जानकारीमूलक, शिक्षाप्रद प्रचार सामग्री तयार गरी वितरण गर्ने<br>• स्वयंसेवक परिचालन<br>• सञ्चार क्षेत्रको परिचालन<br>• बाल/युवा क्लबको परिचालन | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस | नियमित |
| १३ | शिबिर क्षेत्र निर्माण गर्दा शौचालय, धारा, हात धुने ठाउँ निर्माण न्यूनतम मापदण्ड अनुरुप संरचना निर्माण गर्ने र त्यसका लागि गैरखाद्य र शिबिर व्यवस्थापन क्षेत्रसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | गैरखाद्य तथा शिबिर व्यवस्थापन क्षेत्र, स्थानीय तह | आवश्यकता अनुसार |
| १४ | समुदायबाट र अन्य क्षेत्रबाट पृष्ठपोषण सङ्कलन र पुनरावलोकन गरी सुधारका क्षेत्र पहिचान गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस, | दोस्रो र तेस्रो हप्ता |
| १५ | उद्योग वाणिज्य सङ्घलगायत निजी क्षेत्रसँग समन्वय गरी स्रोतको खोजी तथा सङ्कलन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, | दोस्रो हप्ता |
| १६ | अन्तिम मूल्याङ्कन गर्ने, अभिलेख तयार गर्ने र वितरण गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, गैसस | पाँचौं हप्ताको अन्तमा |
| १७ | शिबिर रहेको क्षेत्रको पूर्ण सरसफाइ र सरसफाइसम्बन्धी संरचनाको सुरक्षित विस्थापन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस | शिबिर उठेपछि |
| १८ | शिबिर रहेका विद्यालयका शौचालयको मर्मतसम्भार गरी पूर्ववत अवस्थामा सञ्चालन गर्न सकिने बनाउने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस | अस्थायी बसोबास उठेपछि |
| १९ | स्वास्थ्य क्षेत्रसँग समन्वय गरी पानीजन्य सरुवा रोगको | क्षेत्र प्रमुख र | स्वास्थ्य क्षेत्र | पाचौं हपता |

| | | | | |
|---|---|---|---|---|
| | प्रकृति पहिचान गर्ने र त्यसअनुसार स्वास्थ्य प्रवर्द्धन सन्देस्य सचेतना अभिवृद्धि गर्ने | | | |

### ५.४.४ प्रतिकार्यका लागि पूर्वतयारी

खानेपानी, सरसफाइ तथा स्वस्थ्य प्रबर्द्धन क्षेत्रले आपतकालीन समयमा गर्ने उल्लिखित कार्यको लागि निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | वास क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य निकाय वा संस्था र तिनका प्रतिनिधिको पुनरावलोकन गर्ने :<br>• क्षेत्रमा रहन इच्छुक संस्थाहरूको विवरण सङ्कलन गरी सूचीकरण गर्ने,<br>• मस्यौदा कार्यविवरण तयार गर्ने,<br>• यस क्षेत्रमा काम गर्ने गैसस, निर्माण व्यवसायी र निर्माण सामग्री बिक्रेताबाट इच्छापत्र माग गर्ने । | क्षेत्र प्रमुख | जिजस्वाका, स्वास्थ्य क्षेत्र, प्रजिअ, | चैतको दोस्रो हप्ता |
| २ | समुदाय स्थानान्तरण भएको स्थान वा शिबिर तथा प्रभावित स्थानीय तहमा स्वच्छता प्रबर्द्धनसँग सम्बन्धित खानेपानी, शौचालयजस्ता संरचना तथा सरसफाइको अवस्थाको अध्ययन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | | आवश्यकताअनुसार |
| ३ | विभिन्न संस्थाहरूसँग भएको सरसफाइ सामग्रीहरूको मौज्दात विवरण सङ्कलन गर्ने | क्षेत्र प्रमुख | | बैशाख मसान्तसम्म |
| ४ | मीराको तालिममा सहभागी हुन सदस्य तोक्ने | क्षेत्र प्रमुख | | जिविव्यसले तोकेअनुसार |
| ५ | पानी शुद्धीकरण र हाइजीन कीट, साबुन पानीले हात धुने सम्बन्धमा सरसफाइको लागि घरदैलो अभियान सञ्चालन गर्न महिला स्वास्थ्य स्वयंसेविकालाई अभिमुखीकरण गरी परिचालन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | स्वास्थ्य कार्यालय | बैशाख मसान्तभित्र |
| ६ | जनचेतना अभिवृद्धिका लागि विभिन्न सङ्घ संस्थासँग भएका सूचना तथा सञ्चारका सामग्री सङ्कलन गरेर अभिलेख राखी वा आफैँले तयार गरी प्रकाशन गरी वितरण गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | स्वास्थ्य कार्यालय | रेडियोबाट जेठ २० जेठदेखि भदौसम्म |
| ७ | खानेपानी तथा सरसफाइ संरचनाहरूको (चर्पी, हात धुने ठाउँ, स्नान घर आदि) र तालिमका नमूनाहरू स्तरीकरण गरी लागत निकाल्ने र क्षेत्रको बैठकबाट अनुमोदन गराई प्राविधिकहरूलाई अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख र क्षेत्रका सदस्य , | स्वास्थ्य कार्यालय | जेठ मसान्त |
| ८ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका वास क्षेत्रबाट तयार भएका अनुगमन सूचकहरू, फारमहरू स्थानीय स्तरमा सुहाउने बनाई सदस्यहरूबीच अभिमुखीकरण गर्ने | युनिसेफ | स्वास्थ्य कार्यालय | वैशाख मसान्त |
| ९ | खानेपानी, सरससफाइ तथा स्वास्थ्य प्रबर्द्धनसम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्वास्थ्य कार्यालय | जेठ मसान्त |
| १० | आपत्कालीन स्वास्थ्य प्रबर्द्धनसम्बन्धी स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | स्वास्थ्य कार्यालय | चैत मसान्तभित्र |
| ११ | जिल्ला तथा गाउँमा स्थापित नाट्य समूहहरूलाई आपत्कालीन स्वास्थ्य प्रबर्द्धनसम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख र सदस्य | स्वास्थ्य कार्यालय | चैत मसान्तसम्म |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १२ | विद्यालयमा स्थापित बालसमूहहरूबीच सरसफाइसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्वास्थ्य कार्यालय | चैत्र मसान्तसम्म |

### ५.५ स्वास्थ्य तथा पोषण

यस क्षेत्रले भूकम्पका कारण घाइते र बिरामी भएका मानिसलाई स्वास्थ्य सेवा उपलब्ध गराउने प्रत्याभूति दिनु र आपत्कालीन समयमा स्वास्थ्य सेवा दिने र कुपोषित बालबालिका, गर्भवती र सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्नको व्यवस्थामा सहयोग गर्नु पर्दछ ।

#### ५.५.१ भूकम्पबाट पर्ने प्रभावको सम्भावित परिदृश्य

- नगरपालिका र गाउँपालिकाका प्रभावित मानिसमध्ये आधाजसो मानिस घाइते हुने सम्भावना रहनेछ ।
- बालबालिका, बृद्धवद्धा, रोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिला कुपोषणबाट प्रभावित बालबालिकामा स्वास्थ्य सम्बन्धी समस्या बढ्ने सम्भावना रहन्छ ।

#### ५.५.२ क्षेत्रगत योजनाको उद्देश्य

भूकम्पका कारण घाइते र बिरामी भएका मानिसलाई स्वास्थ्य सेवा उपलब्ध गराउने प्रत्याभूति दिनु र आपत्कालीन समयमा स्वास्थ्य सेवा सबैको पहुँच कायम हुनेगरी स्वास्थ्य सेवा पदान गर्नु र कुपोषणको अवस्था अनुरुप पोषणयुक्त सामग्री उपलब्ध गराउनु यस विषयगत क्षेत्रको उद्देश्य रहनेछ ।

#### ५.५.३ आपतकालीन प्रतिकार्य योजना

भूकम्पबाट उत्पन्न विपद्को अवस्थामा जनस्वस्थ्य रक्षा र कुपोषण नियन्त्रणका लागि स्वास्थ्य तथा कुपोषण विषयगत क्षेत्रले निम्न कार्य गर्नेछ :

| क्र.स. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आपतकालीन बैठक आयोजना गरी :<br>- विपद्को अवस्थाको मुल्याङ्क गर्ने<br>- विशिष्ट सेवा दिनु पर्ने जनसङ्ख्याको पहिचान गर्ने,<br>- प्रतिकार्य योजना अनुरूप भएका पूर्वतयारीको पुनरावलोकन गर्ने,<br>- जिल्ला विपद् व्यवस्थापन समिति र अन्य क्षेत्र तथा सरोकारवालासँग सम्बन्ध राखी काम गर्ने व्यवस्था मिलाउने, | क्षेत्र प्रमुख | क्षेत्रगत सदस्य, स्वास्थ्य कार्यकर्ता, जिविव्यस, नेरेसो, | भूकम्प आएको २४ घण्टाभित्र, पहलो हप्ता प्रत्येक दिन र त्यसपछि आवश्यकता अनुसार |
| २ | भूकम्पबाट स्वास्थ्यमा उत्पन्न समस्याबारे सूचना तथा जानकारी सङ्कलन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्वास्थ्यकर्मी | ३ दिनभित्र |
| ३ | बहु क्षेत्रगत द्रूत लेखाजोखाको प्रतिवेदन र सूचना लिने | क्षेत्रबाट तोकिएको सदस्य | समन्वय तथा सूचना क्षेत्र, | ३ देखि ७ दिन |
| ४ | बहूक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा प्रतिवेदनको आधारमा स्वास्थ्यसम्बन्धी आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य, जिविव्यस | ७ दिन, १५ दिन |
| ५ | घाइतेको उपचारका लागि तत्काल स्वास्थ्य कार्यदल खटाउने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, स्वयंसेवक | एक हप्ताभित्र |
| ६ | थप उपचारका लागि अस्पताल पठाउने व्यवस्था मिलाउने | स्वास्थ्य कार्यदल | कार्यदल | तत्कालै |
| ७ | सरुवा रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, स्वयंसेवक | एक हप्ताभित्र |

प्र. प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ८ | जनस्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, स्वयंसेवक | एकहप्ता भित्रमा |
| ९ | सुत्केरी तथा बच्चालाई दूध खुवाउने आमा, गर्भवती महिला र कुपोषित बालबालिकालाई पोषणयुक्त खाद्यान्नको लागि खाद्य क्षेत्रलाई सिफारिस गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, स्वयंसेवक | आवश्यकता अनुसार |
| १० | शिबिरमा मलेरिया नियन्त्रणको लागि विषादि छर्किने | स्वास्थ्य कार्यदल | जिविव्यस, जिजस्वाका | शिबिर स्थापना भएपछि |
| ११ | झुल वितरण गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, गैसस | आवश्यकता अनुसार |
| १२ | शिबिरमा स्वास्थ्यकेन्द्र गर्ने र पोषण क्लिनिक स्थापना गर्ने | स्वास्थ्य कार्यदल | नेरेसो, गैसस, | शिबिर स्थापना भएपछि |
| १३ | संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक सेवा सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, | आवश्यकता अनुसार |
| १४ | अन्य क्षेत्र र जिविव्यससँग मिलेर प्रतिकार्यको नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख | नेरेसो, गैसस, | नियमित रूपमा |
| १५ | स्वास्थ्य तथा पोषणको अवस्था, भएका कार्य र आवश्यकताको समीक्षा गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य कार्यदल, क्षेत्र सदस्यहरू | नियमित रूपमा |
| १६ | प्रतिवेदन तयार गरी जिविव्यस र सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | कार्यदल | नियमित रूपमा |

### ५.५.४ प्रतिकार्यका लागि पूर्वतयारी

भूकम्पीय विपद्को सामना गर्न आपतकालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रले निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक आयोजना गरी सदस्यबीच कार्यविभाजन गर्ने र आपत्कालीन स्वास्थ्य कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, जिस्वाका, नेरोसो, स्वास्थ्य स्वयंसेवक | नियमित व्यवस्था गर्ने र प्रयेक दुई महिनामा पुनरावलोकन गरी अध्यावधिक गर्नु पर्ने |
| २ | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा (मीरा-MIRA) को लागि क्षेत्रको सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रको बैठक | |
| ३ | जिल्लाका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरूसँग भएको स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य, गैसस, | |
| ४ | जिल्लास्थित सरोकारवाला वा सहयोगी निकाय वा संस्थाको सूची र सहयोगको खाका तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस | |
| ५ | आपतकालीन अवस्थामा आवश्यक पर्ने औषधि (ORS, IV fludrs, metronidazole, ciprofloxacin) ७ दिनको लागि पुग्नेगरी भण्डारण गर्ने | क्षेत्र प्रमुख | जिस्वाका, जिविव्यस, नेरेसो, गैसस, | |
| ६ | प्रत्येक स्थानीय तहको लागि तीन थानका दरले प्राथमिक उपचार बाकस (First Aid Kits) व्यवस्था गर्ने | क्षेत्र प्रमुख | जिस्वाका, जिविव्यस, नेरेसो, गैसस, | |
| ७ | हरेक सङ्कटासन्न स्थानीय तहमा कम्तीमा पनि ९ जनालाई पोषणसम्बन्धी अनुशिक्षण तालिम उपलब्ध गराउने | कार्यदल | जिविव्यस, नेरेसो, गैसस | |
| ८ | बच्चालाई दूध खुवाउने आमा, सुत्केरी र गर्भवती महिला, | कार्यदल | जिविव्यस, नेरेसो, गैसस | |

प्र. प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | कुपोषित बालबालिका र बूढाबूढीको लागि एक महिनालाई पुग्ने पोषणयुक्त खाना भण्डारण गर्ने | | | |
| ९ | आवश्यक सबै सामान खरिद गरेर वा माथिल्लो निकायबाट निकासा लिएर भण्डारणको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | बन्दोवस्ती क्षेत्र, जिस्वाका, जिविव्यस, नेरेसो, गैसस, | |
| १० | स्वास्थ्य शिबिर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने | कार्यदल | जिविव्यस, नेरेसो, गैसस, | |
| ११ | जनचेतना अभिवृद्धिका लागि सूचना प्रचारप्रसार गर्ने र पाठ्यसामग्री तयार गरी स्वयंसेवक परिचालन गर्ने | कार्यदल | जिविव्यस, नेरेसो, गैसस, | |
| १२ | एम्बुलेन्सको सहज परिचालनको बन्दोवस्त मिलाउने | कार्यदल | जिस्वाका, नेरेसो, गैसस, | |
| १३ | अनुगमन र प्रतिवेदनको लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | क्षेत्रका सदस्य | |

## ५.६ संरक्षण क्षेत्र

### ५.६.१ भूकम्पबाट पर्ने प्रभावको सम्भावित परिदृश्य

- विद्यालय क्षतिग्रस्त हुनाले विद्यार्थी नियमित शिक्षा अर्जन गर्ने अवसरबाट बञ्चित हुने सम्भावना सँगै उनीहरूमा असुरक्षाको भावना जाग्नेछ ।
- भूकम्पमा परी मानिस घाइते हुने र मृत्यु हुने हुँदा उनीहरूमा मानसिक पीडा बढ्नेछ ।
- बालबालिका, बृद्धवद्धा, रोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिला र बालबालिका आपसमा भेट नहुँदा असुरक्षाको भावना जागनेछ ।
- किशोरीहरू, महिलाहरूमा यौनजन्य दुर्व्यवहार बढ्ने सम्भावना हुनेछ ।
- विद्यालय छाड्ने बालबालिकाको संख्या बढ्ने र बालमजदुरी वृद्धि हुने सम्भावन बढ्छ ।
- चोरी, हिंसाजन्य गतिविधिका साथै चेलिबेटी बेचबिखनजस्ता घटना बढ्न सक्छन् ।

### ५.६.२ क्षेत्रगत उद्देश्य

भूकम्पका कारण धेरै जनधनको क्षति भएर मानिसमा बढेको मानसिक पीडा तथा असुरक्षाका सवालमा मानोसामाजिक सेवा प्रदान गर्नु र महिला, बालबालिका तथा विपन्न र सीमान्तीकृत समुदयमााथि बढ्नसक्ने सबैप्रकारका दुर्व्यवहारबाट संरक्षण गर्नु यस विषयगत क्षेत्रको उद्देश्य हुनेछ ।

### ५.६.३ आपत्कालीन प्रतिकार्यसम्बन्धी कार्य

विपद्को समयमा प्रभावितहरूको संरक्षणका लागि यस क्षेत्रले अन्य क्षेत्रसँग समन्वय गरी निम्नअनुसार कार्य गर्नेछ :

| क्र.सं. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १. | संरक्षण समूह समन्वय बैठक | क्षेत्र प्रमुख | नेपाल प्रहरी | २४ घण्टाभित्र |
| २. | तत्काल महिला तथा बालबालिकाको अवस्था पहिचान गर्न स्वयंसेवक परिचालन गर्ने | क्षेत्र प्रमुख | समितिका सदस्य | २४ घण्टाभित्र |
| ३. | सबै सदस्यहरूकार्य कार्यविभाजन पुनरावलोकन र परिचालन | क्षेत्र प्रमुख | समितिका सदस्य | ४८ घण्टाभित्र |
| ४. | प्रभावित बालबालिकाहरूलाई सामूहिक मनोसामाजिक परमर्श तथा सेवा उपलब्ध गराउने | क्षेत्र प्रमुख | मनोविमर्श कर्ताहरू | ४८ घण्टा भित्र |
| ५. | शिबिरमा आई पर्न सक्ने जोखिमता तथा सावधानीका विषयमा अभिमुखीकरण र उपलब्ध सेवाको बारेमा जानकारी । | क्षेत्र प्रमुख | समिति सदस्यहरू | नियमित |
| ६. | जेठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि नियमित सहयोगको लीग सहयोग समितिको निमार्ण । | क्षेत्र प्रमुख | समिति सदस्यहरू | ३ दिनभित्र |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ७. | गर्भवती महिला तथा नवजात शिशुहरूमा पर्न स[illegible]को बारेमा जानकारी गराउने र उनीहरूको लागि आवश्यक सामाग्रीको तयारी तथा वितरण गर्ने । | क्षेत्र प्रमुख | समिति सदस्यहरू | नियमित |
| ८. | अपाङ्गता भएका व्यक्तिहरू तथा महिलाहरूको सुरक्षित शौचालय तथा सेनिटरी प्याडको व्यवस्थाको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने । | क्षेत्र प्रमुख | समितिका सदस्य | शिबिरमा राखेपछि तत्काल |
| ९. | शिबिरमा हुन सक्ने यौन जन्य हिंसाको बारेमा महिला तथा बालबालिकाहरूलाई जानकारी गराउने र आफूलाई तत्काल कसैले त्यस्तो व्यवहार गरेमा सुरक्षित सुचना केन्द्रको व्यवस्था गर्ने र उक्त स्थानमा मनोविमर्शकर्ताको पनि व्यवस्था गर्ने । | क्षेत्र प्रमुख | महिला प्रहरी सेलको समन्वयमा समिति सदस्यहरू | घटनाको जानकारी प्राप्त हुनासाथ |
| १०. | महिला तथा बालबालिकाहरूको बेचबिखन हुनबाट जोगाउन पहल गर्ने । | क्षेत्र प्रमुख | समिति सदस्यहरू | आवश्यकता अनुसार |
| ११. | तत्कालीन रूपमा पर्न जाने स्वास्थ्य, खद्यान्न प्राविधिक तथा सामाजिक मनोविश्लेषकका साथै अन्य आवश्यक संसाधनको बारेमा जानकारी प्रवाह तथा व्यवस्थापनका लागि एउटा घुम्ती कार्यदल बनाइ सूचना प्रवाह गर्ने । | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यहरू | घटना हुनासाथ |
| १२ | उचित र सुरक्षित अस्थायी बसोबासका लागि उल्लेखित क्षेत्रमा भएका निजी तथा सार्वजनिक भवन, पाटी पौवा तथा स्कूलहरूसँग सह सम्बन्ध राख्दै अन्य स्थानीय सहयोगीहरूको साथमा सिवीरका साथ बस्ने व्यवस्था मिलाउने । | स्थानीय तह प्रमुख, वडा अध्यक्ष | सदस्यहरू | ७ दिनभित्र |
| १३ | जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह | नियमित |
| १४ | प्रतिकार्यको नियमित प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख | सदस्यहरु | पहिलो ७ दिन प्रत्येक दिन र त्यसपछि प्रत्येक साता |

### ५.६.४ आपत्कालीन समयको लागि पूर्वतयारी

यस क्षेत्रले आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा उपलब्ध गराउने संरक्षणसम्बन्धी कार्यका लागि विपद्पूर्व निम्नअनुसार तयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, जि.स.स. | मासिक |
| २ | लेखाजोखा तथा जिम्मेवारी बाँडफाँड र संरक्षणसम्बन्धी आधाररेखा तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, स्थानीय तहहरू | जेठ मसान्तभित्र |
| ३ | मनोसामाजिक कार्यकर्ताहरूको रेकर्ड अद्यावधिक गर्ने र तालिम सञ्चालन | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यहरू | जेठ मासन्त |
| ४ | गर्भवती तथा सुत्केरी आमाको लागि सुरक्षित स्थानको व्यवस्थापन गर्नका लागि आवास तथा स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने | क्षेत्रको तोकिएको सदस्य | क्षेत्रका सदस्यहरू | जेठ मसान्त |
| ५ | प्रभावित व्यक्तिहरूको मनोसामाजिक सेवाको लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख र सदस्य | क्षेत्रका सदस्यहरू | जेठ मसान्त |
| ६ | सञ्चालित कार्यक्रममा बाल संरक्षणको सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने<br>क) कार्यक्रम सञ्चालन गर्ने संस्था पहिचान र रोस्टर तयार गर्ने<br>ख) सहयोगी कार्यकर्ताहरूलाई अभिमुखीकरण दिने | क्षेत्र प्रमुख र सदस्य | क्षेत्रका सदस्यहरू | नियमित |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ७ | स्थानीय भाषामा आचारसंहिता मुद्रण गर्ने र क्षेत्रका सदस्यलाई जानकारी दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यहरू | जेठ मसान्तभित्र |
| ८ | विगत वर्षहरूमा प्रयोग गरिएका विभिन्न सूचना सामग्रीहरू अध्यावधिक र परिमार्जन गरी प्रकाशन र वितरण गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यह | जेठ मसान्तभित्र |
| ९ | सरोकारवालाहरूलाई आचार संहिता सहित संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यहरू | जेठ मसान्तभित्र |
| १० | अनुगमन मूल्याङ्कन समिति गठन गरी अनुगमन विधिको विकास गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यहरू | १ वर्ष भित्रमा |
| ११ | फरक क्षमता भएका व्यक्तिहरूलाई सुरक्षासम्बन्धी जानकारी एवं अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यहरू | नियमित रूपमा |
| १२ | ज्येष्ठ नागरिक तथा जोखिममा पर्न सक्ने समूहलाई विपद् र आपतकालीन मानवीय सहयोगबारे जानकारी दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यहरू | नियमित रूपमा |
| १३ | समयसापेक्ष आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | क्षेत्र प्रमुख | क्षेत्रका सदस्यहरू | नियमित रूपमा |
| १४ | स्थानीय तहका वडाहरुमा जेष्ठ नागरिक, अशक्त, अपांगता भएका व्यक्ति, बालबालिकाको अभिलेख दुरुस्त राख्ने | क्षेत्र प्रमुख | स्थानीय तह क्षेत्रका सदस्यहरु | नियमित |

### ५.७ आपत्कालीन समयमा शिक्षा

यस क्षेत्रले भूकम्पका कारण प्रभावित भएका विद्यालयमा एकसातापछि पठनपाठनलाई नियमित राखी विद्यार्थीको शिक्षा आर्जन गर्न पाउने नैसर्गिक अधिकारको रक्षा गर्न आवश्यक व्यवस्था र बन्दोबस्त गर्नेछ ।

### ५.७.१ भूकम्पबाट पर्ने प्रभावको सम्भावित परिदृश्य

- स्थानीय विद्यालयका विद्यार्थी नियमित शिक्षा अर्जन गर्ने अवसरबाट बञ्चित हुने सम्भावना रहेको छ ।
- भूकम्पमा परी कैयन विद्यालय भवनहरू, शैक्षिक साधन र सामग्री नष्ट हुनेछन् ।
- बालबालिका, बृद्धवद्धा, रोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिला कुपोषणबाट प्रभावित बालबालिकामा स्वास्थ्य सम्बन्धी समस्या बढ्ने सम्भावना हुन्छ ।
- बालबालिका मानसिक रुपले त्रसित हुनसक्नेछन् ।

### ५.७.२ क्षेत्रगत उद्देश्य

विद्यालयहरू क्षतिग्रस्त भई नियमित पठनपाठन अवरुद्ध भएका विद्यालयका विद्यार्थी र विस्थापित घरपरिवारका बालबालिकालाई नियमित रूपमा आपत्कालीन शिक्षा कार्यक्रम सञ्चालन गराई शिक्षा अर्जन गर्न पाउने अधिकारको संरक्षण गरी नियमित शिक्षा प्रदान गर्नु यस विषयगत क्षेत्रको उद्देश्य हुनेछ ।

### ५.७.३ आपत्कालीन प्रतिकार्य योजना

भूकम्पबाट उत्पन्न विपद्को अवस्थामा प्रभावित विद्यार्थीको पठनपाठन नियमित गर्न निम्नअनुसारका कार्य गरिनेछ :

| क्र.सं. | प्रतिकार्यसम्बन्धी कार्य | जिम्मेवारी | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक गरी प्रभावित स्थानीय तहका शैक्षिक क्षेत्रको विश्लेषण र जिम्मेवारी पुनरावलोकन | क्षेत्र प्रमुख | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य | २४ घण्टा भित्र |
| २ | शिक्षासम्बन्धी द्रुत लेखा जोखा (Initial Rapid Assessment) गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य | ३ देखि १५ दिनभित्र |

प्र. प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ३ | तथ्याङ्क सङ्कलन, समायोजना विश्लेषण र प्रतिवेदन तयारी र आदान-प्रदान गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य | मीराको प्रतिवेदन प्राप्त भएपछि २ दिनभित्रै |
| ४ | शैक्षिक गतिविधि सञ्चालन गर्न सुरक्षित स्थानको पहिचान | क्षेत्र प्रमुख | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य | ५ दिनभित्र |
| ५ | ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको लागि सुरक्षित स्थानमा शैक्षिक कार्यक्रम सञ्चालन | क्षेत्र प्रमुख | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य | २ हप्ताभित्र |
| ६ | मनोसामाजिक परामर्श सेवा<br>• संरक्षण क्षेत्रमा सिफरिस गर्ने<br>• सुरक्षित स्थानको शिक्षकलाई तालिम<br>• सुरक्षित स्थानको व्यवस्था गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य | निरन्तर |
| ७ | अस्थायी विद्यालय (Temporary Learning Center) निर्माण र कक्षा १ देखि ५ सम्मको कक्षा सञ्चालन (१०० जनाको क्षमताको कक्षा कोठा त्रिपाल र बाँसले बनेको) | क्षेत्र प्रमुख | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य, गैसस | निरन्तर |
| | • शिक्षक तालिम<br>• विद्यार्थीहरूलाई पाठ्य पुस्तक वितरण | शिक्षा कार्यदल | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य, गैसस | १ महिनाभित्र<br>२ महिनाभित्र |
| | • पोसाक, शैक्षिक सामग्री कपडा-सर्ट, पेन्ट, स्कट वितरण गर्ने<br>• फर्निचरको प्रबन्ध गर्ने<br>• विद्यालय शैक्षिक सामग्री व्यवस्था गर्ने<br>• खेलकुद सामग्रीको व्यवस्था गर्ने<br>• खाने पानी र लैङ्गिक तथा अपाङ्गता मैत्री शौचालयको व्यवस्था | शिक्षा कार्यदल | शि.वि.स.ई., युनिसेफ, आवास तथा गैरखाद्य क्षेत्र, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्र | शिबिर स्थापनाको ५ दिनभित्र<br>शिबिर व्यवस्थापनको ५ दिनभित्र<br>आवश्यकता अनुसार |
| ८ | शिक्षकलाई एकपटक आवश्यक सामग्री सहयोग गर्ने | शिक्षा कार्यदल | स्थानीय तह, स्रोतकेन्द्र क्षेत्रका सदस्य, युनिसेफ | आवश्यकता अनुसार |
| ९ | • ६ - १० कक्षाका विद्यार्थीहरूका लागि आवश्यक कार्यक्रम गर्ने<br>• ६ - १० कक्षामा भर्ना भएका विद्यार्थीको तथ्याङ्क सङ्कलन<br>• आश्रित विद्यालयलाई सहयोग गर्ने<br>• विद्यार्थीलाई स्टेशनरी र पोषाकको वितरण गर्ने<br>• पाठ्यपुस्तक वितरण गर्ने<br>• ९- १० का विद्यार्थीको लागि विशेष कक्षाको व्यवस्था<br>• विद्यालयलाई फर्निचर को व्यवस्थापन र थप आवश्यक शिक्षकको परिचालन<br>• कक्षा ११ - १२ का विद्यार्थीहरूका लागि पोषाक र स्टेशनरी र शुल्कको व्यवस्थापन | शिक्षा कार्यदल | • शिक्षा स्रोत केन्द्र,<br>• युनिसेफ,<br>• आवास तथा गैरखाद्य क्षेत्र,<br>• निजी विद्यालय | १५ दिनभित्र |
| १० | अनुगमन मुल्याङ्कन | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र शि.वि.स.ई. | निरन्तर |
| ११ | विद्यालय नगएका ८ देखि १४ वर्ष सम्मका बालबालिकाको लागि अनौपचारिक शिक्षा चलाउने | क्षेत्र प्रमुख | शि.वि.स.ई., युनिसेफ | १ महिना |

प्रमुख जिल्ला अधिकारी

### ५.७.४ प्रतिकार्यका लागि पूर्वतयारी

यस क्षेत्रले आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा उपलब्ध गराउने संरक्षणसम्बन्धी कार्यका लागि विपद्पूर्व निम्न तयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधि गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, मविका र क्षेत्रका सदस्य | वैशाख १५ भित्र |
| २ | लेखाजोखा तथा जिम्मेवारी बाँडफाँड र संरक्षणसम्बन्धी आधाररेखा तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, स्थानीय तहहरू | वैशाख मसान्तभित्र |
| ३ | मनोसामाजिक कार्यकर्ताहरूको रेकर्ड तथा सूचनाहरू अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिविव्यस | वैशाख मासन्त |
| ४ | गर्भवती तथा सुत्केरी आमाको लागि सुरक्षित स्थानको व्यवस्थापन गर्न स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने | क्षेत्रको तोकिएको सदस्य | स्थानीय तह | वैशाख मसान्त |
| ५ | प्रभावितको लागि तयार भएका सुरक्षित आवासको रेखदेख, मनोसामाजिक सेवाको लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तह | वैशाख मसान्त |
| ६ | सञ्चालित कार्यक्रममा बाल संरक्षणको विषय समावेश गर्न समन्वय गर्ने<br>क) कार्यक्रम सञ्चालन गर्ने संस्था पहिचान र रोस्टर तयार गर्ने<br>ख) सहयोगी कार्यकर्ताहरूलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तह | वैशाख मसान्तभित्र |
| ७ | स्थानीय भाषामा आचारसंहिता मुद्रण गर्ने र क्षेत्रका सदस्यलाई जानकारी दिने | क्षेत्र प्रमुख | स्थानीय तह, क्षेत्रका सदस्य | वैशाख मसान्तभित्र |
| ८ | गत वर्ष प्रयोग गरिएका विभिन्न सूचना सामग्री अध्यावधिक गरी परिमार्जनका लागिसमन्वय गर्ने । | क्षेत्र प्रमुख | स्थानीय तह | वैशाख मसान्तभित्र |
| ९ | सरोकारवाला एवं सुरक्षाकर्मीहरूमध्ये करिब १५० जनालाई आचार संहिता सहित संरक्षणसम्बन्धी अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, दातृ निकाय वा गैसस | भूकम्पपछि कार्य प्रारम्भ गर्नासाथ |
| १० | अनुगमन मूल्याङ्कन समिति गठन गरी अनुगमन विधिको विकास गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, सुरक्षा निकाय र क्षेत्रका सदस्य | भूकम्पपछि शिबिर सञ्चालन हुन थालेपछि |
| ११ | मनोसामाजिक सेवा संयन्त्र स्थापनामा समन्वय, पुनःस्थापना केन्द्र, कानुनी उपचार सेवा, स्वास्थ्य उपचार सेवाबारे पूर्वतयारी गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, क्षेत्रका सदस्य, जिस्वाका | वैशाख मसान्तभित्र |
| १२ | बालअधिकार संरक्षण सम्बन्धमा सरोकारवालाहरू (स्थानीय तहका प्रतिनिधिहरू, प्रहरी, सेना लगायत) लाई तालिम दिने | क्षेत्र प्रमुख | स्थानीय संस्था | वैशाख मसान्तभित्र |
| १३ | फरक क्षमता भएका व्यक्तिहरूलाई सुरक्षासम्बन्धी पूर्व जानकारी एवं अभिमुखीकरण गर्ने | क्षेत्र | स्थानीय तह, आपाङ्गता समन्वय समिति, गैसस | नियमित रूपमा |
| १४ | ज्येष्ठ नागरिक तथा जोखिममा पर्न सक्ने समूहलाई विपद् र आपत्कालीन मानवीय सहयोगबारे पूर्व जानकारी दिने | | स्थानीय तह, अपाङ्गता समन्वय समिति | चैत महिना |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय संखुवासभा

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

## ५.८.१ विषयगत क्षेत्र : आपतकालीन बन्दोबस्त (Emergency Logistic)

ठूलो भूकम्प गएको अवस्थामा सङ्खुवासभा जिल्लाका अधिकांश मानिसहरु प्रत्यक्ष प्रभावित हुने प्रक्षेपण गरिएको छ। भूकम्पका कारण पर्ने प्रभावको सामना गर्न उद्धार, राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक स्रोत, साधन र वस्तुको आपूर्ति गर्नु पर्ने हुन्छ। आन्तरिक विस्थापित मानिसलाई समयमा आवश्यक वस्तुको उपलब्धतालाई सुनिश्चित गर्न यस विषयगत क्षेत्रले काम गर्नेछ। अन्य विषयगत क्षेत्रलाई आवश्यक पर्ने सेवा प्रदान गर्ने यस विषयगत क्षेत्रले सबै विषयमा सामग्री र सेवाको आवश्यक बन्दोवस्त गर्नेछ।

## ५.८.२ भूकम्पबाट पर्ने प्रभावको सम्भावित परिदृश्य

- जिल्लाका स्थानीय तहका मानिसहरु प्रत्यक्ष रुपमा प्रभावित हुनेछन्।
- धेरै मानिस घाइते भएका हुनेछन्। बालबालिका, महिला अपाङ्गता भएका मानिस र वृद्धवृद्धा बढी प्रताडित हुने सम्भावना रहनेछ।
- सडक, पुल, विजुली आपूर्ति, दूरसञ्चार, विद्यालय, स्वास्थ्य संस्था क्षतिग्रस्त भएर सेवा प्रवाहमा कठिनाई उत्पन्न हुनेछ।
- अन्य विषयगत क्षेत्रले सामग्री प्रबन्ध, ढुवानी र राहत वितरणमा कठिनाई भोग्नु पर्नेछ।

## ५.८.३ क्षेत्रगत योजनाको उद्देश्य

भूकम्पका कारण प्रभावित र विस्थापित भएका मानिसलाई आवश्यक मानवीय सहयोग उपलब्ध गराउन सबै विषयगत क्षेत्रलाई आवश्यक पर्ने वस्तु समयमा आपूर्ति गर्ने, भण्डारण गर्ने र सम्बन्धित विषयगत क्षेत्रलाई आपूर्ति गर्ने व्यवस्था मिलाई सहयोग उपलब्ध गराउनु यस क्षेत्रको उद्देश्य हुनेछ।

## ५.८.४ आपत्कालीन समयमा गरिने प्रतिकार्यसम्बन्धी क्रियाकलाप

आपत्कालीन बन्दोबस्ती क्षेत्रले आपत्कालीन समयमा निम्नअनुसार कार्य गर्नेछ :

| क्र.सं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आपत्कालीन बैठक | क्षेत्र प्रमुख | सबै सदस्यहरु | १ घण्टा भित्र |
| २ | नियमित तथा समीक्षा बैठक | क्षेत्र प्रमुख | सबै सदस्यहरू | • प्रत्येक दिन (सात दिन सम्म)<br>• एक दिन बिराएर ( सात दिन पछि) |
| ३ | सबै विषयगत क्षेत्रसँग समन्वय | प्रजिअ | विषयगत क्षेत्रहरु | आवश्यकता अनुसार |
| ४ | जनशक्ति परिचालन (गोदाम व्यवस्थापन, ढुवानी र अन्य आवश्यक विषय अनुसार) | क्षेत्र प्रमुख | तोकिएको सदस्य | • २ घण्टाभित्र<br>• आवश्यकताअनुसार नियमित |
| ५ | विषयगत क्षेत्रको माग अनुसार सामग्री आपूर्तिमा प्राविधिक सहयोग गर्ने | क्षेत्र प्रमुख | • क्षेत्रका सदस्यहरु<br>• विषयगत क्षेत्र प्रतिनिधि | • नियमित रूपमा<br>• विषयगत क्षेत्रहरूको माग अनुसार |
| ६ | सामग्री आपूर्तिकर्ताको अवस्था लेखाजोखा गरी अन्य विषयगत क्षेत्रको सम्पर्क गराउने | क्षेत्र प्रमुख | • तोकिएको अधिकारी<br>• विषयगत क्षेत्रका सदस्यहरु | • आवश्यकता अनुसार |

प्र. प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ७ | सामग्रीको ढुवानी तथा यातायातको साधनको बन्दोबस्तको लागि निजी तथा सार्वजनिक क्षेत्रसँग समन्वय र सम्पर्क गर्ने | क्षेत्र प्रमुख वा खटाइएको सदस्य | नेपाल यातायात व्यवसायी सङ्घ तथा सरोकालवालहरू | • १ दिनभित्र<br>• नियमित |
| ८ | विपद्बाट क्षतिग्रस्त संरचना हटाउने व्यवस्थाका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने । | क्षेत्र प्रमुख | सदस्यहरु | • आवश्यकता अनुसार |
| ९ | सामान आएको र गएको रेकर्ड राख्ने | तोकिएको अधिकारी | सबै विषयगत क्षेत्र | • नियमित रुपमा |
| १० | यातायातका साधनहरूको परिचालन गर्न वैकल्पिक मार्गको पहिचानको लागि स्थानीय तह र सडक डिभिजन कार्यालयसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | सडक डिभिजन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सप्रबल, रेडक्रस सोसाइटी | • १ दिनभित्र<br>• आवश्यकता अनुसार |
| ११ | बहूक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा (MIRA) सञ्चालन | जिविव्यस | क्षेत्र प्रमुख, सबै विषयगत क्षेत्र का प्रतिनिधि | ३ दिन भित्रमा |
| १२ | नियमित प्रतिवेदन तयारी तथा वितरण | क्षेत्र प्रमुख तथा तोकिएको सदस्य | सबै सदस्यहरू | • प्रत्येक दिन (सात दिन सम्म)<br>• एक दिन बिराएर ( सातदिन पछि) |
| १३ | अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन | क्षेत्र प्रमुख | सरोकारवाला सबै | नियमित रूपमा |

### ५.८.५ प्रतिकार्यका लागि पूर्वतयारी

आपत्कालीन बन्दोबस्ती विषयगत क्षेत्रले प्रतिकार्यका लागि निम्नअनुसार पूर्वतयारी गर्नु पर्नेछ :

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| | क्षेत्रको बैठक | क्षेत्र प्रमुख | सबै सदस्यहरू र अन्य विषयगत क्षेत्रहरू | वर्षको ३ पटक |
| | विद्यालय, कलेजका विद्यार्थी, स्थानीय युवा क्लबका सदस्य, ढुवानी र यातायात व्यवसायीका प्रतिनिधि सम्मिलित स्वयंसेवक समूह गठन | क्षेत्र प्रमुख | स्थानीय तह<br>क्षेत्रका सदस्यहरु<br>नेपाल रेडक्रस | नियमित |
| ३ | स्वयंसेवकलाई बन्दोबस्तीका लागि क्षमता अभिवृद्धि प्रशिक्षण ल(३ दिनको) | क्षेत्र प्रमुख | स्थानीय तह<br>क्षेत्रका सदस्यहरु<br>नेपाल रेडक्रस<br>विश्व खाद्य कार्यक्रम | वर्षमा १ पटक |
| ४ | MIRA तालिममा सहभागी | क्षेत्र प्रमुख | विश्व खाद्य कार्यक्रम | वर्षमा १ पटक |
| ५ | आवश्यक पूर्वतयारीको लागि विषयगत क्षेत्र सँग समन्वय | क्षेत्र प्रमुख | सबै सदस्यहरू र अन्य विषयगत क्षेत्रहरू | वर्षमा ३ पटक |
| ६ | सामान आपूर्तिकर्ताको सूची तयार तथा सम्झौताको नमूना तयारी | क्षेत्र प्रमुख | सबै सदस्यहरू र अन्य विषयगत क्षेत्रहरू | प्रत्येक वर्षको वैशाख र कर्तिक |
| ७ | सामग्रीको मुल्य सूची लिने र अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | सबै सदस्यहरू र अन्य | प्रत्येक वर्षको |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | विषयगत क्षेत्रहरू | श्रावण र कार्तिक |
| ८ | आपूर्तिकताहरूको सूची तयार गरी आपत्कालीन समयमा सामग्री आपूर्तिका लागि सम्झौता गर्ने (सम्झौतापूर्व न्यूनतम परिणाममा सामान उपलब्ध हुने सुनिश्चितताका लागि भण्डार निरीक्षण गर्ने) | क्षेत्र प्रमुख | सबै सदस्यहरू र अन्य विषयगत क्षेत्रहरू | प्रत्येक वर्षको भाद्र |
| ९ | भाण्डारण गरेका सामग्रीहरुको अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | सबै सदस्यहरू र अन्य विषयगत क्षेत्रहरू | वर्षमा २ पटक |
| १० | भण्डारण व्यवस्था/गोदाम निर्माण<br>स्थानीय तह १० वटा | क्षेत्र प्रमुख | सबै स्थानीय तह<br>नेपाल रेडक्रस | |

### ५.८.६ अन्य सबै प्रकारको विपद्को समयमा गर्नु पर्ने कार्य

यस क्षेत्रले भूकम्पबाट उत्पन्न हुने विपद्को समयमा गर्ने कार्यलाई अनुसरण गरी भण्डारण, यातायातजस्ता क्षेत्रमा सबै विषयगत क्षेत्रलाई सहयोग गर्नु पर्नेछ । भण्डारण र यातायातका साधनको व्यवस्थालगायत आवश्यकताअनुसार थप नयाँ काम गर्नु पर्ने भएमा अन्य विषयगत क्षेत्रको माग अनुसार प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

यस क्षेत्रले विशेषगरी अन्य विषयगत क्षेत्रलाई सहयोग उपलब्ध गराउनु पर्ने भएकोले विपद्को अवस्था र आवश्यकता बमोजिम सबै विषयगत निकाय र स्थानीय तहलाई सहयोग उपलब्ध गराउने, बजारसम्मको पहूच, सामग्री र सेवा आपूर्तिकर्ता र अन्य विषयगत क्षेत्रसँग समन्वय गरी मानवीय सहयोगलाई प्रभावकारी बनाउन भूमिका निर्वाह गर्नु पर्नेछ ।

यस विषयगत क्षेत्रको क्षमता विकासका लागि विश्व खाद्य कार्यक्रमसमक्ष आग्रह गरी प्रशिक्षण र स्वयंसेवकको व्यवस्था गर्न सकिन्छ ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

प्र. प्रमुख जिल्ला अधिकारी

परिच्छेद ६

# आपत्कालीन प्रतिकार्य योजना

## (बाढी र पहिरोको सन्दर्भ)

उच्च हिमाल, महाभारत र चुरे पर्वतमालाबाट उत्पन्न भएर बग्ने दर्जनौं नदीका कारण सङ्खुवासभा जिल्ला बाढी पहिरोजन्य विपद्का कारण निकै जोखिममा रहेको छ । विगतमा गरिएका उद्धार र राहतका अनुभवलाई समेत आधार मानेर भविष्यमा पर्न सक्ने बाढीजन्य विपद्को समयमा प्रभावित तथा प्रभावित समुदायलाई मानवीय सहयोग उपलब्ध गराउन यस कार्ययोजनामा क्षेत्र (Cluster) गत अवधारणाअनुरूप यस योजनामा कार्यविभाजन गरिएको छ ।

### ६. १ खोज, उद्धार, समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र

विपद् प्रतिकर्यका लागि समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ । प्रभावित तथा प्रभावित सुमदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र ममन्वयद्वारा कार्य गर्नु पर्छ ।

### ६.१.१ बाढी, पहिरो पछिको सम्भावित परिदृश्य

- बाढी र पहिरोको उच्च जोखिममा रहेका क्षेत्रमा एकसाथ बाढीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुने,
- जिल्लाका अधिकांश मानिसहरु बाढीको कारणबाट प्रत्यक्ष रूपमा प्रभावित हुनेछन्,
- जिल्लाका १० वटा स्थानीय तहका अधिकांश मानिसहरु पहिरोको कारण प्रभावित हुनेछन् ।
- राति पहिरो गएमा ठूलो मानवीय क्षति हुनेछ भने प्रभावितले उद्धार र राहतको याचना गरिरहेको देखिनेछ ।
- पहाडी दुर्गम गाउँमा यातायातको सुविधाको अभावका कारण समयमै उद्धारकर्मी पुग्न सक्ने छैनन् ।
- उद्धार र राहत वितरणमा कठिनाइ उत्पन्न हुनेछ ।
- सडक, बाटो, पुल, विद्युत् आपूर्ति, सञ्चार आदि सार्वजनिक पूर्वाधारहरू क्षतिग्रस्त हुने,
- आवागमन अवरुद्ध भएर र दुर्गम क्षेत्रका कारण प्रभावित क्षेत्रमा पहुँचको कठिनाइ हुने,
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बालबालिका, महिला, वृद्ध-वृद्धा तथा फरक किसिमले सक्षम (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने,
- उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने ।

### ६.१.२ क्षेत्रगत उद्देश्य

समन्वय, सूचना सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्बन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । योजनाका समष्टिगत उद्देश्य निम्नअनुसार हुनेछन् :

- विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।
- निर्धारित समयभित्र "बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण (Multy Cluster Initial Rapid Assessement- MIRA)" गर्न आवश्यक समन्वय गर्नु र मीरा कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।
- नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।
- प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

प्र. प्रमुख जिल्ला अधिकारी

### ६.१.३ आपत्कालीन प्रतिकार्य योजना

बाढी पहिरो आएको अवस्था र त्यसपछि स्थिति सामान्य नभएसम्मको लागि मानवीय सहयोग उपलब्ध गराउने प्रक्रियामा खोज, उद्धार, राहत, समन्वय र सूचना क्षेत्रले निम्नअनुसार कार्य गर्नु पर्नेछ :

| क्र. सं. | प्रतिकार्यसम्बन्धी कार्य | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | कहिलेसम्म |
|---|---|---|---|---|
| १ | जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय बैठक आयोजना गर्ने<br>• जानकारी तथा सूचना सङ्कलन गरी परिस्थितिको विश्लेषण गर्ने<br>• सबै क्षेत्र र तिनका सदस्यलाई आपत्कालीन मानवीय सहयोगको लागि सक्रिय पार्ने,<br>• परिस्थितिअनुसार पहिले गरिएको कार्यविभाजनको समीक्षा र विश्लेषण गरी पुनरावलोकन गर्ने | क्षेत्र प्रमुख | जिल्ला प्रशासन कार्यालय<br>जिसस<br>क्षेत्रका सदस्य | १. बाढी सुरु भएको २४ घण्टाभित्र<br>२. पहिलो सात दिनसम्म एक दिन बिराएर<br>३. दोस्रो हप्तापछि हप्तामा एक पटक |
| २ | नेपाल रेडक्रस सोसाइटीको द्रुत लेखाजोखासम्बन्धी (Rapid assessment tool) को प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकाय<br>नेरेसो<br>सञ्चारमाध्यम | २४ घण्टाभित्र |
| ३ | सञ्चारमाध्यमका लागि प्रत्येक दिन सूचना तथा समाचार उपलब्ध गराउने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख | पहिलो साता प्रत्येक दिन र त्यसपछि आवश्यकतानुसार |
| ४ | बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा सञ्चालन गर्ने<br>• मीरा (MIRA) कार्यदल परिचालन गरी बाढीबाट भएको क्षति तथा प्रभावको सूचना सङ्कलन गर्ने,<br>• मीरा (MIRA) का लागि फाराम उपलब्ध गराउने | क्षेत्र प्रमुख | जिसस<br>क्षेत्रका तोकिएका सदस्य<br>नेरेसो | ३ देखि ५ दिनभित्र |
| ५ | सङ्कलित सूचना तथा तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पार्ने<br>• आधार रेखा (Base Line) का तथ्याङ्कको समीक्षा गर्ने<br>• प्रभावित परिवारको सङ्ख्या प्रक्षेपण गर्न प्रभावित स्थानीय तहसँग तथ्याङ्क प्राप्त गरी तुलनात्मक समीक्षा गर्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार तथा अन्य प्रतिकार्यसम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा गर्ने,<br>• नपुग स्रोत तथा साधनको यकिन गर्न प्रतिवेदनमार्फत सबै क्षेत्रलाई उत्प्रेरित गर्ने | क्षेत्र प्रमुख | मीरा कार्यदल,<br>सुरक्षा निकाय<br>दातृ निकाय<br>गैसस,<br>नेरेसो<br>नेपाल सरकार | • पहिलो प्रतिवेदन- ७ दिनभित्र<br>• दोस्रो प्रतिवेदन- १५ दिनभित्र<br>• आवश्यकताअनुसार अध्यावधिक गर्ने |
| ६ | तयार प्रतिवेदन जिविव्यस, अन्य क्षेत्र, नेपाल सरकार र अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | नियमित रूपमा |
| ७ | प्रारम्भिक जानकारी तथा प्रतिवेदनका आधारमा आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउन निम्न प्रक्रिया गर्ने :<br>क. तत्काल उपलब्ध गराउनु पर्ने मानवीय सहयोगको प्राथमिकता निर्धारण गर्ने,<br>ख. प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित क्षेत्रहरू (Clusters) लाई सल्लाह र सुझाव दिने ।<br>ग. बाढी आउनासाथ उपकरणसहित खोज तथा उद्धार कार्यदल परिचालन गराउने<br>घ. सुरक्षा क्षेत्रसँग समन्वय गरी मानवीय सहयोगमा संलग्न संस्था तथा व्यक्तिलाई सुरक्षा उपलब्ध गराउने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख तथा सदस्य | बाढी आउनासाथ<br>*(० (शून्य) घण्टादेखि नै प्राथमिकता निर्धारण गर्ने काम गर्ने)* |
| ८ | सहयोगको कार्यतालिका अध्यावधिक गर्न निम्न कार्य गर्ने: | क्षेत्र प्रमुख | जिसस | |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | •मीरा (MIRA) बाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण गर्ने<br>•क्षेत्रगत समूह को लागि सहयोगको थप कार्यतालिका तयारी गर्ने<br>•क्षेत्रका सदस्य, जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने | क्षेत्रका तोकिएका सदस्य | नेरेसो<br>गैसस<br>दातृ निकाय | ५-७ दिनभित्र<br>७ दिनभित्र<br>७ दिनभित्र |
| ९ | स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | जिसस<br>क्षेत्रका अगुवाहरू | ७ दिनभित्र |
| १० | नियमित सूचना प्रवाहका लागि स्थानीय तह तहको सूचना तथा समन्वय समितिसँग नियमित सम्पर्क कायम गर्ने । | जिसस | स्थानीय तह प्रमुख | पहिलो हप्ता प्रत्येक दिन, त्यसपछि आवश्यकताअनुसार |
| ११ | मानवीय सहयोगका लागि तयारी अवस्थामा राखिएका सेवासम्बन्धी सम्झौता (Standby Agreements) कार्यान्वयन गर्ने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख तथा जिम्मेवारी तोकिएको सदस्य | ७-१० दिन |
| १२ | मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण (Feedback) लिने तथा दिने | क्षेत्र प्रमुख | अन्य क्षेत्र प्रमुख | नियमित रूपमा |
| १३ | आपत्कालीन सूचना प्राप्त गर्न र प्रवाह गर्न जिससको सूचना केन्द्रको प्रयोग गर्ने | जिसस | जिविव्यस | नियमित रूपमा |
| १४ | राहत वितरणलाई निर्विवाद बनाउन सरोकारवालाको सहभागिता अनिवार्य गराउने | जिविव्यस | जिसस,<br>स्थानीय तह | प्रारम्भदेखि नै |
| १५ | विस्थापितलाई परिचयपत्र वितरण गर्ने | जिविव्यस | अन्य क्षेत्र | आवश्यकताअनुसार वा शिबिर स्थापना हुनासाथ |
| १६ | समन्वय तथा व्यवस्थापन प्रारम्भ गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | बाढी आउनासाथ |
| १७ | स्थानीय स्वयंसेवक परिचालन गर्ने | क्षेत्र प्रमुख | नेरेसो, क्षेत्रका सदस्य | बाढी आउनासाथ |
| १८ | उद्धार कार्यदल परिचालन गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकायहरू | बाढी आउनासाथ |
| १९ | प्रभावित क्षेत्रको सुरक्षा प्रबन्ध मिलाउने | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रहरी कार्यालय, नेरेसो, सप्रबल, | बाढी आउनासाथ |
| २० | बढी प्रभावित स्थलको स्तर पहिचान गरी उद्धारको प्राथमिकता निर्धारण गर्ने | उद्धार कार्यदल | जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, नेरेसो | बाढी आउनासाथ |
| २१ | डुबेका, बगेका, पुरिएका र भत्किएका घरहरू पहिचान गर्ने | उद्धार कार्यदल | स्थानीय तह,<br>नेरेसो | स्थिति सामान्य नभएसम्म |
| २२ | विशेषगरी महिला, बालबालिका, अशक्त, बूढाबूढीजस्ता सङ्कटासन्न वर्गलाई खोज तथा उद्धारमा प्राथमिकता दिने | उद्धार कार्यदल | स्थानीय तह<br>नेरेसो | प्रभावितको उद्धार नसकिएसम्म |
| २३ | सामान्य नागरिकको खोजी तथा उद्धारलाई निरन्तरता दिने | उद्धार कार्यदल | नेरेसो, नेरेसो | प्रभावितको उद्धार नसकिएसम्म |
| २४ | प्रभावित नागरिकका बहुमूल्य सम्पत्ति सुरक्षा गरी निकाल्ने | उद्धार कार्यदल | नेरेसो | उद्धार नसकिएसम्म |
| २५ | प्रभावित क्षेत्रका घरपालुवा पशुको उद्धार गर्ने | उद्धार कार्यदल | नेरेसो | उद्धार नसकिएसम्म |
| २६ | प्रभावित क्षेत्रको सुरक्षाका लागि स्थानीय निकायसँग समन्वय गरी सुरक्षा समिति गठन गर्ने र परिचालन गर्ने | उद्धार कार्यदल | स्थानीय तहहरू,<br>नेरेसो, | आवश्यकता अनुसार |
| २७ | प्रभावित क्षेत्रमा, हिंसा, लुटपाटका घटना हुन नदिन आवश्यक सुरक्षा व्यवस्था मिलाउने | उद्धार कार्यदल | जिल्ला प्रहरी,<br>नेरेसो | आवश्यकता अनुसार |
| २८ | बाढी पहिरोमा परी घाइते भएका व्यक्तिको प्राथमिक उपचार गर्ने | उद्धार | स्वास्थ्य कार्यदल, | उद्धार र प्राथमिक उपचार |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | र अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने | कार्यदल | नेरेसो, | नभएसम्म |
| २९ | राहत वितरण कार्यमा आवश्यकता अनुसार खाद्य[illegible]लाई सहयोग गर्ने | सुरक्षा निकाय | स्थानीय स्वयंसेवक, स्थानीय तहहरू | नियमित रूपमा |
| ३० | उद्धार र सुरक्षाको विषयमा आवश्यक सूचना सङ्कलन गरी प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख | सुरक्षा कार्यदल | हप्तामा एकपटक |
| ३१ | निम्नअनुसार अभिलेख तयार गर्ने<br>• उद्धार गरिएका व्यक्ति<br>• बेपत्ता वा मृत्यु भएका व्यक्ति<br>• नष्ट भएका घर, विद्यालय वा अन्य भौतिक सम्पत्ति<br>• मरेका घरपालुवा पशुपंक्षी<br>• क्षतिग्रस्त भौतिक सम्पत्ति<br>• क्षतिग्रस्त बाली र खेतीयोग्य भूमि<br>• क्षतिग्रस्त भैतिक संरचना र सार्वजनिक सम्पत्तिको विवरण | क्षेत्र प्रमुख | स्थानीय तह, जिविव्यस, नेरेसो | नियमित रूपमा |
| ३२ | उद्धारकार्यको अनुगमन गरी प्रतिवेदन तयार गर्ने र सरोकारवाला निकायमा पठाउने | क्षेत्र प्रमुख | जिल्ला प्रहरी कार्यालय, सप्रबल, नेरेसो | स्थिति सामान्य नभएसम्म |

### ६.१.४ प्रतिकार्यका लागि पूर्वतयारी

बाढी पहिरोको प्रतिकार्यका लागि खोज, उद्धार, समन्वय र सूचना व्यवस्थापन क्षेत्रले विपद्को समयमा गर्ने उल्लिखित कार्यका लागि निम्नअनुसार पूर्वतयारी गर्नु पर्नेछ :

| क.सं | पूर्वतयारी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | सबै क्षेत्र प्रमुखको सहभागितामा पूर्वतयारी बैठक र कार्यशालाको आयोजना :<br>• मनसुन प्रारम्भ हुनुअघि पूर्वतयारी बैठक गर्ने<br>• क्षेत्रगत कार्ययोजनाको समीक्षा र पुनरावलोकन गर्ने<br>• जिल्लास्थित सरोकारवालाबीच समन्वय गरी कार्यशाला गर्ने<br>• सङ्कटासन्नता तथा स्रोतको पुनरावलोकन गर्ने | जिविव्यस<br>जिसस | सबै क्षेत्रका प्रमुख, दातृनिकाय, गैसस | पहिलो बैठक जेठको पहिलो हप्ताभित्र ।<br>क्षेत्रगत समीक्षा र अन्तिम कार्यशाला जेठ मसान्तभित्र |
| २ | सङ्कटासन्न स्थानीय तह र जिल्लास्तरमा गठन भएका पूर्वसूचना प्रणाली समन्वय समितिहरूलाई परिचालन गर्ने | जिसस | स्थानीय तह, दातृनिकाय, गैसस | नियमित रूपमा |
| ३ | साझेदार तथा सहयोगी निकायको सूची तयार गर्ने | क्षेत्र प्रमुख | दातृनिकाय, गैसस | जेठ १५ भित्र |
| ४ | **बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) तयारी** | | | |
| ४.१ | सबै क्षेत्रका एक-एक सदस्य रहेको मीरा कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस<br>सबै क्षेत्र प्रमुख | वैशाख मसान्त |
| ४.२ | मीरासम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस<br>दातृ निकाय<br>गैसस | जेठको पहिलो साता |
| ४.३ | मीराको लागि फाराम र निर्देशिका तयार गरी एक-एक हजार प्रति तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस<br>दातृ निकाय | जेठको पहिलो साता |

| | | | | |
|---|---|---|---|---|
| | | | गैसस | |
| ४.४ | मीराको कार्यान्वयनको लागि सम्पर्क व्यक्ति तोक्ने | जिविव्यस | क्षेत्र प्रमुखहरू | जेठको पहिलो साता |
| ४.५ | आधार रेखा सर्भेक्षण गरी तथ्याङ्कलाई सूचना केन्द्रमा अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिसस दातृ निकाय गैसस | जेठको पहिलो साता |
| ५ | जिससभित्र विपद्सम्वन्धी सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने । केन्द्रको लागि निम्न सुविधाहरू उपलब्ध गराउने<br>• जनशक्ति ३ जना कम्तीमा ३ महिनाका लागि<br>• कम्प्युटर, स्क्यानर, प्रिन्टर, डिजिटल क्यामेरा, भिडियो क्यामेरा,<br>• इमेल, इन्टरनेट सेवा,<br>• टोल फ्री टेलिफोन,<br>• जेनेरेटर, फोटोकपी मेसिन,<br>• मोटरसाइकल<br>• फर्निचर | क्षेत्र प्रमुख तथा तोकिएको अधिकारी | जिसस, दातृ निकाय, | जेठ महिना भित्र । |
| ६ | सबै स्थानीय तह र विशेषगरी सङ्कटासन्न स्थानीय तहले सञ्चार सुविधाको व्यवस्था मिलाउने । | क्षेत्र प्रमुख | स्थानीय तह सञ्चार सेवा | जेठ मिहनाभित्र |
| ७ | सङ्कटासन्न स्थानीय तहहरूको बाढीपूर्वको समग्र अवस्था प्रष्ट्याउने वृत्तचित्र तयार गर्ने | | जिसस, जिविव्यस, दातृ निकाय | असार १५ भित्र |
| ८ | जोखिमयुक्त स्थानीय तहहरूमा पूर्व चेतावनी (Early Warning) का लागि माइक, साइरन तथा पूर्वचेतावनी १ थानका दरले उपलब्ध गराउने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, जिविव्यस, स्थानीय तह, दातृ निकाय, | असार पहिलो साताभित्र |
| ९ | पूर्वसूचना तथा चेतावनी प्रणालीलाई निर्वाध रूपमा सञ्चालन गर्न कोषको स्थापना गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, | असार मसान्तसम्म |
| १० | जनचेतना अभिवृद्धिका गतिविधि सञ्चालन गर्ने<br>• विपद्सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पम्प्लेट, पोस्टर, पर्चा तयार गरी विशेषगरी सङ्कटासन्न स्थानीय तहहरूमा वितरण गर्ने ।<br>• एफएम रेडियो तथा पत्र पत्रिकामार्फत विपद्सम्बन्धी ज्ञान तथा जानकारी प्रचारप्रसार गराउने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, स्थानीय तह दातृ निकाय, गैसस सञ्चार माध्यम | नियमित रूपमा |
| ११ | विस्थापितहरूको पहिचानका लागि ६,००० थान परिचय पत्र छपाई तयारी अवस्थामा राख्ने । | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, स्थानीय तह, दातृ निकाय, गैसस, | असारको पहिलो हप्ता भित्र |
| १२ | मसलन्द सामान तयारी अवस्थामा राख्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, स्थानीय तह, दातृ निकाय, गैसस, | असार दोस्रो हप्ता |
| १३ | आधार रेखा सर्वेक्षण गर्ने र सबै क्षेत्रलाई उपलब्ध गराउने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिविव्यस, जिसस, स्थानीय तह | श्रावण पहिलो हप्ता |
| १४ | सङ्कटासन्न स्थानीय तहका पदाधिकारीहरूलाई विपद्सम्बन्धी अभिमुखीकरण तालिम दिने | जिविव्यस, जिसस, गैसस | | असारभित्र |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १५ | बाढी र यसबाट बच्ने ज्ञान तथा सूचना प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सञ्चारकर्मी | वैशाखदेखि श्रावणसम्म |
| १६ | विपद्मा उद्धारका लागि परिचालन हुने उद्धारकर्मीको चयन गरी कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | नेपाल प्रहरी, सप्रबल, नेरेसो | जेठ पहिलो साता |
| १७ | उद्धारको लागि थप जनशक्ति आवश्यक परेमा थप गर्न सकिनेगरी वैकल्पिक उद्धारकर्मीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | नेपाल सरकार, नेपाल प्रहरी, सप्रबल, नेरेसो, | जेठ १५ गतेसम्म |
| १८ | तत्कालीन उद्धारको लागि स्थानीय तहबाट प्राप्त हुने जनशक्ति, उद्धारका लागि आवश्यक पर्ने साधनको पहिचान र नक्साङ्कन गर्ने | क्षेत्र प्रमुख | जिसस, सुरक्षा निकाय, नेरेसो, गैसस, | जेठ पहिलो साताभित्र |
| १९ | उद्धार कार्यदललाई मानवीय सहयोग तथा उद्धारकार्यमा परिचालन हुँदा अपनाउनु पर्ने सतर्कता, उत्तरदायित्वजस्ता विषयमा अनुशिक्षण दिने | जिविव्यस | जिसस, दातृ निकाय, नेरेसो, गैसस | जेठ मसान्तभित्र |
| २० | खोज तथा उद्धार कार्यदललाई प्रयोगात्मक तालिम दिने<br>• सामुदायिक प्रकोप व्यवस्थापन समिति,<br>• नेरेसोका स्वयंसेवक,<br>• स्थानीय समुदाय | क्षेत्र प्रमुख | जिविव्यस, युनिसेफ | वैशाखभित्र |
| २१ | आपत्कालीन आवासको लागि सुरक्षित स्थानको पहिचान *(स्थानीय तह भवन, विद्यालय वा अन्य सामुदायिक भवन)* | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, सुरक्षा निकाय | जेठ मसान्त |
| २२ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी प्राथमिक उपचार सामग्रीको व्यवस्था र चिकित्सक र नर्स पहिचान गरी विपद्मा प्राप्त हुने सेवाबारे सम्झौता गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य क्षेत्र स्वास्थ्य कार्यालय | जेठ मसान्तभित्र |
| २३ | खोज तथा उद्धारसम्बन्धी कार्यको लागि अनुगमन टोली गठन गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, नेरेसो नागरिक समाज, | २० असारसम्म |
| २४ | एफएम रेडियोहरूमार्फत पूर्वचेतनावनी तथा पूर्वसूचना प्रसारण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस सञ्चारमाध्यम | जेठको प्रारम्भदेखि असार मसान्तसम्म |
| २५ | वैकल्पिक बाटो नभएको क्षेत्रमा उद्धार गर्न डुङ्गा वा अन्य वैकल्पिक उपाय पहिचान गर्ने | उद्धार कार्यदल | जिविव्यस, जिसस, स्थानीय तह, | असार पहिलो साता |
| २५ | उद्धारका लागि आवश्यक सवारी साधन, स्वयंसेवक, सुरक्षित स्थानको उपयोगका लागि सरोकारवालासँग सम्झौता गर्ने | क्षेत्र प्रमुख | जिसस, जिविव्यस, स्थानीय तह, | आवश्यकता अनुसार |

### ६.२. खाद्य तथा कृषि क्षेत्र

विपद्को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको महत्वपूर्ण साधन खाद्यान्न हो । खाद्य क्षेत्रले विपद् प्रभावित तथा प्रभावित व्यक्तिलाई न्यूनतम मापदण्डअनुसारको खाद्यान्न उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र खाद्यान्नमा सीमान्तीकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

### ६.२.१ बाढी तथा पहिरो पछिको सम्भावित परिदृश्य

- बाढी पहिरोबाट सङ्कटासन्न स्थानीय तहका अधिकांश गाउँ संकटमा हुनेछन् ।
- मानिसहरू हताहत भएर आफ्नो ज्यान जोगाउन भागाभाग गर्नेछन् ।
- आफ्नो परिवारका सदस्यहरू तथा बालबच्चा खोज्दै, रुँदै कराउँदै खाली हात विस्थापित हुनेछन् ।
- प्रकोप भएको केही समयपछि नै तत्काल उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्था देखिनेछ ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति/परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिबिरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- खाद्यान्न पूरै नष्ट हुने सम्भावना भएकोले पूरै जनसङ्ख्या खाद्यान्न अभावको चपेटामा पर्नेछ ।
- विशेषगरी बालबालिका, वृद्ध र बिरामी तथा गर्भवती महिलामा खाद्यअल्पताको समस्यामा पर्नेछन् ।
- जीविकोपार्जनका वैकल्पिक उपायको अभाव हुनेछ ।

### ६.२.२ क्षेत्रगत उद्देश्य

खाद्य क्षेत्रको प्रमुख उद्देश्य विपद्बाट विस्थापित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने खाद्यसामग्री उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ । यस क्षेत्रका अन्य उद्देश्य निम्नअनुसार रहेका छन् :

- विपद्मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, बूढाबूढी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।

### ६.२.३ आपत्कालीन प्रतिकार्य योजना

बाढी पहिरो आएको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि खाद्य क्षेत्रले निम्नअनुसार काम गर्नेछ :

| क.सं. | सहयोगी गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | खाद्य क्षेत्रको आपत्कालीन बैठकको आयोजना गर्ने | क्षेत्र प्रमुख | खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | बाढी आउनासाथ तुरुन्तै, पहिलो हप्ता एक दिन बिराएर त्यसपछि आवश्यकतानुसार |
| २ | बाढी पहिरो प्रभावित क्षेत्र तथा विस्थापित मानिसको जानकारी सङ्कलन गर्ने र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र | बाढी आएको थाहा पाउनासाथ |
| ३ | प्रभावित क्षेत्रको अनुगमन तथा निरीक्षण र प्रारम्भिक द्रूत लेखाजोखा गर्ने | तोकिएको सदस्य | कृषि ज्ञान केन्द्र, सुरक्षा निकाय, नेरेसो र क्षेत्रका सदस्यहरू | २४ घण्टाभित्र |
| ४ | विस्थापितलाई उद्धार गरी राखिएको क्षेत्रको निरीक्षण र खाद्यान्नको आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख | कृषि ज्ञान केन्द्र, नेरेसो र क्षेत्रगता सदस्यहरू, उद्धार कार्यदल, | २४ घण्टाभित्र |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय संखुवासभा

| | | | | |
|---|---|---|---|---|
| ५ | आपत्कालीन समयको लागि तयारी खाना वितरण गर्ने | खाद्य वितरण कार्यदल | जिविव्यस, कृषि ज्ञान केन्द्र, नेरेसो र क्षेत्रगत सदस्यहरू, उद्धार कार्यदल, | २४ घण्टादेखि १० दिनसम्म |
| ६ | समन्वय क्षेत्रसँग सम्पर्क गरी बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (मीरा- MIRA) को प्रतिवेदन तयार गर्ने | क्षेत्र प्रमुख तथा तोकिएको क्षेत्रको सदस्य | जिविव्यस, अन्य क्षेत्र, दातृ निकाय र गैसस | ३ देखि ७ दिनभित्र |
| ७ | विस्थापितलाई रासनकार्ड वितरण गर्ने | खाद्यान्न वितरण कार्यदल | जिविव्यस, स्थानीय तह, सुरक्षा निकाय, | ९ दिनभित्र |
| ८ | भण्डारण गरिएको खाद्यान्नको अनुगमन तथा निरीक्षण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, सुरक्षा निकाय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल | ७ दिनभित्र |
| ९ | मापदण्डअनुरूप खाद्यसामग्री वितरणको व्यवस्था मिलाउने | खाद्यान्न वितरण कार्यदल | जिविव्यस, गैसस, नागरिक समाज | ११ दिनदेखि ३० दिनसम्म |
| ९.१ | नपुग हुने खाद्यसामग्री खरिद तथा व्यवस्थापन र भण्डारण गर्ने | विश्व खाद्य कार्यक्रम | जिविव्यस, | १० दिनभित्र |
| ९.२ | वितरण केन्द्रको पहिचान र निर्धारण | खाद्य क्षेत्र | स्थानीय तह, स्थानीय तहका प्रतिनिधि, सुरक्षा निकाय, | ९ दिनभित्र |
| ९.३ | खाद्यान्न वितरणसम्बन्धी सूचना प्रवाह गर्ने | खाद्य क्षेत्र | जिविव्यस, विश्व खाद्य कार्यक्रम, | ९ दिनभित्र |
| ९.४ | खाद्यान्नमा सबै विस्थापित समुदायको सहज पहुँचको सुनिश्चितता गर्ने | क्षेत्र प्रमुख, खाद्यान्न वितरण कार्यदल | विश्व खाद्य कार्यक्रम | नियमित रूपमा |
| ९.५ | सुत्केरी तथा बच्चालाई दूध खुवाउने महिला, कुपोषणमा परेका बालबालिका, बिरामी, बूढाबूढीलाई पोषणयुक्त खाना वितरण गर्ने | खाद्यान्न वितरण कार्यदल | जिविव्यस, स्वास्थ्य तथा पोषण क्षेत्र, विश्व खाद्य कार्यक्रम, | आवश्यकताअनुसार नियमित रूपमा |
| ९.६ | नागरिक समाजका विभिन्न क्षेत्रबाट वितरण हुने खाद्यान्नको अभिलेख राख्ने र नपुग वा खाद्यान्न प्राप्त गर्न नसकेका समुदायको पहिचान गरी खाद्यान्न उपलब्ध गराउने | खाद्यान्न वितरण कार्यदल | नागरिक समाजका विभिन्न संस्था | नियमित रूपमा |
| १० | खाद्यान्न वितरणसम्बन्धी कार्य, समस्या र समाधानबारे जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई जानकारी गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, बन्दोवस्ती क्षेत्र, | नियमित रूपमा |

प्र. प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ११ | खाद्यान्न वितरण प्रक्रियालाई सहज र सरल बनाउन नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख र तोकिएका सदस्य | जिविव्यस, स्थानीय तह, प्रभावितका प्रतिनिधि, नागरिक समाज, सुरक्षा निकाय | नियमित रूपमा |
| १२ | खाद्य क्षेत्रको नियमित बैठक तथा प्रतिवेदन तयारी गरी सबै सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सबै सदस्य | प्रत्येक हप्ता |

### ६. २.४ प्रतिकार्यका लागि पूर्वतयारी

खाद्य क्षेत्रले आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | व्यवस्थापन तथा समन्वयसम्बन्धी बैठकको आयोजना गर्ने र गत वर्षको कार्ययोजनाको पुनरावलोकन गर्ने | कृषि ज्ञान केन्द्र, | क्षेत्रका सदस्य | जेठ पहिलो साताभित्र |
| २ | खाद्यान्न वितरण कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| ३ | बहुक्षेत्र द्रूत लेखाजोखाको लागि व्यक्ति तोक्ने र तालिममा सहभागी गराउने | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सदस्य, गैसस | |
| ४ | तयारी खाद्यान्नको भण्डारण तथा आपत्कालीन आपूर्तिको व्यवस्था मिलाउने | कृषि ज्ञान केन्द्र, खाद्य क्षेत्र | | असार २५ गतेसम्म |
| ५ | तयारी खाद्यान्नको बजार उपलब्धता पहिचान गर्ने | तोकिएको सदस्य | जिविव्यस, कृषि ज्ञान केन्द्र, नेरेसो, | असार २७ गतेसम्म |
| ६ | खाद्यान्नको गुणस्तर नियन्त्रण तथा सुनिश्चितताको लागि गुणस्तर तथा नापतौल विभागसँग समन्वय गरी परीक्षण गर्ने | क्षेत्र प्रमुख | गुणस्तर नियन्त्रण कार्यालय, नेरेसो | |
| ७ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्नको आवश्यक परिणाम मौज्दात राख्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्वास्थ्य तथा पोषण क्षेत्र, गैसस | |
| ८ | खाद्यान्न कार्यक्रममा जनचेतना अभिवृद्धिका लागि प्रचारमूलक तथा ज्ञानबर्द्धक सामग्रीको बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख, तोकिएको सदस्य | कृषि ज्ञान केन्द्र, विश्व खाद्य कार्यक्रम, गैसस | असार मसान्तसम्म |
| ९ | तयारी खाद्यान्नका सहयोगी संस्थाहरू र सम्बद्ध निकायहरूसँग समन्वय गर्ने | क्षेत्र प्रमुख | | असार मसान्तसम्म |
| १० | प्रतिवेदन तयारीका लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | - | |

### ६.३. आवास तथा गैर खाद्य सामग्री

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रयस्थलमा राख्नु पर्ने हुन्छ । यसको लागि अस्थायी रूपमा विद्यालय, मन्दिर, स्थानीय तह भवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि अस्थायी शिबिर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना

प्रमुख जिल्ला अधिकारी

बनाउने, खाने वर्तन र इन्धनको व्यवस्था गर्नु पनि पर्नेछ । आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि उल्लिखित मानवीय सेवा उपलब्ध गराउँछ ।

### ६.३.१ बाढी पहिरो पछिको सम्भावित परिदृश्य

- बाढी पहिरोबाट अधिकांश गाउँ प्रताडित भएर मानिस हताहत भई सहयोगको याचना गरिरहेका हुनेछन् ।
- घरबार नष्ट भएर झरी, हिलो र चीसो जमिनमा दिन रात बिताउन बाध्य भइरहेको देखिनेछ ।
- विद्यालयका कक्षाकोठा, प्रहरी चौकी, स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना, सामुदायिक/संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा चुनौती र समस्या देखा पर्नेछन् ।
- बाढी पहिरोले घर, धनमाल र खाद्यान्नसमेत बगाएर विस्थापित भएका मानिस खाद्यान्नको चर्को समस्यामा पर्नेछन् । भने प्रभावित अन्य व्यक्ति पनि सो समस्यामा रहने सम्भावना प्रबल रहनेछ ।

### ६.३.२ क्षेत्रगत उद्देश्य

विपद्मा परी विस्थापित भएका मानिसका लागि न्यूनतम मानवीय मापदण्डसहित सामाजिक, सांस्कृतिक रूपमा स्वीकार्य हुने अस्थायी आवासको व्यवस्थापन गरी सुरक्षित बासस्थानमा आत्मसम्मानसहित उनीहरूको पहुँच कायम गराउनु र सुरक्षित रूपमा बस्ने वातारण तयार गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य रहेको छ । यस क्षेत्रका समष्टिगत उद्देश्य निम्नअनुसार छन् :

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडा-कुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु ।

### ६.३.३ आपत्कालीन प्रतिकार्य योजना

जिल्लामा बाढी पहिरोजन्य विपद् परेमा विस्थापित व्यक्ति तथा समुदायलाई विनाभेदभाव न्यूनतम मापदण्ड पूरा गर्दै अस्थायी आवासको व्यवस्थाका लागि आवास तथा गैरखाद्य क्षेत्रले निम्नअनुसारका कार्य गर्नेछ :

| क्र.सं. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आवास तथा गैरखाद्य क्षेत्रको आपत्कालीन बैठक आयोजना गर्न | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, क्षेत्रका सदस्य | बाढी आउनासाथ |
| २ | विस्थापितको सङ्ख्या र जानकारी लिने, पहिचान भएका अस्थायी आवासमा बसोवास गराउने | क्षेत्र प्रमुख | जिविव्यस, सुरक्षा निकाय, नेरेसो, स्थानीय तह | बाढी आएपछि तुरुन्तै, |
| ३ | कार्यदललाई परिस्थिति विश्लेषणको लागि प्रभावित क्षेत्रमा पठाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, स्थानीय तह | बाढी आएको ४ घण्टाभित्र |
| ४ | प्राप्त सूचना र अवस्थाअनुरूप कार्ययोजनाको समीक्षा गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह, नेरेसो, गैसस, स्थानीय तह | बाढी आएको १२ घण्टाभित्र |
| ५ | विस्थापितलाई पूर्वनिर्धारित स्थानहरूमा तत्कालीन बासको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस | बाढी आएको १२ घण्टाभित्र |
| ६ | पूर्वनिर्धारित स्थानमा नअटेका विस्थापितलाई त्रिपालको व्यवस्था गरी तत्काल बसाउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस, स्थानीय तह | बाढी आएको १२ घण्टाभित्र |
| ७ | तत्काल लगाउने लुगाफाटो तथा अन्य गैरखाद्य | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, दातृ निकाय | २४ घण्टाभित्र |

| | | | | |
|---|---|---|---|---|
| | सामग्री वितरण गर्ने (*महिला, बालबालिका, अपाङ्ग तथा संवेदनशील व्यक्तिलाई विशेष ध्यान दिने*) | | गैसस, नागरिक समाजका संस्थाहरू, स्थानीय तह | |
| ८ | मानवीय सहयोग गर्ने संस्थाहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस | २ दिनभित्र |
| ९ | बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखाको लागि समन्वय क्षेत्रसँग सम्पर्क गरी तोकिएका सदस्यलाई सहभागी गराउने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह | ७ दिनभित्र |
| १० | मीराको प्रतिवेदनका आधारमा अस्थायी शिविर स्थापना गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो तथा क्षेत्रका अन्य सदस्य | ९ दिनभित्र |
| ११ | विस्थापितको प्रत्यक्ष सहभागितामा शिविर स्थापना गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गैसस, स्थानीय तह | १० दिनभित्र |
| १२ | आवश्यकताअनुसार ओछ्याउने, ओढ्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह स्वयंसेवक | शिविर स्थापना भएपछि |
| १३ | आवास तथा गैरखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, दातृ निकाय, नेरेसो | शिविर स्थापना भएदेखि |
| १४ | शिविर व्यवस्थापन समिति गठन गरी काम गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, स्वयंसेवक, नेरेसो | शिविर स्थापना भएपछि |
| १५ | प्रतिवेदन तयार गर्ने र सम्बन्धित क्षेत्र, सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रले तोकेको सदस्य | हप्ताको एक दिन |

### ६.३.४ पूर्वतयारी कार्ययोजना

बाढी पहिरोबाट उत्पन्न हुने आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन आवास तथा गैरखाद्य क्षेत्रले निम्नअनुसार पूर्वतयारीका कार्य गर्नु पर्छ :

| क्र.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिविव्यस | वैशाख महिना |
| २ | पूर्वतयारी समन्वय बैठक आयोजना गर्ने :<br>• स्रोत र साधनको नक्साङ्कन गर्ने<br>• जिल्लाको परिस्थितिअनुसार सहयोग उपलब्ध गराइने सामग्रीहरूको मापदण्ड निर्धारण गर्ने,<br>• प्रभावित हुन सक्ने जनसङ्ख्याको आधारमा आवश्यक सामग्रीहरूको परिमाण आँकलन गर्ने । | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सबै सदस्य स्थानीय तह | जेठको पहिलो साता |
| ३ | पूर्वतयारीका लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह, गैसस, | जेठको पहिलो साता |
| ४ | सम्भावित सहयोगी निकाय तथा संस्थाहरूको पहिचान गरी आवासको लागि उपलब्ध साधन र स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य स्थानीय तह | जेठको पहिलो साता |
| ५ | अस्थायी बसोवासको लागि अन्य स्थानीय तहका सुरक्षित सार्वजनिक जग्गा तथा स्थानको पहिचान गरी उपयोग गर्ने सहमति लिने | कार्यदल | जिविव्यस, स्थानीय तह, नेरेसा | जेठको पहिलो साता |
| ६ | आवास तथा गैर खाद्य सामग्रीको आपूर्तिको लागि बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकताअनुसार सम्झौता गर्ने | कार्यदल | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | जेठ मसान्तभित्र |
| ७ | सङ्कटासन्न स्थानीय तह र अन्य सुरक्षित स्थानीय तहका सुरक्षित स्थानमा सामुदायिक आश्रयस्थल बनाउने | कार्यदल | जिविव्यस, गैसस, स्थानीय तह | वैशाख महिना |

| | | | | |
|---|---|---|---|---|
| ८ | विस्थापित परिवारको लागि आश्रयस्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धन आदि समयमै उपलब्ध हुने व्यवस्था मिलाउने | कार्यदल | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | जेठ दोस्रो साता |
| ९ | सामग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने | कार्यदल | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | जोठ मसान्त |
| १० | गोदामघरको नियमित अनुगमन गरी जिविव्यसलाई नियमित प्रतिवेदन दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र स्थानीय तह | नियमित रूपमा |
| ११ | शिबिर व्यवस्थापन तथा समन्वय समितिको संरचना र जिम्मेवारीहरू निर्धारण तथा परिभाषित गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य स्थानीय तह | जेठ मसान्त |
| १२ | आवास तथा गैरखाद्य सामग्री वितरणको पूरा सूची राख्ने र नियमित रूपमा प्रतिवेदन तयार गरी जिविव्यस तथा अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, कार्यदल स्थानीय तह | शिबिर सञ्चालन भएमा नियमित |

## ६.४. स्वास्थ्य तथा पोषण क्षेत्र

विपद्को समयमा प्रभावित तथा विस्थापित मानिसमा स्वास्थ्यसम्बन्धी धेरै प्रकारका समस्या उत्पन्न हुने सम्भावना रहन्छ । त्यसैगरी विपद्मा परेका कतिपय मानिसलाई प्राथमिक उपचारको आवश्यकता पर्छ । त्यसैकारण यस कार्ययोजनाले विपद् प्रभावित समुदायको स्वास्थ्य रक्षाका लागि काम गर्छ ।

### ६.४.१ बाढी पहिरोपछिको सम्भावित परिदृश्यः

- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू क्षतिग्रस्त हुन सक्ने वा विपद् प्रभावितको पहुँचभन्दा बाहिर हुने, औषधि-उपचारका उपकरणहरू तथा औषधिको हानी नोक्सानी हुनेछ ।
- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ रगत, (dysentry) दादुरा एवं महामारीजन्य रोग, गम्भीर स्वास प्रश्वाससम्बन्धी सङ्क्रमण, ज्वरो, आँखा अथवा छालाका सङ्क्रामक रोगहरूमा वृद्धि हुनेछ ।
- खाद्य सामग्रीको तीव्र अभाव तथा प्रदूषित वातावरणको कारणले गर्दा गम्भीर कुपोषण, हैजा तथा झाडापखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं, सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त खुवाउने कार्यक्रम (supplemertary feeding) मा अवरोध देखा पर्नेछ ।
- बाढी पहिरोबाट विस्थापित विशेषगरी गर्भवती र सुत्केरी महिला, अशक्त तथा बूढाबूढी र बिरामीको अवस्था दयनीय हुने सम्भावना हुनेछ ।
- लामखुट्टेजस्ता कीटबाट फैलिने औलो, कालाजार आदिको सङ्क्रमण बढ्ने सम्भावना रहन्छ ।
- बाढी पहिरोमा परेर वा विभिन्न कारणले घाइते हुनेको सङ्ख्यामा वृद्धि ।

### ६.४.२ क्षेत्रगत उद्देश्य :

आपत्कालीन अवस्था उत्पन्न भएको समयमा विशेषगरी अत्यधिक जोखिममा रहेका समूहको स्वास्थ्य तथा पोषणसम्बन्धी आवश्यकता पूरा गर्ने प्रत्याभूति गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य रहनेछ । यस क्षेत्रका पुरक उद्देश्य निम्नअनुसार हुनेछन् :

- झाडापखाला, हैजा तथा औलो र पानीजन्य एवं कीटजन्य रोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु,
- रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिबिर सञ्चालन, मानवस्रोत परिचालनजस्ता उपाय अपनाउनु,
- कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा बूढाबूढी र विरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।

प्रमुख जिल्ला अधिकारी

### ६.४.३ आपत्कालीन प्रतिकार्य योजना :

बाढी पहिरोजन्य विपद्को अवस्थामा जनस्वास्थ्य रक्षा र कुपोषण नियन्त्रणका लागि स्वास्थ्य तथा पोषण क्षेत्रले निम्न कार्य गर्नेछ :

| क्र.स. | प्रतिकार्यसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आपत्कालीन बैठक आयोजना गरी :<br>- विपद्को अवस्थाको मूल्याङ्क गर्ने<br>- विशिष्ट सेवा दिनु पर्ने जनसङ्ख्याको पहिचान गर्ने,<br>- प्रतिकार्य योजना अनुरूप भएका पूर्वतयारीको पुनरावलोकन गर्ने,<br>- जिल्ला विपद् व्यवस्थापन समिति र अन्य क्षेत्र तथा सरोकारवालासँग सम्बन्ध राखी काम गर्ने व्यवस्था मिलाउने, | क्षेत्र प्रमुख | क्षेत्रगत सदस्य, स्वास्थ्य कार्यकर्ता, जिविव्यस, नेरेसो, | बाढी आएको २४ घण्टाभित्र, पहिलो हप्ता प्रत्येक दिन र त्यसपछि आवश्यकता अनुसार |
| २ | बाढी पहिरोबाट स्वास्थ्यमा उत्पन्न समस्याबारे सूचना तथा जानकारी सङ्कलन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्वास्थ्यकर्मी | ३ दिनभित्र |
| ३ | बहु क्षेत्रगत द्रूत लेखाजोखाको प्रतिवेदन र सूचना लिने | क्षेत्रबाट तोकिएको सदस्य | समन्वय तथा सूचना क्षेत्र, | ३ देखि ७ दिन |
| ४ | मीराको प्रतिवेदनको आधारमा स्वास्थ्यसम्बन्धी आवश्यकता पहिचान गर्ने | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य, जिविव्यस | |
| ५ | घाइतेको उपचारका लागि तत्काल स्वास्थ्य कार्यदल खटाउने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, स्वयंसेवक | एक हप्ताभित्र |
| ६ | थप उपचारका लागि अस्पताल पठाउने व्यवस्था मिलाउने | स्वास्थ्य कार्यदल | कार्यदल | तत्कालै |
| ७ | सरुवा रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, स्वयंसेवक | एक हप्ताभित्र |
| ८ | जनस्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, स्वयंसेवक | एकहप्ता भित्रमा |
| ९ | सुत्केरी तथा बच्चालाई दूध खुवाउने आमा, गर्भवती महिला र कुपोषित बालबालिकालाई पोषणयुक्त खाद्यान्नको लागि खाद्य क्षेत्रलाई सिफारिस गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, स्वयंसेवक | आवश्यकताअनुसार |
| १० | शिबिरमा मलेरिया नियन्त्रणको लागि विषादि छर्किने | स्वास्थ्य कार्यदल | जिविव्यस, जिजस्वाका | शिबिर स्थापना पछि |
| ११ | झुल वितरण गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, गैसस | आवश्यकता अनुसार |
| १२ | शिबिरमा स्वास्थ्यकेन्द्र गर्ने र पोषण क्लिनिक स्थापना गर्ने | स्वास्थ्य कार्यदल | नेरेसो, गैसस, | शिबिर स्थापना पछि |
| १३ | संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक सेवा सञ्चालन गर्ने | स्वास्थ्य कार्यदल | जिविव्यस, नेरेसो, गैसस, | आवश्यकताअनुसार |
| १४ | अन्य क्षेत्र र जिविव्यससँग मिलेर प्रतिकार्यको नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख | नेरेसो, गैसस, | नियमित रूपमा |
| १५ | स्वास्थ्य तथा पोषणको अवस्था, भएका कार्य र आवश्यकताको समीक्षा गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य कार्यदल, क्षेत्र सदस्यहरू | नियमित रूपमा |
| १६ | प्रतिवेदन तयार गरी जिविव्यस र सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | कार्यदल | नियमित रूपमा |

प्रमुख जिल्ला अधिकारी

### ६.४.४ प्रतिकार्यका लागि पूर्वतयारी

बाढी पहिरोजन्य विपद्को सामना गर्न आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन स्वास्थ्य तथा पोषण क्षेत्रले निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.स. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक आयोजना गरी सदस्यबीच कार्यविभाजन गर्ने र आपत्कालीन स्वास्थ्य कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, जिस्वाका, नेरेसो, स्वास्थ्य स्वयंसेवक | वैशाख |
| २ | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा (मीरा -MIRA) को लागि क्षेत्रको सदस्य तोक्ने | क्षेत्र प्रमुख | क्षेत्रको बैठक | वैशाख |
| ३ | जिल्लाका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरूसँग भएको स्रोतको सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य, गैसस, | वैशाख महिना |
| ४ | जिल्लास्थित सरोकारवाला वा सहयोगी निकाय वा संस्थाको सूची र सहयोगको खाका तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस | जेठ पहिलो साता |
| ५ | आपत्कालीन अवस्थामा आवश्यक पर्ने औषधि (ORS, IV fludrs, metronidazole, ciprofloxacin) ३० दिनको लागि पुग्नेगरी भण्डारण गर्ने | क्षेत्र प्रमुख | जिस्वाका, जिविव्यस, नेरेसो, गैसस, | जेठ |
| ६ | प्रत्येक स्थानीय तहको लागि तीन थानका दरले प्राथमिक उपचार बाकस (First Aid Kits) व्यवस्था गर्ने | क्षेत्र प्रमुख | जिस्वाका, जिविव्यस, नेरेसो, गैसस, | जेठ |
| ७ | हरेक सङ्कटासन्न स्थानीय तहमा कम्तीमा पनि ९ जनालाई पोषणसम्बन्धी अनुशिक्षण तालिम उपलब्ध गराउने | कार्यदल | जिविव्यस, नेरेसो, गैसस | वैशाख |
| ८ | बच्चालाई दूध खुवाउने आमा, सुत्केरी र गर्भवती महिला, कुपोषित बालबालिका र बूढाबूढीको लागि एक महिनालाई पुग्ने पोषणयुक्त खाना भण्डारण गर्ने | कार्यदल | जिविव्यस, नेरेसो, गैसस | जेठ |
| ९ | आवश्यक सबै सामान खरिद गरेर वा माथिल्लो निकायबाट निकासा लिएर भण्डारणको लागि बन्दोवस्ती क्षेत्रलाई आग्रह गर्ने | क्षेत्र प्रमुख | बन्दोवस्ती क्षेत्र, जिस्वाका, जिविव्यस, नेरेसो, गैसस, | जेठ |
| १० | स्वास्थ्य शिबिर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने | कार्यदल | जिविव्यस, नेरेसो, गैसस, | वैशाख |
| ११ | जनचेतना अभिवृद्धिका लागि सूचना प्रचारप्रसार गर्ने | कार्यदल | जिविव्यस, नेरेसो, गैसस, | |
| १२ | एम्बुलेन्सको सहज परिचालनको बन्दोवस्त मिलाउने | कार्यदल | जिस्वाका, नेरेसो, गैसस, उद्योग वाणिज्य सङ्घ | जेठको दोस्रो साता |
| १३ | अनुगमन र प्रतिवेदनको लागि सदस्य तोक्ने | क्षेत्रको बैठक | क्षेत्रका सदस्य | जेठ असान्त |

## ६.५. खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन क्षेत्र

### ६.५.१ बाढी पहिरोपछिको अनुमानित परिदृश्य

- खाने पानीका मुहान प्रदूषित भएका हुनेछन्,
- चर्पीहरू क्षतिग्रस्त हुनेछन र फोहोर सर्वत्र फैलिएको अवस्था हुनेछ,
- पिउने पानीका मुहान र स्रोतहरू र संरचनात्मक क्षतिका कारण प्रदूषित हुनेछन्,
- सरसफाइको अभावले पानीजन्य सरुवा रोग फैलिएर महामारीजन्य प्रकोप बढेर थप विपद् उत्पन्न हुने सम्भावना प्रबल रहनेछ ।
- विस्थापित परिवारका सदस्यहरुले पानीको आभावका कारण अत्यावश्यक स्वच्छताका लागि कमजोर व्यवहारले गर्दा सरुवारोगहरुको वृद्धिको सम्भावना रहन्छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

### ६.५.२ क्षेत्रगत उद्देश्य :

विपद् प्रभावित तथा विस्थापित समुदायलाई पानी तथा कीटपतङ्गका माध्यमबाट लाग्ने तथा महमारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

### ६.५.३ आपत्कालीन प्रतिकार्य योजना

खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन क्षेत्रको लागि निम्नअनुसार कार्ययोजना तय गरिएको छ :

| क्र.स. | गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १. | वास क्षेत्र एजेन्सी जिल्ला विपद् व्यवस्थापन समिति बैठकमा सहभागी हुने र कार्यक्षेत्रमा सक्रिय हुने । | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सदस्य | २४ घण्टा भित्र |
| २ | क्षेत्रगत सदस्य पहिचान गरी कार्य विवरण तयार गर्ने, पहिलो बैठक बस्ने<br>बैठकका विषयहरू :<br>• सहयोगी संस्थाको क्षमता पहिचान,<br>• कार्य तथा जिम्मेवारी विभाजन गर्ने,<br>• सामग्री आपूर्तिकर्ताको सूची तयार गर्ने,<br>• विद्यमान स्रोत र मागको विश्लेषण गर्ने,<br>• स्थानीय तहमा स्वच्छता प्रर्द्धन समिति परिचालन गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह,<br>नेपाल प्रहरी<br>गैसस<br>स्थानीय क्लब | ४८ घण्टा (पहिलो बैठक) |
| ३ | क्षेत्रका प्रत्येक सदस्यले आ-आफनो निकायको माथिल्लो तहमा आवश्यकताको जानकारी गराउने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, दातृ निकाय, गैसस, स्थानीय तह | ४८ घण्टा (पहिलो बैठक) |
| ४. | स्वास्थ्य प्रबर्द्धनका साधनहरूको निमार्ण तथा मर्मत कार्य गर्ने | जिजस्वाका, क्षेत्रका सदस्य | जिविव्यस, दातृ निकाय, गैसस, स्थानीय तह | १ हप्ताभित्र |
| ५ | सरसफाइका सामग्री वितरण गर्ने<br>o हार्पिक वा फिनेल १ बोतल/चर्पी<br>o ब्रस १ थान/चर्पी<br>o साबुन र तौलिया १ सेट<br>o बाल्टी ५ लि. १ थान र १ मग/परिवार | जिजस्वाका, क्षेत्रका सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस, स्थानीय तह | दोस्रो हप्ता |
| ६ | क्षेत्रका सदस्यहरूबीच कार्य समन्वय गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह | १ हप्ता भित्र |
| ७ | क्षेत्रका सदस्यबीच मीरा (MIRA) को बारे अभिमुखीकरण गरी सोअनुरूप कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, गैसस | ४ दिनभित्र |
| ८ | मीराको प्रतिवेदनको विश्लेषण र माग र आपूर्तिबीचको अवस्था विश्लेषण गरी कार्य गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जिविव्यस, स्थानीय तह | ७ दिनभित्र |
| ९ | हाइजिन कीट वितरण र सचेतना (३४० परिवार) | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस, स्थानीय तह | ७ दिनभित्र |
| १० | खानेपानी शुद्धीकरणका समान वितरण (बाल्टीन २ वटा १० र १५ लि., मग १, पियुष पहिलो १ हप्ता र बाँकी दिनका लागि वाटरगार्ड वा पियुष १ प्रति परिवार ) | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस, स्थानीय तह | पहिलो हप्ताभित्र |
| ११ | अनुगमन सुचक पहिचान गरी अनुगमन संयन्त्र परिचालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, गैसस, स्थानीय तह | नियमित |
| १२ | सर सफाइ प्रबर्द्धन कार्य गर्ने गराउने | क्षेत्र प्रमुख र | जिविव्यस, सरकार, | नियमित |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | • फोहरमैला व्यवस्थापन/फोहरपानी व्यवस्थापन<br>• शिविर क्षेत्रको सरसफाइ र निर्मलीकरण<br>• स्थानीय भाषामा जनचेतनामूलक क्रियाकलाप<br>• सरसफाइ समिति गठन र अभिमुखीकरण<br>• माइकिङ्<br>• सडक नाटक<br>• सूचना केन्द्र स्थापना गर्ने<br>• जानकारीमूलक, शिक्षाप्रद प्रचार सामग्री तयार गरी वितरण गर्ने<br>• स्वयंसेवक परिचालन<br>• सञ्चार क्षेत्रको परिचालन<br>• बाल/युवा क्लबको परिचालन | सदस्य | दातृ निकाय, गैसस स्थानीय तह | |
| १३ | समुदायबाट र अन्य क्षेत्रबाट पृष्ठपोषण सङ्कलन र पुनरावलोकन गरी सुधारका क्षेत्र पहिचान गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस, | दोस्रो र तेस्रो हप्ता |
| १४ | उद्योग वाणिज्य सङ्घलगायत निजी क्षेत्रसँग समन्वय गरी स्रोतको खोजी तथा सङ्कलन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, | दोस्रो हप्ता |
| १५ | अन्तिम मूल्याङ्कन गर्ने, अभिलेख तयार गर्ने र वितरण गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, गैसस | पाचो हप्ताको अन्तमा |
| १६ | शिविर रहेको क्षेत्रको पूर्ण सरसफाइ र सरसफाइसम्बन्धी संरचनाको सुरक्षित विस्थापन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस | शिविर उठेपछि |
| १७ | शिविर रहेका विद्यालयका शौचालयको मर्मतसम्भार गरी पूर्ववत अवस्थामा सञ्चालन गर्न सकिने बनाउने | क्षेत्र प्रमुख र सदस्य | जिविव्यस, सरकार, दातृ निकाय, गैसस | अस्थायी बसोबास उठेपछि |
| १८ | स्वास्थ्य क्षेत्रसँग समन्वय गरी पानीजन्य सरुवा रोगको प्रकृति पहिचान गर्ने र त्यसअनुसार स्वास्थ्य प्रबर्द्धन र सचेतना अभिवृद्धि गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्वास्थ्य क्षेत्र | पाचौं हपता |

### ६ .५.४ प्रतिकार्यका लागि पूर्वतयारी

खानेपानी, सरसफाइ तथा स्वस्थ्य प्रबर्द्धन क्षेत्रले आपत्कालीन समयमा गर्ने उल्लिखित कार्यको लागि निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | वास क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य निकाय वा संस्था र तिनका प्रतिनिधिको पुनरावलोकन गर्ने :<br>• क्षेत्रमा रहन इच्छुक संस्थाहरूको विवरण सङ्कलन गरी सूचीकरण गर्ने,<br>• मस्यौदा कार्यविवरण तयार गर्ने,<br>• यस क्षेत्रमा काम गर्ने गैसस, निर्माण व्यवसायी र निर्माण सामग्री बिक्रेताबाट इच्छापत्र माग गर्ने । | क्षेत्र प्रमुख | जिस्वाका, स्वास्थ्य क्षेत्र, स्थानीय तह | जेठको दोस्रो हप्ता |
| २ | समुदाय स्थानान्तरण भएको स्थान वा शिविर तथा प्रभावित स्थानीय तहमा स्वास्थ्य प्रबर्द्धनसँग सम्बन्धित खानेपानी, शौचालयजस्ता संरचना तथा सरसफाइको अवस्थाको अध्ययन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | स्थानीय तह | आवश्यकताअनुसार |
| ३ | विभिन्न संस्थाहरूसँग भएको सरसफाइ सामग्रीहरूको मौज्दात विवरण सङ्कलन गर्ने | क्षेत्र प्रमुख | स्थानीय तह | जेठ मसान्तसम्म |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ४ | मीराको तालिममा सहभागी हुन सदस्य तोक्ने | क्षेत्र प्रमुख | जिविव्यस | जिविव्यसले तोकेअनुसार |
| ५ | पानी शुद्धीकरण र हाइजीन कीट, साबुन पानीले हात धुने सम्बन्धमा सरसफाइको लागि घरदैलो अभियान सञ्चालन गर्न महिला स्वास्थ्य कार्यकर्तालाई अभिमुखीकरण गरी परिचालन गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिस्वाका, | जेठ मसान्तभित्र |
| ६ | जनचेतना अभिवृद्धिका लागि विभिन्न सङ्घ संस्थासँग भएका सूचना तथा सञ्चारका सामग्री सङ्कलन गरेर वा आफैँले तयार गरी प्रकाशन गरी वितरण गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिस्वाका, स्थानीय तह | रेडियोबाट जेठ २० जेठदेखि भदौसम्म |
| ७ | खानेपानी तथा सरसफाइ संरचनाहरूको (चर्पी, स्नान घर आदि) र तालिमका नमूनाहरू स्तरीकरण गरी लागत निकाल्ने र क्षेत्रको बैठकबाट अनुमोदन गराई प्राविधिकहरूलाई अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख, | क्षेत्रका सदस्य र स्थानीय तह | जेठ मसान्त |
| ८ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका वास क्षेत्रबाट तयार भएका अनुगमन सूचकहरू, फारमहरू स्थानीय स्तरमा सुहाउने बनाई सदस्यहरूबीच अभिमुखीकरण गर्ने | युनिसेफ | स्थानीय तह क्षेत्रका सदस्य | वैशाख मसान्त |
| ९ | खानेपानी, सरससफाइ तथा स्वास्थ्य प्रबर्द्धनसम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तह | जेठ मसान्त |
| १० | आपत्कालीन स्वास्थ्य प्रबर्द्धनसम्बन्धी स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तह | चैत मसान्तभित्र |
| ११ | जिल्ला तथा गाउँमा स्थापित नाट्य समूहहरूलाई आपत्कालीन स्वास्थ्य प्रबर्द्धनसम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तह | चैत मसान्तसम्म |
| १२ | विद्यालयमा स्थापित बालसमूहहरूबीच सरसफाइसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने | क्षेत्र प्रमुख र सदस्य | स्थानीय तह | चैत्र मसान्तसम्म |

### ६.६. संरक्षण क्षेत्र

बाढी पहिरोबाट प्रभावित तथा विस्थापितको संरक्षणका लागि यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नेछ। विशेषगरी बूढाबूढी, बालबालिका, महिला, फरक प्रकारको क्षमता भएका व्यक्ति, महिलाजस्ता बढी प्रभावित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ।

### ६.६.१ बाढी पहिरोपछिको अनुमानित परिदृश्य

- जिल्लामा वर्षेनी आउने बाढी र पहिरोले करिब २००० भन्दा बढी मानिस प्रभावित हुने अवस्था देखिन्छ।
- जोखिमपूर्ण अवस्थाको सामना गरिरहका महिला, बालबालिका, अपाङ्गता, जेठ नागरिकको सङ्ख्या धेरै हुनेछ।
- संरक्षण गर्नुपर्ने जनसङ्ख्याको ३५% घाइते हुन सक्ने, विस्थापित, हराउन, अलपत्र र भेदभावमा पर्न सक्नेछन्।

### ६.६.२ क्षेत्रगत उद्देश्य

महिला तथा बालबालिकालगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ।

### ६.६.३ आपत्कालीन प्रतिकार्य योजना

बाढी पहिरोजन्य विपद्को समयमा प्रभावितहरूको संरक्षणका लागि यस क्षेत्रले अन्य क्षेत्रसँग समन्वय गरी निम्नानुसार कार्य गर्नेछ

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | संरक्षण समूह समन्वय बैठक | क्षेत्र प्रमुख | यूएनओचा, जिविव्यस | २४ घण्टाभित्र |
| २ | जिल्ला विपद् व्यवस्थापन समिति, खोजतलास तथा उद्धार समितिसँग समन्वय गरी संरक्षण आवश्यक पर्ने व्यक्तिको सूची तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | ३ दिनदेखि १ हप्तासम्म |
| ३ | लेखाजोखा, आवश्यक जनसङ्ख्याको संरक्षण, अभिमुखीकरण, स्वयंसेवक परिचालन, सूचना विश्लेषण | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, नेरेसो, स्काउट | ३ दिनदेखि १ हप्तासम्म |
| ४ | हराएका र विछोडिएका परिवारको खोजी र पविारिक पुनर्मिलन गराउने | क्षेत्र प्रमुख र सदस्यहरू | सुरक्षा निकाय, क्षेत्रका सदस्य, नेरेसो, | शुरुदेखि खोजी कार्य १५ दिन र पुनर्मिलन निरन्तर |
| ५ | मानसिक रूपमा कमजोर देखिएका प्रभावित तथा प्रभावितलाई मनोसामाजिक सहयोग दिने | क्षेत्र प्रमुख र सदस्यहरू | मनोसामाजिक परामर्श प्रदायक | एक हप्ताभित्र सुरु गरी निरन्तरता दिने |
| ६ | गर्भवती सुत्केरी महिलाहरूका लागि सुरक्षित स्थानको प्रबन्ध तथा उनीहरूको स्याहार तथा सरसफाइ र पोषणको व्यवस्थापन । | क्षेत्र प्रमुख | जिस्वाका, खाद्य क्षेत्र, स्वास्थ्यय क्षेत्र र क्षेत्रका सदस्य | १ महिना |
| ७ | • घाइते बालबालिका तथा विशेष आवश्यकता भएका समूहका लागि स्वास्थ्य सहयोग गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने<br>• उपचार शिबिर स्थापनाको लागि समन्वय गर्ने<br>• ३ वर्षसम्मका बालबालिकाको लागि सुरक्षित स्थान तयार गर्ने | | जिस्वाका, स्थानीय स्वास्थ्य चौकी, मनोसामाजिक परामर्श प्रदायक | १५ दिनभित्र |
| ८ | • भेदभाव, दुर्व्यवहार, हिंसा र शोषणका घटना अनुगमन पहिचान, अभिलेखीकरण तथा सहयोग गरी निगरानी समूह गठन गर्ने,<br>• समस्यामा परेकालाई कानुनी सहयोग तथा परामर्श सेवा दिने<br>• प्रभावित व्यक्तिहरूलाई अधिकार र कर्तव्यबारे सचेतना दिने,<br>• सहयोगी निकाय तथा सुरक्षाकर्मीलाई आचार संहिताबारे सचेतना गराउने,<br>• गर्भवती र सुत्केरीको लागि विशेष कपडा वितरण गर्ने | क्षेत्र र सदस्य | जिविव्यस, नेरेसो, कानुन व्यवसायी, प्रहरी, महिला प्रहरी सेल, सामुदायिक मनोसामाजिक परामर्श प्रदायक | नियमित |
| ९ | प्रतिवेदन तयार गरी अन्य क्षेत्रसँग सिकाइ आदानप्रदान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | नियमित रूपमा |

### ६.६.४ प्रतिकार्यका लागि पूर्वतयारी

यस क्षेत्रले आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा उपलब्ध गराउने संरक्षणसम्बन्धी कार्यका लागि निम्न तयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधि गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, जि.स.स. र क्षेत्रका सदस्य | जेठ १५ भित्र |
| २ | लेखाजोखा तथा जिम्मेवारी बाँडफाँड र संरक्षणसम्बन्धी आधाररेखा तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, स्थानीय तहहरू | जेठ मसान्तभित्र |
| ३ | मनोसामाजिक कार्यकर्ताहरूको रेकर्ड तथा सूचनाहरू अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, जिसस | जेठ मासन्त |

| | | | |
|---|---|---|---|
| ४ | गर्भवती तथा सुत्केरी आमाको लागि सुरक्षित स्थानको व्यवस्थापन गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने | क्षेत्र[illegible]तोकिएको सदस्य | जिसस | जेठ मसान्त |
| ५ | प्रभावितको लागि तयार भएका सुरक्षित आवासको रेखदेख, मनोसामाजिक सेवाको लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख र सदस्य | जिसस | जेठ मसान्त |
| ६ | सञ्चालित कार्यक्रममा बाल संरक्षणको विषय समावेश गर्न समन्वय गर्ने<br>क) कार्यक्रम सञ्चालन गर्ने संस्था पहिचान र रोस्टर तयार गर्ने<br>ख) सहयोगी कार्यकर्ताहरूलाई तालिम दिने | क्षेत्र प्रमुख र सदस्य | जिसस | जेठ मसान्तभित्र |
| ७ | स्थानीय भाषामा आचारसंहिता मुद्रण गर्ने र क्षेत्रका सदस्यलाई जानकारी दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जोठ मसान्तभित्र |
| ८ | गत वर्ष प्रयोग गरिएका विभिन्न सूचना सामग्री अध्यावधिक गरी परिमार्जनका लागि युनिसेफसँग समन्वय गर्ने । | क्षेत्र प्रमुख | जिसस | जेठ मसान्तभित्र |
| ९ | सरोकारवाला एवं सुरक्षाकर्मीहरूमध्ये करिब १५० जनालाई आचार संहिता सहित संरक्षणसम्बन्धी अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख | जिसस, दातृ निकाय वा गैसस | बाढीपछि कार्य प्रारम्भ गर्नासाथ |
| १० | अनुगमन मूल्याङ्कन समिति गठन गरी अनुगमन विधिको विकास गर्ने | क्षेत्र प्रमुख | सुरक्षा निकाय र क्षेत्रका सदस्य | बाढी आएर शिविर सञ्चालन हुन थालेपछि |
| ११ | मनोसामाजिक सेवा संयन्त्र स्थापनामा समन्वय, पुनःस्थापना केन्द्र, कानुनी उपचार सेवा, स्वास्थ्य उपचार सेवाबारे पूर्वतयारी गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जिस्वाका | जेठ मसान्तभित्र |
| १२ | बालअधिकार संरक्षण सम्बन्धमा सरोकारवालाहरू (स्थानीय तहका प्रतिनिधिहरू, प्रहरी, सेना लगायत) लाई तालिम दिने | क्षेत्र प्रमुख | स्थानीय गैरसरकारी संस्था | जेठ मसान्तभित्र |
| १३ | फरक क्षमता भएका व्यक्तिहरूलाई सुरक्षासम्बन्धी पूर्व जानकारी एवं अभिमुखीकरण गर्ने | क्षेत्र प्रमुख | जिसस, अपाङ्गता समन्वय समिति, गैसस | नियमित रूपमा |
| १४ | ज्येष्ठ नागरिक तथा जोखिममा पर्न सक्ने समूहलाई विपद् र आपत्कालीन मानवीय सहयोगबारे पूर्व जानकारी दिने | क्षेत्र प्रमुख | जिसस, अपाङ्गता समन्वय समिति | वैशाख महिना |

### ६.७. आपत्कालीन समयमा शिक्षा

शिक्षा आर्जन गर्न पाउनु नागरिकको नैसर्गिक अधिार हो र विपद्बाट उत्पन्न हुने आपत्कालीन समयमा पनि शिक्षा प्राप्त गर्ने शिक्षार्थीको लागि विशेष प्रशन्ध गर्नु राज्यको दायित्व मानिएको छ । अत: जिल्ला विपद् व्यवस्थापन समितिले शिक्षा क्षेत्रको भूमिका तथा दायित्वलाई कार्ययोजनामा समेट्ने कार्य गरेको छ ।

### ६.७.१ बाढी पहिरो पछिको परिदृश्य (Post Flood Scenerio)

- धेरै विद्यार्थी विस्थापित तथा प्रभावित हुने अनुमान गरिएको छ,

- प्रभावित तथा विस्थापित विद्यार्थीहरूमा मानसि[illegible] हुने, मनोसामाजिक समस्या हुने सम्भावना देखिएको छ,
- विद्यार्थी विद्यालय शिक्षाको अवसरबाट बञ्चित हुने, पाठ्य पुस्तक र स्टेशनरी आदि नष्ट हुने भएकाले शिक्षा आर्जनको माध्यम अबरुद्ध हुनेछ,
- विद्यालय नष्ट हुने र शिक्षक र विद्यार्थीको मृत्यु हुन सक्ने सम्भावना रहनेछ ।

### ६.७.२ क्षेत्रगत उद्देश्य

विपद् प्रभावित तथा विस्थापित विद्यार्थी र अस्थायी आवासको रूपमा उपयोग भएका विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित अध्ययन वा पठनपाठन गर्न पाउने अधिकारको प्रत्याभूति गर्दै आपत्कालीन समयको लागि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु तथा आवश्यक सहयोग उपलब्ध गराउनु यस क्षेत्रको उद्देश्य हुनेछ ।

### ६.७.३ आपत्कालीन प्रतिकार्य योजना

विपद्को समयमा शिक्षा क्षेत्रले निम्नअनुसार आपत्कालीन कार्य गर्ने निर्धारण गरिएको छ :

| क्र.सं. | प्रतिकार्यसम्बन्धी कार्य | जिम्मेवारी | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रको बैठक गरी प्रभावित स्थानीय तहका शैक्षिक क्षेत्रको लेखाजोखा र जिम्मेवारी पुनरावलोकन | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, क्षेत्रका सदस्य | २४ घण्टा भित्र |
| २ | शिक्षासम्बन्धी द्रुत लेखा जोखा (Initial Rapid Assessment) गर्ने | क्षेत्र प्रमुख र सदस्य | शिक्षा विकास तथा समन्वय इकाई, प्याब्सन, | ३ देखि १५ दिनभित्र |
| ३ | तथ्याङ्क सङ्कलन, समायोजन विश्लेषण र प्रतिवेदन तयारी र आदान-प्रदान गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | मीराको प्रतिवेदन प्राप्त भएपछि २ दिनभित्रै |
| ४ | शिक्षा क्षेत्रको बैठकबाट क्रियाकलाप नं. ३ को प्रतिवेदनमाथि छलफल गर्ने र निष्कर्ष निकाल्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | २ दिनभित्र |
| ५ | शैक्षिक गतिविधि सञ्चालन गर्न सुरक्षित स्थानको पहिचान गर्ने | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, आवास तथा गैरखाद्य क्षेत्र, | ५ दिनभित्र |
| ६ | ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको लागि सुरक्षित स्थानमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, आवास तथा गैरखाद्य क्षेत्र, | २ हप्ताभित्र |
| ७ | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने<br>• संरक्षण क्षेत्रमा सिफरिस गर्ने,<br>• सुरक्षित स्थानको शिक्षकलाई तालिम दिने, | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, आवास तथा गैरखाद्य क्षेत्र | निरन्तर |
| ८ | अस्थायी विद्यालय (Temporary Learning Center) निर्माण :<br>• करिब २३० जना विद्यार्थीको लागि कक्षा कोठा त्रिपाल र बाँसको प्रयोग गरी ३ स्थानमा अस्थायी विद्यालय बनाउने | क्षेत्र प्रमुख | जिसस, शिक्षा विकास तथा समन्वय इकाई, आवास तथा गैरखाद्य क्षेत्र, | निरन्तर |
| | • शिक्षकलाई आपत्कालीन शिक्षासम्बन्धी १ दिने अनुशिक्षण दिने<br>• विद्यार्थीहरूलाई पाठ्य पुस्तक उपलब्ध गराउने | शिक्षा कार्यदल | शिक्षा विकास तथा समन्वय इकाई, | १ महिनाभित्र<br>२ महिनाभित्र |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | • पोसाक, शैक्षिक सामग्री कपडा-सर्ट, पेन्ट, आदि वितरण गर्ने<br>• फर्निचरको प्रबन्ध गर्ने<br>• विद्यालय शैक्षिक सामग्री व्यवस्था गर्ने<br>• खेलकुद सामग्रीको व्यवस्थ ागर्ने<br>• खाने पानी र लैङ्गिक तथा अपाङ्गता मैत्री शौचालयको व्यवस्था गर्ने | शिक्षा कार्यदल | जिसस, शिक्षा विकास तथा समन्वय इकाई, आवास तथा गैरखाद्य क्षेत्र, | शिबिर स्थापनाको ५ दिनभित्र शिबिर व्यवस्थापनको ५ दिनभित्र आवश्यकताअनुसार |
| ९ | शिक्षकलाई एकपटक आवश्यक शैक्षिक सामग्री सहयोग गर्ने | शिक्षा कार्यदल | शिक्षा विकास तथा समन्वय इकाई, सहयोगी संस्था | आवश्यकताअनुसार |

### ६.७.४ प्रतिकार्यका लागि पूर्वतयारी

शिक्षा क्षेत्रले आपत्कालीन प्रतिकार्य योजनाको कार्यान्वयनको लागि समितिसँग समन्वय गरी निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क.सं. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | • शिक्षा क्षेत्रको बैठक गरी विभिन्न क्षेत्रको विश्लेषण गर्ने<br>• आपत्कालीन शैक्षिक कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, शिक्षा विकास तथा समन्वय इकाई | जेठको पहिलो साता |
| २ | जोखिमपूर्ण क्षेत्रका विद्यालय, मदरसा, इसिडी तथा विद्यार्थी र शिक्षकको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, क्षेत्रका सदस्य | जेठ मसान्त |
| ३ | मीरा (MIRA) अभिमुखीकरण कार्यमा सहभागी हुने | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सदस्य | जेठ मसान्त वा जिविव्यसले अह्वान गरेपछि तुरुन्तै |
| ४ | अस्थायी विद्यालयको लागि त्रिपालको व्यवस्थापन | क्षेत्र प्रमुख र सदस्य | शिक्षा विकास तथा समन्वय इकाई, आवास तथा गैरखाद्य क्षेत्र | जेठ मसान्तभित्र |
| | कक्षा सञ्चालको लागि आवश्यक पर्ने चकटीको व्यवस्था गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, शिक्षा विकास तथा समन्वय इकाई, आवास तथा गैरखाद्य क्षेत्र | आवश्यकता अनुसार |
| | प्रभावित विद्यार्थीको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | जेठसम्ममा |
| ५ | स्थापित अस्थायी विद्यालयमा अस्थायी प्रशिक्षण केन्द्र (Temporary Learning Center) बनाउने | शैक्षिक कार्यदल | शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा विभाग | जेठभित्र |
| ६ | करिब १०० विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक सामग्री बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, | शिक्षा विभागमा असार पहिलो साता भित्र पत्राचार गर्ने |
| ७ | विद्यालय नगएका ८ देखि १४ वर्ष उमेर समूहका केटाकेटीहरूका लागि अनौपचारिक | क्षेत्र प्रमुख र सदस्य | शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा विभाग, गैसस | शिक्षा विभागसँग समन्वय गरी |

प्र. प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | शिक्षा सञ्चालन गर्ने सामग्री तयारी अवस्थामा राख्ने | | | पाठ्यपुस्तक मौज्दात राख्ने |
| ८ | स्थानीय तहका विद्यालयर इसीडीको अवस्थाको अनुगमन गरी आपत्कालीन अवस्थामा गर्ने कार्य निर्धारण गर्ने | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, तथा क्षेत्रका सदस्य | २०६६ असार दोस्रो साता |
| ९ | बाढी प्रभावित विद्यालयहरूलाई विद्यालय कीटको (school kit) व्यवस्थापन गर्ने (५० थान) | क्षेत्र प्रमुख | जिविव्यस, शिक्षा विकास तथा समन्वय इकाई, | आवश्यकताअनुसार |
| १० | जोखीममा रहेका विद्यालयहरूलाई जोखिम न्यूनीकरण (Mitigation) सम्बन्धी कार्यक्रम सञ्चालन गर्न जलउत्पन्न प्रकोप नियन्त्रण विभाग र जिविव्यसलाई अनुरोध गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, शिक्षा विकास तथा समन्वय इकाई, क्षेत्रका सदस्य | अनुगमनको प्रतिवेदन प्राप्त भएपछि |
| ११ | पूर्वतयारी सम्बन्धमा विद्यालय स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई | जेठभित्र |
| १२ | विद्यालयका विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिलाई बाढीजन्य विपद्सम्बन्धी प्रशिक्षण दिने | क्षेत्र प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई | नियमित कार्यक्रममा राख्ने |

**६.८ आपत्कालीन बन्दोबस्त क्षेत्र :**

यस क्षेत्रले बन्दोवस्त तथा प्रबन्धका लागि भूकम्पको प्रतिकार्यका लागि गरिएको व्यवस्थाअनुरुप प्रबन्धगत सहयोग परिचालन गर्नुपर्नेछ ।

प्र. प्रमुख जिल्ला अधिकारी

## परिच्छेद - ७ : आपत्कालीन प्रतिकार्य योजना

### (आगलागीको सन्दर्भमा)

जिल्लामा हुने विपद्जन्य घटनाको स्तरीकरण अनुसार सङ्खुवासभा जिल्ला आगलागीको जोखिमको दृष्टिले दोस्रो स्तरमा रहेको छ । विभिन्न क्षेत्रमा भएका आगलागीका घटनाबाट भएको जनधनको क्षतिको पूरा तथ्याङ्क उपलब्ध नभए पनि सही तथ्याङ्क छैन । विगत ३० वर्षको उपलब्ध भएको तथ्याङ्कअनुसार जल्लिामा १६ जनाको मृत्यु भएको र दुई करोड रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको देखिन्छ । यस तथ्याङ्कमा वनमा लाग्गेको डढेलो र त्यसबाट भएको क्षतिको बारेमा तथ्याङ्क उपलब्ध रहेको छैन । यसै सन्दर्भमा सङ्खुवासभा जिल्लामा सम्भावित आगलागीबाट हुनसक्ने विपद्को प्रतिकार्यका लागि क्षेत्रगत रूपमा कार्ययोजना तर्जुमा गरिएको छ ।

### ७.१ खोज, उद्धार, समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र

सङ्खुवासभा जिल्लाका विभिन्न बस्तीमा आगलागीका घटना नियन्त्रण र आगलागी भइहालेमा तत्कालीन क्षति कम गर्न समन्वय, सूचना व्यवस्थापन तथा पूर्वचेतावनी प्रणालीले स्थानीय तहका सबै क्षेत्र, सङ्घसंस्था र जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी कार्य गर्नेछ ।

### ७.१.१ आगलागीको सम्भावित अवस्था

- जिल्लाका विभिन्न स्थानीय तहका मानिसहरु प्रत्यक्ष र परोक्ष रुपमा प्रभावित हुनेछन्
- डढेलोका कारण वस्ती र प्राकृतिक सम्पदामा ठूलो क्षति हुने सम्भावना रहन्छ ।
- आगलागी नियन्त्रण गर्न नसकेको अवस्थामा प्रभावित मानिसहरु उद्धार र राहतको याचना गरिरहेका हुनेछन् ।
- पहाडी दुर्गम गाउँमा यातायातको सुविधाको अभावका कारण समयमै उद्धारकर्मी पुग्न सक्ने छैनन् ।
- उद्धार र राहत वितरणमा कठिनाइ उत्पन्न हुनेछ ।
- समयमै आगलागी नियन्त्रण नहुँदा डढेलो र घरायसी आगलागीले विकराल रुप लिनसक्ने हुन्छ ।

### ७.१.२ क्षेत्रगत योजनाको उद्देश्य

आगलागीको हुन नदिन र भइहालेमा मानवीय सहयोग उपलब्ध गराउन सरकारको नीतिनिर्देशनको अधिनमा रही मानवीय सहयोग परिचालन गराई सबै सरोकारवालासँग समन्वय गर्दै सूचना र तथ्याङ्कको विश्लेषण गरी प्रभावकारी प्रतिकार्यको व्यवस्थापन गर्नु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### ७.१.३ आपत्कालीन प्रतिकार्य कार्ययोजना

जिल्लाको कुनै क्षेत्रमा आगलागी भएर विपद्को अवस्था उत्पन्न भएमा खोज, उद्धार, समन्वय सूचना तथा पूर्वचेतावनी प्रणाली क्षेत्रले निम्नअनुसार आपत्कालीन कार्य गर्नेछ :

| क.स. | आपत्कालीन प्रतिकार्य योजना | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आगलागी भएको थाहा हुनासाथ प्रभावित हुन सक्ने परिवारलाई सुरक्षित स्थानमा लैजाने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | नेपाली सेना, नेरेसो | आगलागी भएको सूचना प्राप्त हुनासाथ |
| २ | आगलागी हुन लागेको क्षेत्रका छिमेकी समक्ष पनि सूचना प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सुरक्षा निकाय, नागरिक समाज | तत्कालै |
| ३ | खोज तथा उद्धार दलसँग सम्पर्क गरी उद्धारकर्मी परिचालन गराउने | क्षेत्र प्रमुख | खोज तथा उद्धार क्षेत्र, नेरेसो, | तत्कालै |
| ४ | सबै क्षेत्रको आपत्कालीन बैठक बोलाउने, आगलागीका समयमा गर्नु पर्ने कामबारे छलफल गरी स्रोतको | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य र अन्य सबै क्षेत्रका प्रमुख, | तत्कालै |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थाको लागि स्थानीय तहसँग पहल गर्ने | | स्थानीय तह | |
| ५ | आगलागीबाट भएको क्षतिको सूचना नियमित सङ्कलन गरी प्रवाह गर्ने | क्षेत्र प्रमुख | जिविव्यस | तत्कालैदेखि अवस्था सामान्य नभएसम्म |
| ६ | प्रभावित तथा विस्थापितलाई सरकारबाट निर्धारित सहयोग उपलब्ध गराउन पहल गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, स्थानीय तह, नागरिक समाज | १२ घण्टाभित्र |
| ७ | प्राप्त सूचनाको आधारमा प्रतिवेदन तयार गरी जिविव्यस र सरोकारवाला निकायलाई दिने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, उद्धारकर्मी | १२ घण्टाभित्र |
| ८ | आगलागीजन्य विपद्को सूचना सरोकारवालालाई नियमित उपलब्ध गराउने र जिससको सूचना केन्द्रबाट सूचना प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सबै सदस्य, जिसस | आगलागी गएदेखि नियमित रूपमा |
| ९ | प्रभावितलाई सरकार तथा गैरसरकारी क्षेत्रबाट प्राप्त हुने सहयोग उपलब्ध गराउन सहकार्य गर्ने | स्थानीय तह प्रमुख | जिविव्यस, स्थानीय गैसस, अन्तर्राष्ट्रिय गैसस | २ दिनभित्र |
| १० | समन्वयकारी भूमिका निर्वाह गरी प्रतिकार्यको अनुगमन गर्ने | स्थानीय तह प्रमुख | क्षेत्रका सदस्य | नियमित |
| ११ | तालिमप्राप्त स्वयंसेवक परिचालन गर्ने | क्षेत्र प्रमुख | नेरेसो, स्थानीय सरकार | आगलागी हुनासाथ |
| १२ | आगलागीमा मानिस परेको वा नपरेको यकिन गर्ने र मानिस परेको भए भौगोलिक अवस्था अनुरूप खोजी गर्ने रणनीतिक विधि अपनाउने | उद्धार कार्यदल | जिविव्यस क्षेत्रका सदस्य, स्थानीय तह, | तत्कालै |
| १३ | आगलागीको जोखिममा रहेका महिला, बालबालिका, अशक्त, बूढाबूढीजस्ता सङ्कटासन्न वर्गलाई पहिले उद्धार गर्ने | उद्धार कार्यदल, | जिविव्यस, नेरेसो, सप्रबल, स्थानीय तह, नेरेसो | उद्धार नसकिएसम्म |
| १४ | आगलागीमा परी घाइते भएका व्यक्तिको प्राथमिक उपचार गर्ने र अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने | उद्धार कार्यदल | जिविव्यस स्वास्थ्य क्षेत्र, | आगलागी गएको समयदेखि नियमित |
| १५ | निम्नअनुसार अभिलेख तयार गर्ने<br>• उद्धार गरिएका व्यक्ति<br>• बेपत्ता भएका वा मृत्यु भएका व्यक्ति<br>• मरेका घरपालुवा पशु<br>• क्षतिग्रस्त भौतिक सम्पत्ति तथा सार्वजनिक भवन | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, जिल्ला स्थित खोज तथा उद्धार कार्यदल, , नेरेसो | नियमित रूपमा |

### ७.१.४ आपत्कालीन समयको लागि पूर्वतयारी कार्ययोजना

समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रले आगलागीजन्य विपद्को आपत्कालीन सयमयमा गर्ने कार्यको लागि निम्नअनुसार पूर्वतयारी गर्नु पर्नेछ :

| क्र.स. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | धेरैजसो आगलागीका घटना मानवीय त्रुटीका कारण हुने भएकाले आगलागी नियन्त्रणसम्बन्धी जनचेतना अभिवृद्धिका कार्य सञ्चालन गर्ने | जिवका र सामुदायिक वन उपभोक्ता समिति | जिविव्यस स्थानीय तह जिसस | नियमित रुपमा |
| २ | डढेलो लाग्न नदिन अग्नी नियन्त्रण रेखा निर्माण गर्न पहल गर्ने | जिवका र सामुदायिक वन उपभोक्ता समिति | जिविव्यस स्थानीय तह जिसस | माघमहिना भित्र नियमित रुपमा |
| ३ | डढेलो नियन्त्रण कार्यविधि तयार गरी जनचेतना बढाउने | जिवका र सामुदायिक वन उपभोक्ता समिति | जिविव्यस जिसस स्थानीय सरकार | नियमित रुपमा |
| ४ | पूर्वतयारी बैठक गरी आगलागी हुनसक्ने ठाउँबारे पूर्व जानकारी लिने र अध्यावधिक गर्ने | क्षेत्र प्रमुख, | जिविव्यस स्थानीय तह, नेरेसो, | माघ मसान्तभित्र |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ५ | आगलागी जाने मौसममा अन्य क्षेत्रसँग समन्वय गरी पूर्वतयारीसम्बन्धी कार्यमाथि छलफल गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, अन्य क्षेत्रका प्रमुख र स्थानीय तह | माघ पहिलो साता |
| ६ | जिसस तथा सूचना व्यवस्थापन क्षेत्रसँग समन्वय गरी आपत्कालीन सूचना प्रसारण व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, जिविव्यस, | माघ मसान्तभित्र |
| ७ | पूर्वतयारी बैठकलाई अन्य विपद्को सन्दर्भमा गरिने बैठकमा समाहित गरी आवश्यक तयारी गर्ने | क्षेत्र प्रमुख | नेरेसो, सप्रबल, नेप्र, सम्बन्धित स्थानीय तह | फाल्गुण |
| ८ | उद्धार कार्यदललाई आगलागीको समयमा गरिने उद्धार व्यवस्थापनसम्बन्धी प्रशिक्षण दिने व्यवस्था मिलाउने । | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, जिविव्यस, सप्रबल, नेरेसो, | फाल्गुण |
| ९ | सबै नगरपालिका र सडक सञ्जाल भएका गाउँपालिकाले अग्नी नियन्त्रणका विधि अवलम्बन गर्ने | क्षेत्र प्रमुख | सबै क्षेत्र | नियमित |
| १० | उद्धार कार्यकाल लागि आवश्यक पर्ने सामग्रीको बन्दोवस्तका लागि सुरक्षा निकाय र जिविव्यससँग अनुरोध गर्ने<br>*(अग्नीरोधक कपडा र अन्य सामग्री, लाइफ ज्याकेट, उद्धार डोरी, क्याराभान हुक, गैंती, बेल्चा, कुटो, कोदालो आदि)* | क्षेत्र प्रमुख | जिविव्यस, नेसे, सप्रबल, नेरेसो, | आवश्यकताअनुसार |
| ११ | उद्धारको समयमा आवश्यक पर्ने सञ्चार उपकरण र उद्धार सामग्री व्यवस्था गर्ने र भएका सामग्रीको परीक्षण गरी आवश्यकताअनुसार मर्मतसम्भार गर्ने | क्षेत्र प्रमुख, | सुरक्षाकर्मी, सुरक्षा निकाय | नियमित |
| १२ | प्राथमिक उपचारको लागि स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी प्राथमिक उपचार कीट प्राप्त गरी राख्ने | क्षेत्र प्रमुख | स्वास्थ्य चौकी, जिस्वाका, नेरेसो | असारको पहिलो साता |
| १३ | उद्धारका लागि र नेरेसोका स्थानीय स्वयंसेवकहरूलाई तालिम दिने | क्षेत्र प्रमुख | जिविव्यस, सुरक्षा निकाय, स्थानीय तह, गैसस, नेरेसो | माघमहिना भित्र |

### ७.२. खाद्य कृषि क्षेत्र

आगलागीमा परी विस्थापित हुने तथा प्रभावित हुने घरपरिवारलाई आपत्कालीन सहयोग उपलब्ध गराउनको लागि यस क्षेत्रले खाद्यान्न उपलब्ध गराउने कार्यमा जोड दिनेछ । विशेषगरी आपत्कालीन समयमा बढीमा ३० दिनसम्म घरबारविहीन परिवारलाई खाद्यान्न सहयोग उपलब्ध गराउन समन्वय गरी स्रोतको परिचालन गर्नेछ ।

### ७.२.१ विपद्को सम्भावित अवस्था तथा असर

- जिल्लाका सबै स्थानीय तहका मानिसहरु प्रभावित हुनेछन् ।
- घर, गोठ, पशुधन आगलागीले क्षति भएको हुनेछ ।
- आगलागीमा मानवीय क्षति भए परिवारमा भयानक पीडा हुनेछ भने पशुधनको क्षति हुँदा गरिबीको पीडा बढ्नेछ ।
- आगलागीमा परेर मानिस घाइते हुनेछन् भने घरपालुवा पशु पनि मर्ने वा घाइते हुनेछन् ।
- घरभित्रको अन्नपात, खाद्यान्न, लुगाफाटो आदि केही नभएर परिवारका सदस्य विचल्लीमा पर्नेछन् ।

### ७.२.२ क्षेत्रगत योजनाको उद्देश्य

आगलागीका कारण विस्थापित भएका व्यक्ति तथा परिवारलाई आपत्कालीन समयमा खाद्यान्न उपलब्ध गराई सहयोग गर्ने सुनिश्चितता दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### ७.२.३ आपत्कालीन समयको लागि कार्ययोजना

आगलागीबाट प्रभावित व्यक्ति, परिवार तथा समुदायलाई यस क्षेत्रले खाद्यान्न उपलब्ध गराउन निम्नअनुसार कार्य गर्नेछ :

| क्र.स. | आपत्कालीन प्रतिकार्य योजना | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | खाद्य क्षेत्रको बैठक गरी खाद्यान्न उपलब्ध गराउनु पर्ने परिवार यकिन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, सुरक्षा निकाय, | आगलागी हुनासाथ |
| २ | मानवीय सहयोगका लागि काम गर्ने अन्य क्षेत्र र केन्द्रीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिसँग सहयोग माग गर्ने | क्षेत्र प्रमुख | जिविव्यस स्थानीय तह, नेरेसो, स्थानीय तह | आगलागीपछि तत्कालै |
| ३ | तयारी खाना (चाउचाउ, चिउरा, बिस्कुट आदि) को व्यवस्था गरी प्रभावितलाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | आगलागी भाएको २४ घण्टाभित्र |
| ४ | आवश्यक खाद्यान्नको व्यवस्थ ागर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस | आगलागी हुनासाथ |
| ५ | खाद्यान्न वितरणका लागि तालिमप्राप्त स्वयंसेवक परिचालन गर्ने | क्षेत्र प्रमुख | नेरेसो, गैसस, स्थानीय तह, | आवश्यक भएमा |
| ६ | समन्वय तथा सूचना क्षेत्रसँग समन्वय गरी विस्थापितलाई परिचयपत्र दिने | क्षेत्र प्रमुख | नेरेसो, गैसस, स्थानीय तह, | आवश्यक देखिएमा |
| ७ | मापदण्डले निर्धारण गरेअनुसार खाद्यान्न व्यवस्था र वितरण गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गैसस | ८औं दिनदेखि ३० दिनसम्म |
| ८ | गर्भवती, सुत्केरी, बच्चालाई स्तनपान गराउने महिला, बालबालिका, तथा बूढाबूढी र बिरामीलाई स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी पोणयुक्त खाद्यान्न उपलब्ध गराउने | क्षेत्र प्रमुख | नेरेसो, गैसस, स्थानीय तह, स्वास्थ्य तथा पोषण क्षेत्र | आवश्यकता अनुसार |
| ९ | नियमित रूपमा प्रतिवेदन तयार गरी अन्य क्षेत्रका साथै जिविव्यस तथा सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | प्रहरी, गैसस, स्थानीय तह, नेरेसो | प्रत्येक हप्ता |

### ७.२.४ आपत्कालीन समयको लागि पूर्वतयारी कार्य

उल्लिखित आपत्कालीन कार्य सञ्चालन गर्न खाद्य क्षेत्रले निम्नअनुसार पूर्वतयारी गर्नु पर्नेछ :

| क्र.स. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आगलागीको सन्दर्भमा पूर्वतयारी बैठकमा छलफल गरी कार्यविभाजन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य | माघ दोस्रो साता |
| २ | स्थानीय तह, जिविव्यस र नेरेसोसँग समन्वय गरी आवश्यक खाद्यान्नको व्यवस्था गर्ने *(खरिद, भण्डारण, बजार पहिचान र आपूर्तिकर्ताको सूची र दरभाउपत्र लिने)* | क्षेत्र प्रमुख | जिविव्यस, गैसस, जिल्लाको खाद्य क्षेत्र | माघ दोस्रो साता |
| ३ | आपत्कालका लागि तयारी खानाको व्यवस्था मिलाइराख्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय गैसस | माघको दोस्रो साता |
| ४ | खाद्यासामग्री भण्डारण र आन्तरिक ढुवानीको व्यवस्था मिलाइराख्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह नेरेसो, | माघ मसान्त |
| ५ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी कुपोषणमा | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस, | माघ |

| | | | | |
|---|---|---|---|---|
| | परेका बालबालिका, वृद्ध, सुत्केरी तथा गर्भवती महिलाको लागि आवश्यक पर्ने पौष्टिक आहार वितरण गर्ने | | स्वास्थ्य क्षेत्र | मसान्त |
| ६ | खाद्यान्न सम्बन्धी अन्य विपद्को सन्दर्भमा गरिएको पूर्वतयारीअनुसार पूर्ण व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | माघ मसान्त |

## ७.३. आवास तथा गैरखाद्य क्षेत्र

आगलागीका कारण घरबार गुमाएर विस्थापित भएका परिवारलाई आपत्कालीन आवास र गैरखाद्य सामग्रीको सहयोग गर्नु आवाश तथा खैगरखाद्यको दायित्व हुनेछ ।

### ७.३.१ विपद्को सम्भावित परिदृश्य

- विस्थापितलाई अस्थायी रूपमा गाउँका विद्यालय, मन्दिर वा सार्वजनिक भवनमा राख्न सकिनेछ ।
- डढेलोले नजिकका गाउँ प्रभावित भएका हुनेछन् र सार्वजनिक भवनको उपयोग बढ्नेछ ।
- सार्वजनिक स्थान अस्थायी आवासको लागि प्रयोग हुँदा सरसफाइमा समस्या उत्पन्न भएर जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ ।
- आगलागीमा परेर मानिस घाइते भएका हुनेछन् र परिवारको विछोडबाट प्रताडित हुनेछन् ।

### ७.३.२ क्षेत्रगत योजनाको उद्देश्य

आगलागी र डढेलोबाट प्रभावित समुदायका लागि सुरक्षित तथा न्यूनतम मापदण्डसहित सामाजिक, सांस्कृतिक, धार्मिक रूपमा स्वीकार्य हुने वासस्थानको व्यवस्था गर्नु र गैरखाद्य सामग्री सहयोग गर्नु यस क्षेत्रको उद्देश्य हुनेछ ।

### ७.३.३ आपत्कालीन समयको लागि कार्ययोजना

आगलागी र डढेलो प्रभावितका लागि यस क्षेत्रले निम्नअनुसार आपत्कालीन कार्य गर्नेछ :

| क.स. | आपत्कालीन प्रतिकार्य योजना | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | **आपत्कालीन बैठक आयोजना गरी**<br>- आगलागीकारण प्रभावित तथा विस्थापितको सङ्ख्या लिने<br>- अस्थायी आश्रयस्थलको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, सुरक्षा निकाय, स्थानीय तह, नेरेसो, | आगलागी भएपछि तुरुन्तै, |
| २ | उद्धार क्षेत्रबाट सूचना लिएर सोअनुरूप आपत्कालीन आवास र गैरखाद्य सामग्री उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, उद्धार कार्यदल, गैसस, स्थानीय तह | आगलागी भएको १२ घण्टाभित्र |
| ३ | विस्थापितलाई पूर्वनिर्धारित स्थानहरूमा तत्कालीन बासको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह नेरेसो, गैसस | आगलागी गाएको १२ घण्टाभित्र |
| ४ | स्थानीय तह र गैरसरकारी संस्था तथा नागरिक समाजको सहयोगमा तत्काल लगाउने लुगाफाटो तथा अन्य गैरखाद्य सामग्री वितरण गर्ने *(महिला, बालबालिका, सुत्केरी तथा संवेदनशील व्यक्तिलाई विशेष ध्यान दिने)* | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह, गैसस | २४ घण्टाभित्र |
| ५ | जिविव्यस, अन्य क्षेत्र प्रमुख तथा मानवीय सहयोगको लागि कार्य गर्ने संस्थाहरूसँग समन्वय गरी आवास तथा गैरखाद्य सामग्रीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, जिल्लाको खाद्य क्षेत्र, नेरेसो, गैसस | २ दिनभित्र |
| ६ | आवश्यकता देखिएमा विस्थापितका लागि उनीहरूको प्रत्यक्ष सहभागितामा मापदण्डअनुरूप शिबिर स्थापना गरी विस्थापितलाई बसोवास गराउने | क्षेत्र प्रमुख | जिविव्यस, जिल्लाको आवास क्षेत्र, नेरेसो, गैसस, | ७ दिनभित्र |
| ७ | आवास तथा गैरखाद्य सामग्री वितरण प्रक्रियाको नियमित रुपमा अनुगमन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो, राजनीतिक संयन्त्र | शिबिर स्थापना भएदेखि |
| ८ | अन्य क्षेत्रसँग समन्वय गरी शिबिर व्यवस्थापन समिति | क्षेत्र प्रमुख | जिविव्यस, , नेरेसो | आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | गठन गरी काम गर्ने | | | देखिएमा |
| ९ | नियमित प्रतिवेदन तयार गर्ने र सम्बन्धित क्षेत्र, सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, स्थानीय तह नेरेसो | हप्ताको एक दिन |
| १० | जिल्ला विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्देशनअनुसार काम गर्ने र प्रभावितलाई सरकारले उपलब्ध गराउने निर्णय गरेका सहयोग उपलब्ध गराउने | क्षेत्र प्रमुख | जिविव्यस, सरकार, क्षेत्रका सदस्य, स्थानीय तह | नियमित रूपमा |

### ७.३.४ आपत्कालीन कार्यको लागि प्रतिकार्यका लागि पूर्वतयारी

आगलागीबाट उत्पन्न हुने विपद्को समयमा गर्ने आपत्कालीन कार्यको लागि निम्नअनुसार पूर्वतयारी गर्नु पर्नेछ :

| क्र.स. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | **पूर्वतयारी बैठक-** आगलागीको सन्दर्भमा माघ महिनाभित्र बैठक बसी आवश्यक छलफल र निर्णय गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, स्थानीय तह | माघको पहिलो साता |
| २ | स्थानीय तहका सरोकारवाला निकाय तथा संस्थाहरू र उपलब्ध हुन सक्ने स्रोतको सूची तयार गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, स्थानीय तह, नेरेसो, गैसस | माघको पहिलो साता |
| ३ | आपत्कालीन बसोवासको लागि सुरक्षित आश्रयस्थलको पहिचान गरी उपयोग गर्ने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो, स्थानीय तह | माघ मसान्त |
| ४ | आवास तथा गैर खाद्य सामग्रीको पूर्व बन्दोबस्त गर्ने *(अत्यावस्यक सामग्रीको भण्डारण, आपत्कालीन समयमा प्राप्त गर्न सकिने बजार र विक्रेताको सूची तयारी)* | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | माघ मसान्त |
| ५ | आगलागीको जोखिम कम भएको क्षेत्रमा सामुदायिक तथा आपत्कालीन आश्रयस्थल निर्माण गर्न पहल गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस, | वैशाख महिना |
| ६ | विस्थापित परिवारको लागि आश्रयस्थल बनाउन सकेसम्म स्थानीय स्रोतको पहिचान र प्राप्ती विधि तयार गर्ने वा त्रिपाल, त्यसको लागि आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धन आदिको व्यवस्था गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | माघ दोस्रो साता |
| ७ | जिविव्यस र जिल्ला स्थित अन्य सरोकारवालासँग समन्वय र सहयोगबाट स्रोतको परिचालन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, कार्यदल, स्थानीय तह | नियमित |
| ८ | क्षेत्रले गरेका कार्य र अन्य विषयमा प्रतिवेदन तयार गरी जिल्ला, केन्द्र र अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, कार्यदल र स्थानीय तह | नियमित |

## ७.४ खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन क्षेत्र

आगलागी र डढेलोबाट खानेपानी वितरण प्रणाली तथा स्रोतमा क्षति पुग्ने सम्भावना पनि हुन्छ । त्यस अवस्थामा शुद्ध खानेपानीको अभाव हुन्छ । शौचालय आदि नष्ट भएर खुला शौचको अवस्था उत्पन्न हुनुको साथै आगलागी प्रभावित क्षेत्रमा अन्य प्रकारका स्वास्थ्य समस्या उत्पन्न हुने सम्भावना रहन्छ । विपद् प्रभावित क्षेत्रमा शुद्ध खानेपानी र सरसफाइसम्बन्धी मानवीय सहयोग उपलब्ध गराउनु यस क्षेत्रको कार्य हो ।

### ७.४.१ आगलागीको सम्भावित परिदृश्य

- आगलागीले खानेपानीका स्रोत र शौचालय क्षतिग्रस्त भएका हुनसक्नेछन् ।
- विस्थापितलाई अस्थायी रूपमा गाउँका विद्यालय, मन्दिर वा सार्वजनिक भवनमा राख्नु पर्ने हुनसक्छ ।
- सार्वजनिक स्थान अस्थायी आवासको लागि प्रयोग हुँदा सरसफाइमा समस्या उत्पन्न भएर जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ ।

प्र. प्रमुख जिल्ला अधिकारी

- आगलागीमा परेर मानिस घाइते भएका हुनेछन् र परिवारको विछोडबाट प्रताडित हुनेछन् ।

### ७.४.२ विशेष ध्यान दिनु पर्ने पक्ष :

- आगलागीबाट विस्थापित विशेषगरी गर्भवती र सुत्केरी महिला, अशक्त तथा बुढावुढी र बिरामीको सरसफाइप्रतिको धारणामा परिवर्तन लयाउने विधि र उपाय ।
- अस्थायी बसोबास भएको क्षेत्र वा स्थापित शिबिरको भौगोलिक अवस्था, खाने पानीको प्रबन्ध, ढल निकास र सरसफाइको अवस्था र आवश्यकता पहिचान ।
- व्यक्तिगत, पारिवारिक तथा सामुदायिक सरसफाइका बानीव्यवहार र त्यसमा परिवर्तन ल्याउन अपनाउनु पर्ने उपायको पहिचान ।

### ७.४.३ क्षेत्रगत योजनाको उद्देश्य

आगलागीबाट विस्थापित तथा सम्भावित महामारीबाट प्रभावित समुदायलाई स्वास्थ्य रहन पाउने नैसर्गिक अधिकारको रक्षा गर्दै स्वच्छ खाने पानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन र सेवाको व्यवस्था गर्नु यस क्षेत्रको उद्देश्य हुनेछ ।

### ७.४.४ आपत्कालीन समयको लागि कार्ययोजना

खाने पानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्रले आगलागी गएको क्षेत्र तथा विस्थापित बसोवास गरेको क्षेत्रमा निम्नअनुसार आपत्कालीन सहयोग परिचालन गर्नेछ :

| क्र.स. | आपत्कालीन प्रतिकार्य योजना | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आगलागी प्रभावितको सङ्ख्या, आश्रयस्थल र त्यहाँको खानेपानी, ढलनिकास, शौचालय र सरसफाइको अवस्थाको लेखाजोखा गर्ने | क्षेत्र प्रमुख | क्षेत्रगत सदस्य, स्वास्थ्य कार्यकर्ता, स्थानीय तह, नेरेसो, | आगलागी आएको २४ घण्टाभित्र |
| २ | खानेपानी, सरसफाइसम्बन्धी संरचनाको क्षतिको तथ्याङ्क सङ्कलन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह | २ दिनभित्र |
| ३ | विस्थापितको सङ्ख्या र खाने पानीको शुद्धता हेरी पानी प्रयोग गर्ने सामग्री र पानी शुद्धीकरण औषधि उपलब्ध गराउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस, स्थानीय तह | ३ दिनभित्र |
| ४ | पानी शुद्धीकरणका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जिस्वाका, स्थानीय तह, , गैसस, | ३ दिनभित्र |
| ५ | व्यक्तिगत तथा पारिवारिक सरसफाइका लागि मापदण्ड अनुसारको हाइजिन कीट उपलब्ध गराउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, स्थानीय तह, , गैसस, स्वयंसेवक | ५ दिनभित्रमा |
| ६ | महिला र पुरुषको लागि मापदण्डअनुरूप शौचालयको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, गैसस, स्वयंसेवक | एक हप्ताभित्र |
| ७ | खानेपानी शुद्धीकरण, सरसफाइ र स्वास्थ्यसम्बन्धी अभिमुखीकरण गर्ने | स्वास्थ्य स्वयंसेविका | जिविव्यस, , गैसस, | ७ दिनभित्र |
| ८ | प्रतिवेदन तयार गरी जिविव्यस र सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, गैसस, स्थानीय तह, | आवश्यकताअनुसार |
| ९ | कार्यको प्रतिवेदन तयार गरी जिविव्यस र सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | नियमित रूपमा |

प्र. प्रमुख जिल्ला अधिकारी

७.४.५ आपत्कालीन कार्यको लागि प्रतिकार्यका लागि पूर्वतयारी

उल्लिखित आपत्कालीन कार्यको लागि यस क्षेत्रले निम्नअनुसार पूर्वतयारी गर्नु पर्नेछ :

| क्र.स. | पूर्वतयारीसम्बन्धी गतिविधि | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | आगलागीको सन्दर्भमा पूर्वतयारी बैठकको आयोजना गरी सरोकारवाला र उपलब्ध स्रोतको सूची तयार गर्ने | क्षेत्र प्रमुख | नेरेसो, स्वास्थ्य स्वयंसेवक, स्थानीय तह | माघको पहिलो साता |
| २ | खानेपानी शुद्धीकरण गर्ने औषधिको सूची बनाउने र जिस्वाका, विजस्वाकासँग पूर्व बन्दोवस्तको लागि आग्रह गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, क्षेत्रका सदस्य, स्थानीय तह, नेरेसो | माघको दोस्रो साता |
| ३ | खानेपानी, सरसफाइ र स्वास्थ्य प्रबर्द्धनका लागि बनेको समूहलाई आगलागीको सन्दर्भमा परिचालन हुने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | जिविव्यस, नेरेसो, गैसस, खापाडिका | माघको दोस्रो साता |
| ४ | आगलागीको सम्भावना रहेका क्षेत्रका खानेपानीका मुहान तथा धारा वितरण प्रणालीमा सुधार र संरक्षण गर्न लगाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, खापाडिका, स्थानीय तह, गैसस, | माघको दोस्रो साता |
| ५ | आश्रयस्थमा आवश्यक पर्ने धारा, शौचालय निर्माण र सरसफाइसम्बन्धी सामग्रीको पूर्व बन्दोवस्तको लागि जिविव्यस र जिल्ला स्थित क्षेत्रसँग अनुरोध गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सदस्य, नेरेसो, गैसस | माघ मसान्त |
| ६ | तालिम प्राप्त स्वास्थ्य कार्यकर्तालाई कार्य गराउने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, नेरेसो, गैसस, | निरन्तर |
| ७ | सरसफाइसम्बन्धी ज्ञानमूलक पोस्टर, पर्चा तथा सामग्री सङ्कलन गरी स्वास्थ्य स्वयंसेविकामार्फत सङ्कटासन्न क्षेत्रलाई प्राथमिकता दिँदै जनचेतना अभिवृद्धि गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, स्थानीय तह, नेरेसो, गैसस | माघ दोस्रो साता र नियमित |

### ७.५. स्वास्थ्य तथा पोषण क्षेत्र

स्वास्थ्य तथा पोषण क्षेत्रले आगलागी प्रभावित क्षेत्र र प्रभावित समुदायमा कार्य गर्नु पर्नेछ भने पूर्वतयारीसमेत त्यसै अनुसार गर्नु पर्नेछ। ।

### ७.६. संरक्षण क्षेत्र

संरक्षण क्षेत्रको प्रमुख कार्य प्रभावित व्यक्ति तथा परिवार र समुदायमाथि अप्रिय व्यवहार हुन नपाओस् भनेर संरक्षणका कार्य सञ्चालन गर्ने हो । यस क्षेत्रले अन्य विपद्को सन्दर्भमा उल्लेख भएका आपत्कालीन प्रतिकार्य योजना र पूर्वतयारीबाट नै आगलागी प्रभावित क्षेत्रका लागि जिल्ला विपद् व्यवस्थापन समितिसँग कार्य गर्न सकिने भएकोले सोहीअनुसार काम गरिनेछ।

### ७.७. शिक्षा क्षेत्र

बाढी, भूकम्प वा हुरीबतासले जस्तो आगलागीबाट विद्यालय र पठनपाठनमा पर्ने प्रभावको सूचक बनाई सोहीबमोजिम कार्य गर्नु पर्नेछ।

प्रमुख जिल्ला अधिकारी

परिच्छेद : ८

# आवश्यकताको लेखाजोखा

## ८.१. विषयगत स्रोत साधनको आँकलन

यस खण्डमा विपद प्रतिकार्यका समयमा आवश्यक स्रोत साधनको उपलब्धता र थप आवश्यकताको विवरण उल्लेख गरिएको छ

### ८.१.१ संमन्वय तथा सूचना क्षेत्रसँग रहेको विद्यमान श्रोत तथा क्षमताको विवरण

| क्र.स | कार्यालय/ संस्था | मानवीय श्रोत | वजेट | | हाल उपलब्ध सामग्री |
|---|---|---|---|---|---|
| | | | हालको मौज्दात | थप माग गरीएको | |
| १. | जिल्ला प्रशासन कार्यालय/ जि.आ.का.स.के | आवश्यक परेको समयमा २० मिनेट भित्र जिल्लाको जुनसुकै क्षेत्रमा पनि उद्धार कर्मी परिचालन गर्न सकिने । | | | सुरक्षा निकायलाई आपतकालिन खोज तथा उद्धारकार्यका लागि हस्तान्तरण गरीएको |
| २. | जिल्ला संमन्वय समितिको कार्यालय | गा.पा./न.पा. निर्वाचित पदाधिकारीहरुको नामावली तथा सम्पर्क नम्बर यसै योजनाको ३.७ (ग) मा उल्लेख गरीएको छ । | | | |
| ३. | जिल्ला प्रहरी कार्यालय | सूचना संजाल, इलाका प्रहरी कार्यालय तथा प्रहरी पोष्टहरुको सम्पर्क व्यक्तिहरुको नामावली र टेलीफोन नं. यसै योजनाको ३.७ (छ) मा उल्लेख गरिएको छ | | | संचार सेट |
| ४ | सशस्त्र प्रहरी बल | सशस्त्र प्रहरी बलको युनिटहरुको सम्पर्क व्यक्तिहरुको नामावली र टेलीफोन नं. यसै योजनाको ३.७ (ज) मा उल्लेख गरिएको छ | | | संचार सेट |
| ५ | नेपाली सेना | नेपाली सेनाको सम्बन्धित कार्यालय र सर्म्पक बिबरण यसै योजनाको ३.७ (च) मा उल्लेख गरिएको छ । | | | संचार सेट |

### ८.१.२ खोज तथा उद्धार क्षेत्रसँग रहेको विद्यमान स्रोत तथा क्षमताको विवरण :

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी तथा समाज स्पर्श समिति लगायतका संस्थाहरुसंग
भएको खोज तथा उद्धार सामग्रीहरुको सूची यसै योजनाको ८.२ मा उल्लेख गरिएको छ । हाल विभिन्न ईलाकामा उपलब्ध
सामग्री र आगामी दिनका लागि थप आवश्यक सामग्रीहरुको सूची उक्त खण्डमा उल्लेख गरिएको छ ।

### ८.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रसँग रहेको विद्यमान स्रोत तथा क्षमताको सूची

| क्र.सं. | साझेदारको नाम | स्वास्थ्य संस्था, औषधी, स्वास्थ्य सामग्री | जनशक्ति | कै. |
|---|---|---|---|---|
| १ | स्वास्थ्य कार्यालय | • चैनपुर, ताम्कु, वाना र नुममा गरी ४ वटा प्राथमिक स्वास्थ्य केन्द्रहरु ।<br>• मादि नगर अस्पताल( १<br>• किमाथांका, हटिया, चेपुवा, पावाखोला, पाथिभरा, मकालु, | • स्वास्थ्य चौकीमा करिव २१६ जना, प्राथमिक स्वास्थ्य केन्द्र र नगर अस्पतालमा गरी ५८ जना । जसमा डाक्टरको संख्या ४ | |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | वाला, सिसुवा, माङ्तेवा, याफु, दिदिङ, सित्तलपाटी, मत्स्यपोखरी, बाह्रबिसे, धुपु, सभापोखरी, पाङ्मा, मनकामना, माल्टा, तुम्लिङटार, जलजला, स्यावुन, वानेश्वर, खराङ, सिद्धकाली, सिद्धपोखरी, नुनढाकी, मावादिन, मूलखर्क, तामाफोक, मार्मलिङ, आँखिभूईं समेतमा ३३ वटा स्वास्थ्य चौकीहरु ।<br>• नेपाल सरकार स्वास्थ्य मंन्त्रालयले स्थानीय स्वास्थ्य संस्थाबाट निशुल्क बितरण गरीने औषधीहरु । (प्रास्वाकेबाट ५८ प्रकारको र स्वास्थ्य चौकीबाट ३५ प्रकारको)<br>• जिल्ला भित्र खाँदवारी र अन्य पालिकामा गरी प्रा स्वा केमा २० वटा बेड र निजि अस्पालमा ४५ बेड उपलब्ध छन् ।<br>• आधारभूत स्वास्थ्य सेवा केन्द्र ३४ वटा<br>• शहरी स्वास्थ्य केन्द्र -१३<br>• सामुदायिक स्वास्थ्य इकाइ/शहरी स्वास्थ्य केन्द्र ३९ वटा | रहेको छ ।<br>• महिला स्वास्थ्य स्वयंसेविका ३२७ जना ।<br>• स्वास्थ्य कार्यालयमा प्रमुख तथा कर्मचारीहरुको संख्या १२ मा १० जनाको मात्र आपूर्ति छ । | |
| २ | जिल्ला अस्पताल, खाँदबारी | • जिल्ला सदरमुकाम खाँदवारीमा एक जिल्ला अस्पताल रहेको छ । जसमा ५० बेड स्वीकृत भएको भएतापनि हाल भवनको अभावका कारण ३८ बेडमात्र चालु रहेका छन् । | • १३ जना डाक्टरको स्वीकृत दरवन्दीमा हाल विशेषज्ञ सेवासहित ७ जनाको आपूर्ति रहेको छ भने जम्मा ५९ जनाको दरबन्दि रहेको छ । | |
| ३ | नीजि अस्पतालहरु | • ३ वटा नीजि अस्पतालहरु खाँदबारी नगरपालिकामा र चैनपुर,नगरपालिकामा पोलीक्लिनिकहरु १ वटा रहेको छ । नीजि अस्पताल र पोलिक्लिनिकहरुमा गरी वेड संख्या ५० को संख्यामा रहेको छ । | पोलीक्लिनीकमा १० जना र अस्पतालमा १५ जनाका दरले ५५ जना जनशक्ति रहेको छ । | |

## ८.१.४ संरक्षण क्षेत्रसँग रहेको विद्यमान श्रोत तथा क्षमताको सूची

| क.स | कार्यालयहरु | हाल उपलब्ध हुन सक्ने क्षमता | | | थप आवश्यक सामग्रीहरुको आकलन | | |
|---|---|---|---|---|---|---|---|
| | | मानवीयश्रोत | बजेट रु. | सामग्री | मानवीय श्रोत | बजेट रु. | सामग्री |
| १ | जिल्ला समन्वय समिति | | आवश्यकता अनुसार स्थानीय तहहरुसंग समन्वय गरेर व्यवस्था गर्न सकिने ।<br>अलग्गै बजेट विनियोजन नभएको । | मौज्दात नभएको | | | |
| २ | स्थानीय तहहरु | | आवश्यकता अनुसार व्यवस्था गर्न सकिने । | मौज्दात नभएको | | | |
| ३ | सुरक्षा निकायहरु | अनुसूचीमा उल्लेख छ । | विनियोजन नभएको | मौज्दात नभएको | | | |

## ८.१.५ शिक्षा क्षेत्रसँग रहेको विद्यमान स्रोत तथा क्षमताको सूची

| क.सं. | साझेदारको नाम | सामग्री | जनशक्ति | आकस्मिक कोष | कै. |
|---|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा संमन्वय इकाई | व्यवस्था नभएको | व्यवस्था नभएको | व्यवस्था नभएको | |
| २ | समाज स्पर्श समिति | आवश्यकता अनुसार समन्वय गरी | | | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवस्था गरिने | | | |
| ३ | युनाइटेड वर्ल्ड स्कूल | आवश्यकता अनुसार समन्वय गरी व्यवस्था गरिने | | | |
| ४ | युनेस्को | भौतिक संरचना तथा सहयोगी सामग्री | | संयुक्त कोषको व्यवस्था | |
| ५ | विश्व बैंक | | | आर्थिक डालो प्रणाली | |
| ६ | जाईका | | | आर्थिक डालो प्रणाली | |
| ७ | डेनिडा | | | आर्थिक डालो प्रणाली | |
| ८ | आरआरएन | विद्यालय भवन, फर्निचर | | | |
| ९ | कुनिना | विद्यालय भवन, छात्रबृत्ति | | | |
| १० | भोटिया ल्होमी समाज | | | | |
| ११ | मनराम फाउण्डेशन, वेलफेयर | | | | |

**८.२ बन्दोवस्तीका सामग्रीहरुको आँकलन तथा अन्य थप आवश्यकताहरु :**

**८.२.१ नेपाल रेडक्रस सोसाइटीसंग रहेको बिपद् व्यवस्थापनको लागि मौज्दात राहत तथा अन्य सामग्रीहरुको विवरण (८० परिवारलाई पुग्ने राहत सेट (गैर खाद्य) सामान तयारी अवस्थामा छ)**

| सि.नं. | सामानको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | कम्बल | २०० थान | १ परिवारलाई २ थान |
| २ | तारपोलिन पाल | ८० थान | १ परिवारलाई १ थान |
| ३ | भाँडा सेट | ८० थान | १ परिवारलाई १ थान |
| ४ | प्लाष्टिक बाल्टी २० लि. | ८० थान | १ परिवारलाई १ थान |
| ५ | बुट्टे कपडा | ५६० मिटर | १ परिवारलाई ७ मिटर |
| ६ | टेरि कटन कपडा | ३२० मिटर | १ परिवारलाई ४ मिटर |
| ७ | सादा कपडा | १६० मिटर | १ परिवारलाई २ मिटर |
| ८ | सुटिङ कपडा | २८० मिटर | १ परिवारलाई ३.५ मिटर |
| ९ | साडी | ८० थान | १ परिवारलाई १ थान |
| १० | प्लाष्टिक बोरा | ८० थान | १ परिवारलाई १ थान |
| ११ | प्लाष्टिक डोरी ५ मिटरवाला | ८० थान | १ परिवारलाई १ थान |
| १२ | ल्याडर | १ थान | |
| १३ | हेल्मेट | २० थान | |
| १४ | सेल्टर किट (डोरी, बेल्चा, फरुवा, काटी, हम्बर, आरी, रेञ्च) | १० थान | |
| १५ | स्ट्रेचर | ८ थान | |
| १६ | टेण्ट | २ थान | |
| १७ | प्राथमिक उपचार | १ सेट | |
| १८ | म्याटरेस | ८० थान | १ परिवारलाई १ थान |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय संखुवासभा

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| १९ | स्वास्थ्य सरसफाई प्रवर्द्धन झोला( डिगनिटी किट) | ५० सेट | १ परिवारलाई १ थान |

८.२.२ जिल्ला प्रहरी कार्यालय अन्तर्गत जिल्लाका विभिन्न स्थानीय तहमा रहेको इकाईहरुको विपद व्यवस्थापनमा आवश्यक सामग्रीहरुको मौज्दात विवरण :

**जिल्ला प्रहरी कार्यालय संखुवासभा तथा मातहत समेतमा हाल मौजाद रहेको विपद उद्दार सामाग्रीहरुको विवरण**

| सि.नं | कार्यालयको नाम | विपद उद्दार सामाग्रीको नाम | संख्या | कै |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय संखुवासभा | फायर एक्सटिङग्युसर | ४ | |
| | | स्ट्रेचर | ६ | |
| | | चेन स मेसिन | २ | |
| | | बेल्चा | १९ | |
| | | गैती | २२ | |
| | | झम्पल | १२ | |
| | | टेण्ट | २ | |
| | | हेल्मेट | २० | |
| | | लाईफ ज्याकेट | २० | |
| | | फायर स्वाटर | १५ | |
| | | एक्स होइ | १ | |
| | | दाँते | १० | |
| | | वाटर ब्यागप्याक | २ | |
| | | वन्यजन्तु उद्दार खोर | २ | |
| | | पन्जा | १० | |
| | | जमसुट | १० | |
| | | हाते आरी | २ | |
| | | आल्मुनियम भऱ्याङ | १ | |
| | | फलामको बाल्टी | ६ | |
| | | फरुवा कोदालो | ५ | |
| | | टिन काटने फलामे कैची | १ | |
| | | तामाको गाग्री | २ | |
| | | जंगली जनावर पिन्जडा | २ | |
| | | फायर बल | २ | |
| २ | इ.प्र.का. चैनपुर, संखुवासभा | बेल्चा | थान २ | |
| | | बाल्टी | थान-२ | |
| | | झम्पल | थान-२ | |
| | | सेफ्टी हेल्मेट | थान-२ | |
| | | ABC ग्यास | थान-६ | |
| | | डोरी | २ बण्डल | |
| | | स्टेचर | थान-२ | |
| | | पाल | थान-२ | |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | फरुवा | थान-२ | |
| | | गैति | थान-४ | |
| | | लाईफ ज्याकेट | थान-७ | |
| ३ | इ.प्र.का. वाना संखुवासभा | बन्चरो | ३ थान | |
| | | बेल्चा | ८ थान | |
| | | गैति | ८ थान | |
| | | कोदालो | ३ थान | |
| | | स्टेचर | १ थान | |
| | | गम्बुट | १३ थान | |
| | | चेम्सो मेशिन | १ थान | |
| | | पानी वर्षादी | १३ थान | |
| | | बिना दापको खुकुरी | २ थान | |
| | | हेल्मेट | १७ थान | |
| | | त्रिपाल | ५ थान | |
| | | झ्याम्पल | ३ थान | |
| | | फायर कन्ट्रोल ग्यास सि. | ३ थान | |
| | | ड्रिल मेशिन | ३ थान | |
| | | २५ mm को कालो पाइप | ४०० मि. | |
| | | प्लाष्टिक बाल्टिन | ३ थान | |
| ४ | इ.प्र.का. हेदाङ्ना, संखुवासभा | गैती | ३ थान | |
| | | फरुवा | ३ थान | |
| | | बेल्चा | ४ थान | |
| | | ग्यास पाउडर | १ थान | |
| | | स्टेचर | १ थान | |
| | | झम्पल | ३ थान | |
| ५ | इ.प्र.का. हटियागोला, संखुवासभा | लाईफ ज्याकेट | ३ थान | |
| | | झम्पल | १ थान | |
| ६ | इ.प्र.का. किमाथांका, संखुवासभा | कोदालो | १ थान | |
| | | बेल्चा | १ थान | |
| ७ | इ.प्र.का. याफू, संखुवासभा | बेल्चा | ३ थान | |
| | | झम्पल | ४ थान | |
| | | फायर एक्सटिङग्युसर | १ थान | |
| ८ | इप्रका आँखिभुई संखुवासभा | बारुण बाल्टी | थान-३ | |
| | | बेल्चा | थान-४ | |
| | | सेफ्टि हेल्मेट | थान-४ | |
| | | जमसुट | थान ५ | |
| | | वाटर ब्याक प्याक | थान ३ | |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | पञ्जा | थान ५ | |
| | | हेल्मेट | थान ५ | |
| | | पानिको बोतल | थान ४ | |
| | | Rake Hoe | थान ५ | |
| | | Rake | थान ५ | |
| | | सेफ्टी जुत्ता | थान २ | |
| | | अग्नी स्वाटर | थान ५ | |
| | | गैती | थान-४ | |
| | | डोरी | थान-१ | |
| | | स्ट्रचेर | थान-१ | |
| | | झम्पल | १ थान | |
| | | Fire extingulsner | थान-२ | |
| ९ | इप्रका गुफापोखरी संखुवासभा | झम्पल | थान-१ | |
| | | Fire extingulsner | थान-१ | |
| | | बेल्चा | थान-२ | |
| १० | प्रचौ खराङ संखुवासभा | फरुवा | थान-१ | |
| | | Fire extingulsner | थान-१ | |
| ११ | प्रचौ टुटेदेउराली संखुवासभा | स्टेचर | थान-१ | |
| | | Fire extingulsner | थान-१ | |
| | | बेल्चा | २ थान | |
